वर्ष : १४, अंक : १४, काठमाडौं, २०७५ साउन ४ गते शुक्रबार 20 July 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## मधेशमा रेलमार्गको धमाधम तयारी



काठमाडौं । बर्दिबास-सिमरा खण्डको कूल १०८ किलोमिटर रेलमार्गमध्ये हालसम्म २७ किलोमिटर खण्डमा निर्माण सकिने क्रममा छ । सो मार्गमा ५८ लाख ५२ हजार ४६१ घनमिटर पुर्ने काम सम्पन्न भइसकेको छ । बाँकी ४० किलोमिटर रेलमार्गको निर्माण पनि आर्थिक वर्ष २०७५/७६ भित्रै शुरू गर्ने लक्ष्य राखिएको छ । सो रेलमार्ग निर्माण गर्न रू ७० अर्ब ९७ करोड ९३ लाख ५९ हजार आवश्यक पर्छ । सो रेलमार्गको चार हजार ६३४ मिटर बराबरको पुल निर्माण सम्पन्न भएको छ, कल्भर्ट र जनावर मार्ग २४० वटा र विद्युतीय संकेत प्रणालीसमेत जडान भएको छ । सिमरा-बर्दिबास खण्डका आठ पुलको ठेक्का सम्झौता भएको र दुई पुलको ठेक्का मूल्यांकनको चरणमा छ ।

यस्तै जयनगरदेखि विजलापूरा ५२ किलोमिटर खण्डमा निर्माण चालु छ । सो रेलमार्गको जनकपुर-कुर्था खण्डको ३५ किलोमिटर खण्ड आगामी मंसिर अन्तिम सातासम्म सञ्चालनमा आउनेछ । जोगबनी-विराटनगर रेल आयोजनाको बथनाहा-विराटनगर भन्सार खण्डको आठ किलोमिटर रेलमार्ग सन् २०१९ भित्रै स्पन्न गर्ने लक्ष्य राखिएको छ । विराटनगर स्टेशन क्षेत्रको मुआब्जा विवाद अदालतमा विचाराधीन रहेकाले निर्णय हुन सकेको छैन । यस्तै भैरहवा र नेपालगञ्जमा पनि रेलमार्ग निर्माणको काम शुरू भएको छ । रेलमार्गका लागि आवश्यक पर्ने बजेटको तुलनामा कम मात्रै बजेट प्राप्त भएका कारण निर्माणमा समस्या देखिएको छ । यस्तै काठमाडौं-वीरगञ्ज रेलमार्गको अध्ययन जारी छ । सो रेलमार्ग १०० किलोमिटर हुनेछ । केरूङ-काठमाडौं- पोखरा-लुम्बिनी रेलमार्गको पनि प्रारम्भिक अध्ययन भएको छ । सो रेलमार्गको लम्बाइ कूल ३९५ किलोमिटर हुनेछ । यस्तै निजगढ-हेटौँडा-भरतपुर रेलमार्गको सम्भाव्यता अध्ययन भइरहेको छ । एक सय ३६ किलोमिटरको सो रेलमार्गलाई वैकल्पिक रेलमार्गका रूपमा लिइएको छ ।

## डा केसीको माग सम्बोधन गर : राजपा

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले अनशनरत चिकित्सक डा गोविन्द केसीको जीवन रक्षा र जायज माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले एक विज्ञप्ति जारी गर्दै चिकित्सा क्षेत्रमा सुधारका लागि विभिन्न माग राखी लामो समयदेखि आमरण अनशनरत डा केसीको जीवन रक्षाका लागि गम्भीर हुन सरकारलाई आग्रह गरेका हुन ।

‘डा केसीका सबै विचारसँग सहमत हुन आवश्यक छैन तर जनताको बाँच्न पाउने अधिकार र सत्याग्रहको संस्कृतिको सम्मान सरकारको प्राथमिक उत्तरदायित्व हो’ विज्ञप्तिमा भनिएको छ ।

# ‘मलेठ घटनासम्बन्धी प्रतिवेदन पूर्वाग्रही’

● आयोगको प्रतिवेदनको मधेशमा चौतर्फी विरोध ● प्रतिवेदनमा सुरक्षाकर्मीको बचाउ ● प्रदेश सरकारले उच्चस्तरीय छानविन आयोग गठन गर्नुपर्ने माग

**मधेशवाणी डेस्क**

काठमाडौं । पाँच जनाको ज्यान जानेगरी सप्तरी जिल्लाको मलेठमा भएको घटनाको मुख्य दोषी तत्कालीन एमाले र मधेशी मोर्चा रहेको निष्कर्ष उच्चस्तरीय छानविन समितिको प्रतिवेदनले देखाएको छ ।

२०७३ फागुन २३ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा आन्दोलित रहेका बेला तत्कालीन नेकपा एमालेले राजविराजभन्दा तीन किलोमिटर उत्तरमा रहेको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा स्थानीय निकायको चुनावकेन्द्रित आम सभा गरेको थियो ।

२०७३ फागुन २१ गते देखि एमालेले थालेको मेची-महाकाली जागरण अभियानका क्रममा पर्सिपल्ट २३ गते सप्तरी पुगेका अध्यक्ष केपी ओलीलगायतका नेता कार्यक्रममा सहभागी हुँदै गर्दा मलेठ घटना भएको थियो । नेपाल प्रहरी र सशस्त्रको गोलीले सञ्जन मेहता, पीताम्बरलाल मण्डल, आनन्द साह, वीरेन्द्र महतो र इनरदेव यादवको ज्यान गएको थियो । घटनामा ३५ प्रदर्शनकारी र सर्वसाधारण घाइते भएका थिए भने नेपाल प्रहरीका १६ र सशस्त्र प्रहरीका १७ गरी ३३ सुरक्षाकर्मी घाइते भएका थिए ।

सार्वजनिक गरिएको उक्त प्रतिवेदनमा भनिएको छ, ‘मलेठ घटनाको पनि सर्वपक्षीय विश्लेषण गर्दा फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझावविपरीत औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्ने कटिबद्ध भई त्यहाँ जाईलाग्ने प्रदर्शनकारीहरूको अगुवाई गर्ने सप्तरी जिल्लाको मधेशी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ ।’

मलेठ घटनाको छानविनका लागि राष्ट्रिय मानवअधिकार आयोगले २०७३ चैत ३१ गते घटनाका सम्बन्धमा अनुसन्धान गर्न एक उच्चस्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो । सोही बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीश ताहिर अली अन्सारीको संयोजकत्वमा फरेन्सीक विशेषज्ञ डा.हरीहर वस्ती, राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृतद्वय मन्जु खतिवडा र जीवन न्यौपाने सदस्य रहेको उच्चस्तरीय छानविन समिति बनाइएको थियो ।

समितिको सुझावमा भनिएको छ, ‘मलेठ प्रशासनको विरोधमा वा नेपाल सरकारले नेपालको कुनै भागमा कुनै कारवाही गरेको वा कुनै नीति वा कार्यक्रमको विरोधमा छैन । त्यो प्रदर्शन शुद्ध र स्पस्ट रूपले एउटा राजनीतिक दलविरूद्धको प्रदर्शन मात्र हो ।’

यसबाट शिक्षा लिएर भविष्यमा यस्तो घटना हुन नदिनेतर्फ सरकार, स्थानीय प्रशासन र सम्बद्ध राजनैतिक दलहरू पूर्ण रूपले प्रतिवद्ध हुनु जरूरी रहेको प्रतिवेदनमा सुझाव दिइएको छ ।

**चौतर्फी विरोध**

आयोगको प्रतिवेदनको मधेशमा चौतर्फी विरोध भएको छ । प्रतिवेदन पूर्वाग्राही रहेको र यसले सरकारको बचाउ गर्न आधारहीन तथा तथ्यहीन कुराहरू राखिएको भन्दै मधेशमा व्यापक विरोध हुन थालिएको छ ।

राष्ट्रिय जनता पार्टीले पनि आयोगको प्रतिवेदनप्रति असन्तुष्टि जनाउँदै विरोध गरेको छ । पीडकमाथि कुनै किसिमको कारवाहीको सिफारिस नगरिएको र पीडितलाई न्याय दिलाउन सक्ने अवस्था नरहेको भन्दै आयोगको प्रतिवेदनको आलोचना गर्नुका साथै प्रतिवेदन पूर्वाग्रही रहेको भन्दै राजपाले सच्याउन माग गरेको छ ।

यस्तै, तराई मानवअधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स) तथा जवाफ देहिता निगरानी समितिलगायतले पनि प्रतिवेदनको विरोध गरेका छन् ।

**एकांगी प्रतिवेदन**

प्रतिवेदनले घटनाको मुख्य दोषी मधेशी जनता र मधेशी मोर्चालाई देखाइएको छ । प्रतिवेदनमा भनिएको-‘मधेशी जनताले प्रर्दशन गर्न लाठी भाला प्रयोग गरेका थिए ।’ जबकी प्रर्दशनकारीले कुनै पनि प्रकारको हतियार बोकेका थिएनन । उनीहरूले प्रतिवेदनमा दाबी गरिएजस्तै भाला प्रयोग गरेका थिएनन । घटनालाई एउटा विशेष घटनाको रूपमा लिन सकिन्छ किनभने त्यहाँ कुनै स्थानीय वा राष्ट्रिय विवादित बिषयमा एकतर्फी वा दुई पक्षीय जुलुस छैन । प्रदर्शनकारीहरूले राज्य वा सरकारसँग कुनै माग राखेको र त्यो पूरा नभएबाट जुलुस निस्केको पनि छैन । अर्थात् मधेशी मोर्चाको प्रदर्शन राज्य वा सरकारको विरोधमा वा स्थानीय आयोगले यस सम्बन्धमा कुनै प्रमाण पेश गर्न सकेको छैन । यस्ता त्रुटीपूर्ण र सअंगत तथ्यहरूले प्रतिवेदन भरिएको छ ।

**अर्को उदाहरण लिउँ-**

प्रतिवेदनले भन्छ- प्रदर्शनकारीहरूले पानीको फुहरा हान्न ल्याएको दमकल पनि तोडफोड गरेका थिए जबकी घटनास्थलमा दमकल गएकै थिएन ।

प्रहरीले बल प्रयोग गर्दा सबै पक्रियाहरू अबलम्बन गरेको थियो । अन्त्यमा कुनै सिप नलागे पछि ‘केही मधेशी जनताहरू’ कार्यक्रमस्थलमा प्रवेश गर्न लाग्दा धेरै मानवीय क्षति नहोस भनेर सस्त्र प्रहरीले गोली चलाएको थियो । अब प्रश्न उठ्छ प्रतिवेदनले भने जस्तै ‘केही मधेशी जनताहरू’ प्रवेश गर्दैमा गोली चलाउने अवस्था आउँछ ? नेपाल प्रहरी यति कमजोर त छैनन कि ‘केही मधेशी जनताहरू’ आउँदैमा गोली नै चलाउनु पर्छ । जबकी प्रदर्शनकारीलाई प्रहरीले टाउको र छाति ताकेर गोली हानेका हुन । यस्तो अवस्था सृजना कसरी भयो र गोली चलाउने बाध्यात्मक अवस्था थियो वा थिएन भन्ने बारे प्रतिवेदनले स्पष्ट गर्न नसक्दा यो आफैमा अपूर्ण र एकपक्षीय छ ।

**अर्को उदाहरण हेरौं-**

सुरक्षाकर्मीको हबाला दिदै प्रतिवेदनमा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रको पर्खाल नाघ्न खोज्दा गोली चलाइएको भनिएको छ । तर मृतकहरूलाई कुन स्थानमा गोली हानिएको अथवा कार्यक्रमस्थलबाट कति टाढा रहेका प्रदर्शनकारीलाई गोली हानिएको उल्लेख छैन । यसबाट के सावित हुन्छ भने सुरक्षाकर्मीले उपलब्ध गराएको तथ्यांक र बयानका आधारमै प्रतिवेदन तयार पारिएको देखिन्छ । कानुन विपरीत छाती र टाउकोमा गोली हानेको विषयमा प्रतिवेदनले प्रहरीलाई दोषी देखाएको छैन । जबकी घटनामा मधेशी मोर्चालाई मुख्य दोषी मानिएको छ भने एमालेलाई पनि दोषी करार गरिएको छ । सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी अनुकुल गोली चलाएको बताएर प्रतिवेदन उसको बचाउ गरेको स्पष्ट छ ।

हत्या जस्तो गम्भीर प्रकृतिको मानवअधिकार उल्लंघनको घटनामा देशको संवैधानिक निकायको रूपमा रहेकोमा मानवअधिकार आयोगले गैरजिम्मेवारीपूर्ण तरिकाले प्रतिवेदन सार्वजनिक गर्नु आफैमा हास्यास्पद कदम हो । यसले आयोगको निश्पक्षता र विश्वसनीयता माथि पनि प्रश्न उठाएको छ ।

घटनाको सूक्ष्म, निष्पक्ष तथा स्वतन्त्र रूपले अध्ययन अनुसन्धान गर्नुको सट्टा सरकारलाई रिझाउनकै लागि प्रतिवेदन ल्याएको भन्नेमा दुई मत छैन । प्रतिवेदनले सुरक्षा निकायको बचाउ गदै सबै दोष मधेशी जनतालाई देखाएको छ । यस्तै, प्रतिवेदन सत्य स्थापित गर्न पनि असफल भएको छ भने पीडितलाई न्याय र दोषीलाई कानुन बमोजिमको कारवाही गर्न पनि चुकेको छ ।

यद्यपी आयोगको प्रतिवेदनले सुरक्षा निकायको दोष तिनीहरूको जिम्मेवारीको अनुपातमा मात्र रहेको बताएर पन्छिएको जस्तो देखाएको छ ।

अर्को उदेक लाग्दो विषय के हो भने प्रतिवेदनले तात्कालीन मधेशी मोर्चालाई मुख्य दोषी र एमालेलाई दोषी देखाए पनि कारबाहीका लागि कसैलाई सिफारिश गरेको छैन ।

यद्यपी, यस्ता घटनाबाट शिक्षा लिएर भविष्यमा यस्तो घटना हुन नदिने तर्फ सरकार, स्थानीय प्रशासन र सम्बद्ध राजनीतिक दलहरू पूर्ण रूपले प्रतिवद्ध हुनु जरूरी रहेको प्रतिवेदनमा सुझाव दिइएको छ ।



*मलेठ घटनाको दृष्य : सुरक्षाकर्मीहरू (बायाँ) र गोली लागी मृत्यु भएका प्रदर्शनकारी (दायाँ) । फाइल फोटो ।*



महन्थ ठाकुर

**‘राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो विश्वसनियता र निष्पक्षता कायम राख्दै आफ्नो संवैधानिक दायित्व वमोजिम यस प्रतिवेदनलाई समुचित मूल्यांकन गरी परिमार्जन गरोस् ।’**

### प्रतिवेदनप्रति अन्सारीको फरक मत



मोहना अन्सारी

काठमाडौं । सप्तरीको मलेठ घटना सम्बन्धी राष्ट्रिय मानवअधिकार आयोग नेपालले सार्वजनिक गरेको प्रतिवेदनमाथि आयोगकै सदस्य मोहना अन्सारीले असहमति जनाएकी छिन् । प्रतिवेदनमा थुप्रै कमजोरीहरू भेटिएकोले अन्सारीले लिखित रूपमै असहमति पत्र आयोगमा दर्ता गराएकी हुन् ।

घटनाका मृतक पाँचै जनाको कम्मरमाथि गोली प्रहार गरिएको, कानुनले दिएको अधिकारभन्दा बाहिर गएर प्रहरीले बल प्रयोग गरेको अन्सारीको भनाइ छ । गोली चलाउने आदेश कसले दिएको भन्ने कुरा पनि प्रतिवेदनमा स्पष्ट नभएको र घटनाको दोषीका बारेमा प्रतिवेदनले स्पष्ट नबोलेको उनको तर्क छ ।

प्रतिवेदनको पूर्णपाठ पृष्ठ ५ मा

## ‘औषधिको गुणस्तरबारे अनुसन्धान हुनुपर्छ’



काठमाडौं । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले नेपालमा उपलब्ध औषधिको गुणस्तरको अनुसन्धान हुनुपर्ने बताएका छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बारे जानकारी लिँदै उनले एउटै रोगका कम्पनी पच्छि फरकफरक गुणस्तर भएका धेरै थरी औषधिले जनताको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारिरहेको हुँदा औषधिको गुणस्तरबारे अनुसन्धान हुनुपर्ने बताएका हुन् ।

उपप्रधानमन्त्री यादवले खाद्यपदार्थको गुाण्स्तर, त्यसले पारिरहेको असरबारे पनि अनुसन्धान गर्न निर्देशन दिए । उनले भने, “हालसम्म औषधिको गुणस्तरबारे प्रभावकारी अनुसन्धान भएको छैन, बाहिरबाट पनि गुणस्तर कम भएका औषधि आउँछन्, त्यसविषयमा परिषद्ले प्रभावकारी अनुसन्धान गर्नुपर्छ ।” सातै प्रदेशमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को एकाइ स्थापना गरी अनुसन्धानको दायरालाई फराकिलो र प्रभावकारी बनाउन पनि परिषद्लाई निर्देशन दिदैं मन्त्री यादवले यसका लागि मन्त्रालयले सहयोग गर्नेछ भने ।

नेपालको तराईमा विशेषगरी थारू समुदायमा मात्र देखिएको दुर्लभ रोग सिकलसेल एनिमियाबारे पनि अहिले भइरहेको अनुसन्धानलाई अझ प्रभावकारी बनाउन निर्देशन दिँदै उनले त्यस रोगको पहिचान, उपचार र काठमाडौंको प्रदुषणले पारेको असरबारे पनि अनुसन्धान हुनुपर्नेमा जोड दिए । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष डा अन्जनीकुमार झाले परिषद्ले हाल गरिरहेका कामबारे उपप्रधानमन्त्रीलाई जानकारी गराए । हाल परिषद्ले क्यान्सर रोगीको तथ्यांक संकलन, सिकलसेल एनिमियाबारे अनुसन्धान, विश्व स्वास्थ्य अनुसन्धान परिषद्को सिफारिसमा नसर्ने रोग मधुमेह, उच्चरक्तचाप, वायु प्रदूषणलगायतका अनुसन्धानात्मक काम गरिरहेको जानकारी दिँदै उनले सरकारले अनुसन्धानका लागि पर्याप्त स्रोतसाधन उपलब्ध गराउनुपर्नेमा जोड दिए ।



**सरकारलाई दिएको समर्थन फिर्ता हुन सक्छ**

महेन्द्र राय यादव



**असोजसम्म संविधान संशोधन हुन्छ**

राजेन्द्र श्रेष्ठ

अन्तर्वार्ता पृष्ठ ३ मा

समय-सन्दर्भ

राकेश प्रसाद चौधरी



# बिर्सिंदै छ सखरको गुलियोपन

**मधेशका बालबालिकामात्र नभई महिला तथा किशोरीमा रगतको कमी देखिने समस्या भएकोले पनि मिठ्ठाको महत्वबारे जान्न आवश्यक छ ।**

विद्यालयको छेउछाउमा रहेको पसलहरूमो स्वदेशी तथा विदेशी खाद्यपदार्थ बिक्री हुने गर्छ । चाउचाउ, बिस्कुट, दालमोठ, भुजियालगायतका सामान व्यापक मात्रामा बिक्री हुन्छ । थोरै ठाउँमा मात्रै मुरही कचरी र छोला मुरही पाइन्छ । यो अहिलेको अवस्था हो । केही वर्ष अगाडिसम्म विद्यालयको छेउछाउमा मिठ्ठाले बनाइएका हवामिठाई, छडी, कट्टा (मिठ्ठाको चकलेट) सँगै मुरही कचरी एवं छोला मुरहीको बिक्री हुने गर्दथ्यो । त्यस समयमा चिनी कटोराले मिठ्ठाबाट बनेको सामानहरूसँग प्रतिस्पर्धा गर्नु पदर्थ्यो । अर्थात केही वर्ष अगाडिसम्म चलेको चिनी र मिठ्ठा अर्थात सखरको प्रतिस्पर्धामा अन्तत: चिनीको साम्राज्य कायम भइसकेको छ ।

यो प्रसंग कोट्याउनुको मुख्य कारण मधेशका बासिन्दामा आइरन, क्याल्सियम, फासफोरस, भिटामिनको कमीले विभिन्न समस्या उत्पन्न हुने गरेको विभिन्न अध्ययनहरूले देखाएको छ ।

मधेशमा मनाइने छठ, होली, चौठीचाँद, माघे संक्रान्तिसहितका सम्पूर्ण पर्वमा मिठ्ठाको एकल राज्य थियो । चिनीले बनाइएका सामग्री प्रयोग गर्दा देवता रिसाउने कथन पनि बिस्तारै हराउन थालेको छ । माघे संक्रान्तिमा तिल, च्युरा र मुरहीको लड्डु र छठ पर्वमा अर्ध दिन बनाइने ठेकुवा र भुसवामा मात्र मिठ्ठाको प्रयोग हुने गरेको पाइन्छ ।

मधेशको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा प्रयोग हुँदै आएको मिठ्ठाको प्रयोग घट्न थालेसँगै यस क्षेत्रका बासिन्दामा आइरन, क्याल्सियम, फासफोरस, भिटामिनको कमी देखिन थालिएको छ । रातो ठरियालगायतको सागको सट्टा हरियो सागको प्रयोग पनि बढेको छ । रातो सागले पनि केही हदसम्म आइरन, क्याल्सियम, फासफोरस, भिटामिनको पूर्ती गर्छ ।

मिठ्ठा एवं चिनी उखुकै रसबाट बनाउने गरिन्छ । चिनी उद्योगको लागत करोडौंमा हुन्छ । मिठ्ठा उद्योगको लागत किसानको आवश्यकता अनुसार हुन्छ । चिनी उद्योगबाट किसानले रकम भुक्तानी पाउन आन्दोलन गर्नुपरेको छ । राज्यले किसान र उद्योगीबीच मध्यस्थता गर्नु परेको छ । राज्यले पनि मिठ्ठा उद्योगलाई बिर्सिसकेको छ । फाटफुट रूपमा उत्पादन हुने मिठ्ठा पनि अहिले दारू उत्पादनमा खर्चिने गरिएको देखिन्छ । पहिले हरेक हटियामा मिठ्ठाको अलग बजार नै हुन्थ्यो । तर अहिले अवस्था फेरिएको छ । मिठ्ठाको व्यवसाय सिमित भएको छ । यो किन्न ठूलो बजार एवं हटिया नै कुर्नुपर्ने भएको छ ।

पहिला पहिला जिम गर्ने अथवा बिहान शारीरिक अभ्यास गर्नेहरू चना र मिठ्ठाको सेवन गर्थे । त्यहीँ उमेर बढ्न थालेकी छोरीलाई अनिवार्य दही र मिठ्ठा खान दिइन्थ्यो । अहिले प्याकेटमा बन्द चटकपटक खुवाउन अभिभावक सक्रिय छन् भने छोराछोरीले समेत त्यस्तै खाद्यपदार्थ लागि दबाब बनाइरहन्छन् ।

मधेशका बालबालिकामात्र नभई महिला तथा किशोरीमा रगतको कमी देखिने समस्या भएकोले पनि मिठ्ठाको महत्वबारे जान्न आवश्यक छ । पहिला पहिला चिया पनि मिठ्ठा हालेरै बनाइन्थ्यो । मिठ्ठाको महिमा जान्नुपर्ने आवश्यकत्ता अहिले मधेशमा छ ।

मिठ्ठामा आइरन, क्याल्सियम, फासफोरस, भिटामिनलगायतको तत्व

बाँकी पृष्ठ २ मा



सम्पादकीय



# भूमि व्यवस्था र कृषि विकासका प्रयासहरू

## समृद्ध प्रदेशका लागि सुशासन

संविधान अनुसार देशमा संघीयता लागू भएपछि पहिलोपटक सात वटा प्रदेश सरकार गठन भएको छ । सबै प्रदेश सरकार गठन भएपछि अहिले समृद्ध र सुशासन दुई शब्दको बखान व्यापक रूपमा भइरहेको छ । राजनीतिक, प्रशासनिक, उद्योगी व्यापारी, बुद्धिजीवी एवं नागरिक अगुवाहरूको मुखमा यिनै शब्द झुण्डिएका छन् । समृद्ध प्रदेश सबैको चाहना र आवश्यक्ता हो । समृद्ध प्रदेशको यात्रामा हामी अनवरत रूपमा निश्कलंक लागिरह्यौं भने यो यात्रा सम्भव छ तर फगत बहस गरेर मात्र हामीले समृद्धि, खुशी र सुखी प्रदेशको भावानुभूत गर्न सकिँदैन । यसका लागि व्यावहारिक रूपमै स्पष्ट र निर्दिष्ट लक्ष्यसहितका योजनाको कार्यान्वयन आवश्यक छ ।

संघीय शासन प्रणालीको कार्यान्वयन प्रारम्भ भएको छ । संघ, प्रदेश र स्थानीय तहको सरकार गठन भइसकेका छन् । तर स्थानीय तहको कार्य सञ्चालन सुस्त, अस्तव्यस्त र बेथितियुक्त प्रारम्भिक लक्षण देखिएको छ । स्थानीय तह कुहिरोको कागझैं रनभुल्लमा छ । ठूलो रकम बेरूजु फर्छ्यौट गर्न कठिन, विकासे बजेटको दुरूपयोग, योजना वितरणमा एकलौटी, लक्षित वर्गको बजेट अन्य शीर्षकमा खर्च गर्नु, कार्यालयमा बडापत्र नहुनु, स्थानीय तहमा कर्मचारी जान नमान्नु आदि समस्या छन् । यस किसिमको शैली, प्रवृत्ति हुर्किएको राज्य संरचनामार्फत समृद्ध राष्ट्रको परिकल्पना गर्न सकिएला ?

**नीतिगत र कानुनी प्रक्रियासमेत नपुगेकाको प्रक्रिया तोडमोड, छलछाम गरी तथ्यांक मिलाएर राज्यबाट प्रदान गरिने सेवा सुविधाहरू दिने र लिने भ्रष्ट शैलीहरू व्यापक छन् ।**

नीतिगत र कानुनी प्रक्रिया समेत नपुगेकाको प्रक्रिया तोडमोड, छलछाम गरी तथ्यांक मिलाएर राज्यबाट प्रदान गरिने सेवा सुविधाहरू दिने र लिने भ्रष्ट शैलीहरू व्यापक छन् । राज्यबाट प्रदान गरिने सेवा, सुविधा र काम कारबाहीहरूको बारेमा सहज, सरल र प्रभावकारी तवरबाट सेवाग्राही सामु पुर्‍याउन समेत बेलैमा सूचना सम्प्रेषण र प्रवाहको अभाव छ, । सेवाग्राहीहरू आफ्नो र आफूले पाउनु पर्ने सेवा र सुविधा के, कसरी, कहाँ र कसले प्रदान गर्छन् भन्नेमा नै अन्योलग्रस्त छन् । यस किसिमको व्यवहारले पनि भ्रष्टाचार र कुशासनको प्रवृत्तिलाई नै बढावा दिन्छ । तसर्थ सही र समयमै तथ्यपरक सूचना सम्प्रेषण, संकलन, अध्यावधिक र व्यवस्थापनको माध्यमबाट राज्यको शासनशैली सबल र सुदृढ बनाउन सकिन्छ ।

राजनीति, भूगोल, नातागोता, जातभात, वर्ग र साम्प्रदायिकताको आधारमा आफ्नो र पराइ मान्छे छुट्याउने प्रचलन कायम छ । राम्रालाई भन्दा हाम्रालाई अवसर दिने र लिने संस्कार समाजमा दिनप्रतिदिन मौलाउँदै गइरहेको छ । जुन सुशासनका लागि ठूलो चुनौती नै हो । यस किसिमको आफ्नो र पराया मान्छे अनुसार सेवा सुविधा प्रदान गर्ने व्यवहारको राज्य संचालन शैलीले वास्तविक प्राथमिकतामा परेका वा हुनुपर्ने वर्ग र समुदायमा राज्यका अधिकांश सेवा र सुविधाहरू पुग्न मुस्किल हुनेछ । तसर्थ समृद्ध, खुशी र सुखी प्रदेशको परिकल्पना साकार पार्न नातावाद, कृपावाद, जातियतावाद, धर्म र सम्प्रदायिकतावादका आधारमा 'आफ्नो र अर्काको तथा मेरो र तेरो मान्छे' भन्ने मनोभावनाबाट माथि उठ्न सक्नुपर्छ ।

शासन सञ्चालनमा हुने गरेको कर्मचारीतन्त्र, राजनीतिक र पहुँचवालाको भनसुन, हस्तक्षेप, दबदबा र मनपरीतन्त्रका साथै चाकडी, चाप्लुसी, चम्चागिरी र खुट्टा तान्ने प्रवृत्ति जस्ता शैलीहरूले सदैव राज्य सञ्चालन प्रक्रियालाई नकारात्मक र विभेदकारी बनाउँदै कुशासन उन्मुख बाटोमा पुर्‍याइएको छ । यस्ता संस्कारहरूलाई समयमै निरूत्साहित गरी स्वच्छ, निष्पक्ष र सकारात्मक विभेदका साथ राज्य सञ्चालनको शैली रूपान्तरण गरिनुपर्छ । जनमुखी, जनउत्तरदायी, पारदर्शी सुशासन कायम गर्न सक्नुपर्छ । पुरानै शैली र तौरतरिकाबाट समृद्ध नेपालको ढोलक बजाएर नेपाली जनतालाई सदैव रमिते बनाउने संस्कारको अन्त्य गरिनुपर्छ । जनतालाई समृद्ध प्रदेश निर्माणको अग्रभागमा राख्न अभिप्रेरित गर्नुका साथै उत्तरदायी बनाउन उत्साहित गर्न सबै तह र तप्काबाट सोचिनुपर्छ ।

## सातको सात बात



पश्चिम नेपालको तराईमा निर्वाचन बहिष्कार गर्न लगाउने र प्रदेश २ मा निर्वाचन हुने समयमा आफैं निवाचनमा सहभागी भएपछि राजपाका नेताहरूमा राजनीतिक रूपमा स्पष्ट धारणा नभएको मैले बुझे र राजपा पार्टी परित्याग गरेको हुँ । **हृदयेश त्रिपाठी, सांसद**



लोकतन्त्रमा शक्तिशाली र अशक्तिशालीले केही फरक पार्दैन । राजनीतिक अस्थिरता हुने कुरा हो । दुई पार्टी मिलेर भन्डै दुई तिहाई छौं । दुई तिहाई चाहिने भनेको संविधान संशोधन गर्न हो । अहिले हाम्रो प्राथमिकता संविधान संशोधन होइन, अहिले संविधान कार्यान्वय गर्ने हो । **वामदेव गौतम, नेता, नेपाल कम्युनिष्ट पार्टी**



एकात्मक ढंगको सत्ताबाट देशको विकास नहुँदा संघीयता चाहिएको हो । संघीयता सफल बनाउनका लागि लागि सरकार चनाखो र राजस्व संकलन राम्रोसँग हुनुपर्दछ । प्रदेशलाई बलियो बनाए मात्र संघीय सरकारले लिएको समृद्धिको आकांक्षा पुरा हुनसक्छ । **पृथ्वी सुब्बा गुरुङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



स्थानीय तहसँग समन्वय गरेर त्यहाँ स्थापना हुने बैंकहरूलाई सुरक्षा दिने सरकारको योजना रहेको छ । पुस मसान्तसम्म सबै कारोबार बैकिङ प्रणालीमार्फत् गर्न पनि सबै स्थानीय तहमा ३ महिनाभित्र बैंकहरू स्थापना गरिसक्नुपर्ने हुन्छ । **डा. युवराज खतिवडा, अथमन्त्री**



गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकोबीचमा कुनै असमझदारी छैन । मिडियामा आएका विभिन्न खबरहरूमा कुनै सत्यता छैन । नेपाल सरकारका कारण निर्माणमा ढिलाई भएका योजना ठेक्का लिएका निर्माण व्यवसायीलाई कारबाही नगरौं भन्ने मेरो भनाई हो । **रघुबीर महासेठ, भौतिक पूर्वाधार तथा यायात मन्त्री**



नेपाली कांग्रेस कमजोर छैन । कांग्रेसलाई साथ दिनेहरू बढिरहेका छन् । पाँच वर्षपछिको चुनावमा कांग्रेस अगाडि त आउँछ नै, तर अहिलेको सरकारको प्रवृत्ति हेर्दा पाँच वर्ष पनि कुर्नु नपर्ने अवस्था देखिएको छ । **गोपालमान श्रेष्ठ, नेता, नेपाली कांग्रेस**



राजपा नेपालले केही समय अघि नै केसीको सत्याग्रहका बारेमा सरकार गम्भिर बन्नुपर्छ, सरकारले सत्याग्रहलाई सम्मान गर्नुपर्छ भनेको थियो, यति भन्दैमा केसीका सबै मागहरू जायज छन् र उनले भनेकै आधार सबै हुनुपर्छ भन्न खोजिएको होईन, संसद छ, सरकार छ, उहाँले उठाएका जायज मागहरू पूरा हुनैपर्छ । **अनिल झा, नेता, राजपा नेपाल**

## विचार-विश्लेषण भाग-१७



उपेन्द्र झा

**सामन्ती भू-स्वामित्वको अन्त गर्ने कति पटक ऐन आयो तर जमीनबाट सामन्ती पकड हटेको छैन । भूमि सम्बन्धि सुधारका ऐनहरू, विदेशी लगानी सहयोग, कृषिमा लगानी गर्न नेपाल राष्ट्र बैंकको बैंकहरूमाथिको दबाव, कृषिमा दक्ष जनशक्तिको सहभागिता आदि अनुकूल वातावरण रहेपनि कृषीमा परनिर्भरताको अवस्था भयावह देखिएको छ र यो दिन प्रतिदिन बढ्दै गएको छ । कृषि उत्पादनमा खासै वृद्धि भएको देखिदैन ।**

सामन्ती शासन प्रणालीमा सम्पत्तिको रूपमा प्रयोग भएको ठूला ठूला भूखण्डहरू विर्तावालहरूको कब्जामा रहेकोले कृषिमा यी भूमिहरू अपेक्षाकृत प्रयोग भएको पाइँदैन । तर मानव जीवनको अभिन्न अंगको रूपमा रहेको कृषिकार्य भने हुँदै आएको देखिन्छ । नयाँ प्रविधिको अभावमा कृषि परम्परागत विधिद्वारा हुँदै आएपनि एउटा कालखण्डमा नेपाल धान निर्यातकर्तामा नाम लेखाएकै हो । कृषिमा सरकारको खासै ध्यान नरहेको अवस्थामा जनसंख्याको कमीले नेपाल धान चामल निर्यात गरेको पदवी पाएको थियो । समयको अन्तरालमा जनसंख्याको चाप बढ्दै जाँदा खाद्यान्न निर्यातको गौरवबाट नेपाल वञ्चित हुन पुग्यो ।

मानव जीवनका लागि कृषि अभिन्न अंग भएकोले २००७ सालको परिवर्तनपछि सरकारले निम्न बमोजिमको भूमि ऐन ल्याएको देखिन्छ । (१) भूमिदारी अधिकार प्राप्ति कानून मस्यौदा-२००८ ले उपत्यकाभित्रका मोहीको लगत तयार पार्ने काम गर्‍यो । (२) भूमि जाँच कमीशन-२००८ ले सबै जिल्लाका मोहीको लगत तथा मोही हक सुरक्षणको व्यवस्था गर्‍यो । (३) भूमिसुधार कमीशन-२००९ ले मोहीको हक सुरक्षणका साथै मोहीको कूत निर्धारण, बिना क्षतिपूर्ति विर्ता उन्मूलन, जग्गा जमिनको स्रेस्ता व्यवस्थित गर्ने, गुठी जग्गाको मालपोत नगदमा लिने आदि कार्यहरू यो ऐनले गर्‍यो । (४) भूमि सुधार सम्बन्धि १३ सूत्रीय योजना-२०१२ ले ऋणको ब्याज १० प्रतिशतभन्दा बढि लिन नपाईने, पर्ती जग्गा सुकुम्बासीलाई वितरण गर्ने, जग्गाधनी र मोहीबाट कोष खडा गर्ने, सहकारी बैंक स्थापना गर्ने आदि कार्य गरेको थियो । (५) जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन- २०१३ मा गाउँ समितिमार्फत पटवारीले जग्गा कमाउनेको तथा मोहीको लगत राख्ने व्यवस्था गर्‍यो । (६) भूमि सम्बन्धि ऐन-२०१४ ले जग्गा जोत्ने खास व्यक्तिलाई मोही निर्धारण गर्ने, मोहीको हक हस्तान्तरण गर्दा जग्गाधनीको स्वीकृति चाहिने तथा जग्गाधनी र मोहीबीच कृषि उत्पादनको आधी आधी बाली बाँडफाँड गर्ने निश्चित गरियो । (७) वन राष्ट्रियकरण ऐन-२०१४ जारी गरि वनक्षेत्रलाई सरकारको स्वामित्वमा ल्याईयो । (८) विर्ता उन्मूलन ऐन-२०१६ ले विर्ता पाएका सबै जग्गा रैकरमा परिणत गरि जग्गामा रहेका सामन्ती प्रथालाई अन्त गरेको थियो । (९) कृषि सम्बन्धी ऐन-२०१९ ले कृषि उत्पादनलाई बढाउने आर्थिक विकासको गतिलाई तीव्र पार्ने, कृषकहरूको जीवनस्तरमा सुधार ल्याउने आदि उद्देश्य लिएको थियो । (१०) भूमि सम्बन्धि ऐन-२०२१ ले पहिलो चरणमा १६ जिल्ला, २०२२ मा दोश्रो चरणमा २५ जिल्ला तथा २०२३ मा तेश्रो चरणमा ३४ जिल्लामा प्रभावकारी रूपमा भूमिसुधार कार्यक्रम जारी भयो ।

प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरि पंचायती प्रजातन्त्रको माध्यमबाट देशको गतिलो सुधार गर्ने भनेर राजा महेन्द्रले २०१७ सालमा शासन सत्ता आफ्नो हातमा लियो । २०२१ सालमा भूमि सुधार ऐनले जग्गा जोत्ने किसानको मोहियानी हक सुरक्षित गरिएको थियो । जग्गामाथि मोहीको स्वामित्व कायम भएपछि कृषिमा सुधार हुने अपेक्षा गरिएको थियो । जग्गालाई अव्वल, दोयम, सीम र चहारमा वर्गीकरण गरि एक वाली मात्रको अधिकतम कूत ६ क्विन्टल खाद्यान्न जग्गाधनीलाई बुझाउने नियम बन्यो । जग्गाबाट ३ तीनवालीको आधी पाउने जग्गाधनीको अधिकार खोसिएकोले जग्गाधनी र मोहीबीचको द्वन्द्वात्मक सम्बन्धको सिर्जना भयो ।

२०२५ सालमा भूमि सम्बन्धि ऐनको दोश्रो संशोधन अनुसार कृषि विकासको लागि प्रभावकारी नियम बमोजिम हदबन्दी, तोकिएकोभन्दा बढि कूत असुल्न नपाईने, अनिवार्य बचत कृषि विकास प्रयोजनमा प्रयोग गरिने आदि व्यवस्था गरिएको पाइन्छ । सो अनुसार तराईमा २५ बीघा, उपत्यकामा ५० रोपनी तथा पहाडमा ८० रोपनीको हदबन्दी लागू भयो । घर घडेरीको लागि तराईमा ३ बीघा, पहाडमा १६ रोपनी र उपत्यकामा ८ रोपनी थप जग्गा दिईएको पाइन्छ । २०५३ सालमा भूमि सम्बन्धी ऐन-२०२१ लाई चौथो पटक संशोधन गरि जग्गामा रहेको द्वैध स्वामित्वलाई अन्त्य गर्ने गरि कानून बनाईयो । आधी आधी जग्गा बाँडफाँड गरि जग्गाधनी र मोहीबीचको द्वन्द्वात्मक सम्बन्धको अन्त गरियो । एकवर्ष कमाएको अवस्थामा मोही बनाउने नियमलाई यो संशोधनले खोज गरेको छ । यो संशोधनबाट ४.५ लाख मोहीहरू अधिकारबाट बञ्चित हुन पुगेका छन् । यो ऐनले एकवर्ष कूत नबुझाउने लाखौं मोहीलाई बेदखल गर्‍यो ।

देशको कूल भौगोलिक क्षेत्रको १८ प्रतिशत भूमि कृषि योग्य छ । राष्ट्रिय जोतको औसत आकार ०.९५ हेक्टर अर्थात १८.६ रोपनी ( १ बीघा ८ कट्ठा ) छ । १ हेक्टरभन्दा कम जग्गा भएको कृषकको जनसंख्या ७० प्रतिशत छ । उसको भागमा कृषिभूमिको ३० प्रतिशत भूमि छ । ५ हेक्टरभन्दा बढि कृषिभूमि हुने किसानको जनसंख्या १.५ प्रतिशत छ । उसले कृषिभूमिको १४ प्रतिशत भाग ओगटेको छ । भूस्वामित्वको यो असमानता जस्तै ठुला किसानसंग उर्बरभुमि, सिंचाई सुविधा भएको, कृषियन्त्रको भौतिक सुविधा उपलब्ध भएको तर साना किसानसँग यी कुनै कुरा नभएको असमानताले कृषिभूमि प्रभावित हुँदै आयो ।

२०५८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि सम्बन्धी ऐन-२०२१ लाई पाँचौं पटक संशोधन गरि जग्गाको हदबन्दी लागू गर्‍यो । सो हदबन्दी अनुसार तराईमा १० बीघा, पहाडमा ७० रोपनी तथा उपत्यकामा २५ रोपनीको व्यवस्था गरियो ।

दान, बक्स, विर्ताबाट हजारौं बीघा जग्गा पाएका ठुलाठुला सामन्तहरूको शान र मान बढ्ने, जनतामाझ मालिक र भगवानको दर्जा प्राप्त हुने अनौठो आनन्दानुभूतिमा रमाएका सामन्तहरू कृषि भूमिको अपेक्षाकृत उपयोग हुन दिएन । कृषिकार्य आफू गर्न नसक्ने, विश्वासिलो गरिब किसानलाई भूमि कमाउन दिंदा हैसियत अनुसार मात्र जग्गा कमाउन सक्ने स्थितिले जग्गा बाँझो रहने भएकोले कृषि उत्पादन जनसंख्याको अनुपातमा कम हुन थाल्यो र निर्यातको अवस्था क्षीण बन्दै गयो ।

हदबन्दीबाट मध्यमवर्गका किसानहरू मात्र प्रभावित भए । ठूला सामन्तहरू आफन्त तथा काल्पनिक व्यक्तिहरूको नाममा जग्गा लुकाउने काम गर्‍यो । क्रमिक रूपमा सो बढि जग्गालाई बिक्रि गरि पूँजीगत सम्पत्तिमा रूपान्तरण गर्‍यो । जग्गालाई लुकाउन, अधिकतम मूल्यमा बेच्ने होडवाजी शुरू भयो । काठमाण्डौंमा घर बनाएर बस्न प्रतिष्ठाको विषय बुझ्ने हुनेखाने व्यक्तिहरू विस्तारै पहाड, हिमाल र तराईबाट काठमाण्डौं पस्न थाले । यहाँ जग्गाको खरिद विक्रीको कारोवार शुरू भयो । कृषियोग्य जग्गाहरू विस्तारै प्लटिङ्ग भई बिक्री हुन थाल्यो । माओवादी द्वन्द्व तथा मधेश आन्दोलनबाट प्रताडित विस्थापितहरू काठमाण्डौंमा जग्गा खोज्दै आउने ग्राहकको तीव्र वृद्धिले भूमाफियाहरूको जन्म दियो । विस्तारै काठमाण्डौंमा बस्ती विस्तार गर्दै भूमाफियाहरू उपत्यकाबाहिर चितवन, नारायणघाट, नवलपरासी, हेटौडा, बर्दिवास, विराटनगर आदि विभिन्न ठाउँमा जग्गाको बिक्री गर्ने कारोवार संचालन हुँदै जाँदा विस्तारै कृषिमा प्रयोग हुने जग्गा मासिदै गयो । कृषियोग्य जग्गा मासिने तथा विभिन्न कारणबाट कृषि उत्पादनमा आएको ह्रासले परनिर्भरताको अवस्था सिर्जना भएपछि सरकारले जग्गा प्लटिङ्गको कारोवारीलाई अंकुश लगाउने उद्देश्यले कानुन ल्यायो । जग्गा कारोवारबाट बैंकको राम्रो आम्दानी स्रोत रहेकोले यो कार्य निर्वाध चलेको थियो । सरकारले जग्गा बिक्री वितरणमा रोक लगाएपछि बैंक पनि पछि हट्यो र यो कार्य बन्द भयो ।

भूमिको व्यवस्था तथा कृषिमा सुधार ल्याउन सरकारले २०५१ मा केशव बडालको नेतृत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन भयो । बडाल आयोगले नेपालमा भूमिको अवस्था र प्रयोग, कृषिको अवस्था, भूमिको असमान वितरण प्रणाली, जग्गाधनी र जोतहाको अवस्था, जग्गाको बर्गीकरण आदिबारे सरकारलाई लिखित प्रतिवेदन दियो । १४ वर्षपछि शासनसत्तामा माओवादीको अवतरण भई सकेपछि क्रान्तिकारी भूमिसुधारको अवधारणा अनुसार प्रचण्ड नेतृत्वको सरकारले हरिबोल गजुरेलको नेतृत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन गर्‍यो । यहाँसम्म आईपुग्दा कृषिजन्य वस्तुको आयात चरम सीमामा रहेको तथा नेपालको कृषिको अवस्था अति दयनीय रहेकोले कृषिमा आमूल सुधारको आवश्यकतालाई औंल्याउँदै कृषिलाई पर्यटनसंग जोडेर उत्पादन बढाउने दिशामा अगाडि बढ्नु पर्दछ भन्ने सुझाव दिएको देखिन्छ । त्यसपछि घनेन्द्र बस्नेतको नेतृत्वमा २०६७ मा वैज्ञानिक भुमिसुधार सम्बन्धि उच्चस्तरीय आयोग गठन भई सरकारलाई उपरोक्त आशयको सुझाव प्रतिवेदन दियो ।

२०१६ सालमा विर्ता उन्मूलन ऐन आएपनि ६७ वर्षको अन्तरालमा विर्ताका जग्गा अहिले पनि रैकरमा परिणत भएको छैन । सामन्ती भू-स्वामित्वको अन्त गर्ने कति पटक ऐन आयो तर जमीनबाट सामन्ती पकड हटेको छैन । भूमि सम्बन्धि सुधारका ऐनहरू, विदेशी लगानी सहयोग, कृषिमा लगानी गर्न नेपाल राष्ट्र बैंकको बैंकहरूमाथिको दबाव, कृषिमा दक्ष जनशक्तिको सहभागिता आदि अनुकूल वातावरण रहेपनि कृषीमा परनिर्भरताको अवस्था भयावह देखिएको छ र यो दिन प्रतिदिन बढ्दै गएको छ । कृषि उत्पादनमा खासै वृद्धि भएको देखिदैन । धानको उत्पादन ४५ लाखदेखि ५० लाख मैट्रिक टनमा अडकिएको छ । नेपालको जनसंख्यालाई ६० लाख मैट्रिक टन प्रतिवर्ष धान खपत हुने देखिएको छ ।

कृषि उत्पादनमा विश्व अनुभवलाई पनि रणनीतिक रूपमा लिइएको छ । पञ्चवर्षीय योजनाबाहेक कृषि विकास गर्ने अतिरिक्त योजना पनि लागू भएको छ । तर पनि कृषिमा गुणात्मक विकास हुन नसकेको कारण भूमिमा सामन्ती भू-स्वामित्व हट्न नसकेको हो । साथै भूमाफियाको सशक्त पकडमा गएको नेपालको भूमि उसकै प्रयोगको साधन बनेको छ ।

janukjha24@gmail.com

## बिसिँदैछ...

पाउने गर्छ । आयुर्वेद संहिताका अनुसार यसले छिट्टै पाचन हुने, रगत बढाउने तथा भुख जगाउने गर्छ । यसमा क्याल्सियम भएकोले बालबालिकाको हाडमा मजबुती ल्याउन मद्दत गर्छ । बालबालिकाको दाँत टुट्दा हुने कमजोरी पनि यसले कम गर्छ । प्राचीनकालमा समेत मानसिक र शारीरिक स्वास्थ्यका लागि मिट्ठा, दही र मख्खनको प्रयोग हुने गरेको उल्लेख पाइन्छ । उमेर बढ्न थालेकोहरूको मानसिक एवं शारीरिक स्वास्थ्यका लागि मात्र नभई मुटुको समस्या हुन नदिन पनि यसले मद्दत गर्छ ।

राजस्वला हुने महिलाहरूको लागि मिट्ठाको प्रयोग अतिआवश्यक मानिन्छ । हुनत: अस्पताल एवं बजारमा आइरनको चक्की पनि पाइन्छ । तर मिट्ठाको प्रयोगले प्राकृतिक रूपमा आइरनको कमी हुन दिंदैन । मासिक गडबडी ठिक गर्नमा समेत यसले मद्दत गर्छ । यसबाट तुरन्त शक्ति प्राप्त हुन्छ । रूघाखोकी, आस्थमा, श्यावप्रश्वास, उच्च रक्तचाप, कब्जियतलगायतको रोग एवं समस्यामा यसको प्रयोग लाभदायी हुन्छ । आयुर्वेद चिकित्सकहरूले पनि मिट्ठाको प्रयोगबारे अधिक जानकारी गराउन सक्छन् ।

मिट्ठाको प्रयोगमा आएको कमीले मधेशीको जनजीवनमा आइरन, क्याल्सियम, पोटासियम, भिटामिनको चक्की खानुपर्ने संस्कृतिको बिकास गरिसकेको छ । स्वास्थ्य क्षेत्रमै विभिन्न किसिमका कार्यक्रमहरू यसै विषयमा केन्द्रित हुन थालेको छ । दातृ निकायहरूको लगानी यसै समस्यामा अधिक हुन थालेको छ । तर मिट्ठाको महत्व र यसको प्रयोगबारे मौनता कायम छ । मधेशीको सामाजिक, सांस्कृति र धार्मिक जीवनमा निकै महत्वपूर्ण भूमिका खेल्ने मिट्ठाबाट हामी टाढिन वा भाग्न थालेका छौं । यसको सेवन गर्दा समाजमा तल्लोस्तरको रूपमा पहिचान बन्ला कि भन्ने डर कायम छ । यही डरको कारण यस क्षेत्रका बासिन्दाले मरूवाको सेवन मात्र नभई खेती नै गर्न छोडिसकेका छन् । प्राकृतिक रूपमा प्राप्त गर्न सकिने आइरन, क्याल्सियम, फासफोरस, भिटामिनको लागि अहिले विदेशीले सहयोग गर्ने वा बिक्री गर्ने औषधिमा परनिर्भर भएका छौं । राज्यबाट करोडौं रूपैया औषधिमा खर्च भइरहेको छ ।

तसर्थ संघीय एवं प्रदेश सरकारले मिट्ठा उद्योग स्थापना एवं प्रोत्साहन, हरेक बालबालिका तथा आमाहरूलाई प्रतिमहिना एक किलो मिट्ठा नि:शुल्क वितरण गर्ने जस्ता कार्यक्रम गर्नु आवश्यक छ । साथै किसानले आफैले उत्पादन गरेको उखुबाट मिट्ठा बनाउँदा राज्यले तत्काल खरिद गरि भुक्तानी दिने व्यवस्था गरिनु पर्छ । त्यही मिट्ठाको प्रयोगका लागि अत्याधिक प्रचारप्रसारको आवश्यक्ता छ । यस किसिमको कार्यक्रमतर्फ ध्यान नदिइए मधेश बिरामीहरूको भूमिमा परिणत हुन बेर लाग्दैन ।

## संस्थागत संरचना गठन गर्न सहमति

काठमाडौं । नेपाल-भारत जल यातायात सञ्चालनका लागि दुवै पक्षबीच द्विपक्षीय संस्थागत संरचना गठन गर्ने सहमति भएको छ । जल यातायात सञ्चालन सम्बन्धमा नेपाली पक्ष र भारतीय पक्षबीच भएको वार्तामा अध्ययन टोलीहरूको स्थलगत अध्ययनबाट प्राप्त सिफारिसका आधारमा संस्थागत संरचना बनाउने सहमति भएको हो । वार्तामा प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा नेपाल तथा भारतबीच जारी संयुक्त वक्तव्यमा उल्लेखित 'इनल्याण्ड वाटर वे कनेक्टिभिटी' सम्बन्धमा नेपालमा र भारतमा यसका सम्भावना र अवसरहरू सम्बन्धमा छलफल तथा वार्ता गर्न भारतीय अन्तर्देशीय जलमार्ग प्राधिकरणका उपाध्यक्ष प्रवीर पाण्डे नेतृत्वमा आएको टोलीसँग जल तथा ऊर्जा आयोगका सहसचिव माधव बेल्बासे नेतृत्वको टोलीले जल यातायातका विभिन्न आयाम तथा सम्भावनाको सम्बन्धमा छलफल भएको थियो । नेपाली टोलीका तर्फबाट नेपालमा जल यातायातको सम्भावना र हाल सम्मका गतिविधि सम्बन्धमा प्रस्तुति गरिएको थियो ।

# सप्तरीमा ५ रूपैयाँ किलो आँप बिक्यो, किसान बेहाल

खुशीलाल मण्डल



**जिल्लामै मूल्यमा एकरूपता देखिएन, उत्तरी पश्चिमी क्षेत्रमा ५ रूपैयाँ किलो आँप बिक्री भयो भने केही किलोमिटर पूर्व राजमार्गकै कठौना बजारमा १०देखि १५ रूपैयाँमा बिक्री भयो ।**

**सप्तरी** जिल्लाको चुरिया पहाडदेखि दक्षित तथा पूर्व-पश्चिम राजमार्गदेखि उत्तरको साथै केही दक्षिणको भूभाग भिरालो दोमस माटो भएको कारण पानी नजम्ने कारण किसान अगहनी धान लगाउनुको साटो भदैया धान लगाउने चलन थियो । भदौ असोजमा वर्षात् रूक्नुपूर्व नै भदैया धान तयार हुने भएकोले सो धान लगाउने गरेको थियो । बाली काटिसकेपछि कसैले कुर्थि (गहत), कसैले केलाई (मास), कसैले तोरी तथा कसै कसैले सूर्तिको खेती गरिरहेको अवस्थामा पूर्व पश्चिम राजमार्ग बनेपछि कतै सुकुमवासी बसाउने नाउँमा कतै तस्कर कारण चुरिया पहाडको वन जंगल विनाश गरेपछि वातावरण असन्तुलित भएर कुनै साल बाली लगाउने बेला पानी नपर्ने कुनै वर्ष समय अगावै पानी पर्न बन्द हुन थालेपछि सो क्षेत्रका किसानका लागि जग्गा जमीन बोझ बन्न थाल्यो । सूर्ति खेतीमा लगाइएको अत्याधिक करको कारण किसान सूर्ति खेती पनि बन्द गर्न बाध्य भए ।

पञ्चायतकालमै फलफूलको खेती गरे सुविधा दिने सरकारी प्रचारबाजीबाट प्रभावित भए र मधेशको हावापानी अनुकूल अनुरूप किसान कतै आँप, कतै कटहर, लिचीको बगैंचा लगाउन प्रेरित भए । किसानको बाध्यता के थियो भने घाटाको खेती गर्नुभन्दा बाँझै राख्नुपर्ने अथवा आँप कटहर लिचीको बगैंचा लगाउने, अन्य फसलभन्दा बगैंचा लगाउन लाभदायक ठानी साना किसानसमेत बगैंचा लगाउन थाले सप्तरीका पश्चिमी उत्तरी क्षेत्र अहिले आँप बगैंचाको हबको रूपमा विकसित भैसकेको छ ।

नेपालको मधेशी भूभाग ३०/३५ वर्ष अगाडिसम्म स्वदेशको आवश्यकता पूरा गरी अन्न निर्यात गर्दथ्यो । सरकारी जागिरबाट वञ्चित तथा व्यापार व्यवसायको अनुभव नभएका मधेशी किसान भन्सार तिरी आफ्नो उत्पादन भारतको सीमा क्षेत्रको बजारमा बिक्री गरी लत्ताकपडा धरायसी सामानदेखि छोराछोरीको पढाई खर्चलगायत अन्य व्यवहार चलाउँथे । पञ्चायती सरकारलाई किसानको उत्पादनमा बक्रदृष्टि पुग्यो । धान चामल निर्यात कम्पनी खडा गरी किसानको आफ्नो उत्पादन राम्रो भाउ पाउने ठाउँमा लगी बेचबिखन गर्न प्रतिबन्ध लगाई बिचौलियाको हात बिक्री गर्न बाध्य गरियो । त्यसको परिणाम किसान मात्र होइन देश भोगिरहेको छ । किसान खेती प्रति उदासीन हुन थाले । फलत: अन्न निर्यातक देश आयातक बन्न पुग्यो ।

पञ्चायती व्यवस्था समाप्त भएर संसदीय व्यवस्था आए पनि सरकारको कृषि नीतिमा खासै परिवर्तन भएन । पञ्चायतकालमा समयमा मलखाद्य बीऊ पाउन नसकेको किसान संसदकालदेखि गणतन्त्रकालसम्म सोही समस्याबाट जुझिरहेका छन् । यस वर्ष पनि चाहिने मल खाद्यको एक तिहाई कमी छ ।

सन् १९६५ सम्म भारत अन्न आयातक देश थियो, भारत पाकिस्तान सीमायुद्धको समय अमेरिकी सरकारको दबाब अस्वीकार गरेपछि अमेरिकाले भारतलाई उपलब्ध गराउँदै आएको पी.एल ४८० स्किम अन्तर्गतको अनाज प्रतिबन्ध लगाएपछि भारतभरि अन्नको हाहाकार नै मच्यो । त्यस बखत भारतका प्रधानमन्त्री लालबहादुर शास्त्री जय जवान जय किसानको नारा अघि सारी कृषि विकासको योजना बनाई किसानलाई राहत दिलाउने कार्यक्रम ल्याएपछि केही वर्ष भित्रै भारत अन्न आयातकबाट अन्न निर्यातक देश बनेको हो ।

२०४७ सालमा ३० वर्षको पञ्चायती व्यवस्था समाप्त भएर संसदीय संविधान जारी गरेपछि त्यसबखतका मुख्य दल नेपाली कांग्रेस, नेकपा एमालेका नेतृत्ववर्ग सो संविधानलाई विश्वकै सर्वोत्कृष्ट संविधान घोषित गरी राजनीतिक लक्ष्य पूरा भैसकेकोले देशमा द्रूत विकास गर्ने उद्घोष गरी केही लोक लोभ्याउने कार्यक्रम सामुने ल्याए पनि कृषि उपज बढाई देशलाई आत्मनिर्भर बनाउने कुनै ठोस कार्यक्रम ल्याइएन । सिंचाइको कुनै थप योजना बनाइयो न त किसानलाई उसको उत्पादनको उचित मूल्य दिलाउने व्यवस्था गरियो । किसानले मूल्य तिरेर पनि मलखाद्य बीऊ पाउन सकेन । मलखाद्यको व्यापक तस्करी हुन थाल्यो । गाउँका बेरोजगार युवाको दिनचर्या नेपाल भारत दुवै देशका सीमा प्रहरीलाई घुस खुवाई मलखाद्य ल्याई नेपालमा बिक्री गर्न थाले । सेटिङ्ग नमिलेपछि नेपालका जनपथ र सशस्त्र प्रहरी मात्र होइन सेनाका गस्ती टोलीसमेत बोर्डर पारबाट ल्याउँदै गरेको खाद्य खोसी पानीमा फालिदिएको घटा सोही बखत प्रकाशमा आइसकेको छ । सप्तरीमा सीमादेखि ६/७ किमि भित्र इटहरी विष्णपुर गाउँमा सशस्त्र प्रहरीका गस्ती टोली किसानले ल्याउँदै गरेका मलखाद्य खोसेर्पा/७ किमि भित्र इटहरी विष्णपुर गाउँमा सशस्त्र प्रहरीका गस्ती टोली किसानले ल्याउँदै गरेका मलखाद्य खोसेपछि प्रहरी र गाउँले बीच भएको झपडमा सशस्त्र प्रहरीको गोलीबाट इटहरी विष्णुपुरका वि.कम.का छात्र अखिलेश यादवको मृत्यु भएपछि उग्र भीड कारण प्रहरीको गाडीसमेत जलाउने अवस्था उत्पन्न भयो ।

०४७ सालमा प्रमुख दलले गरेको राजनीतिक विश्लेषण दुई वर्षभित्रै विफल हुन थाल्यो । त्यसबखतका जनमोर्चाले गरेको आन्दोलनमा हिंसात्मक घटनाहरू भएपछि मदन भण्डारीको नेतृत्वको एमाले वाममोर्चाबाट एमालेलाई अलग गराउने निर्णय गराउनुभयो । संसदीय संविधान जारी भएको ४ वर्षभित्रै नेकपा माओवादी नेपालमा संसदीय व्यवस्था अफाप भैसकेको घोषणा गरी सशस्त्र आन्दोलन प्रारम्भ गऱ्यो जो दश वर्षसम्म जारी रह्यो । तत्कालीन सरकारको शासकीय कुव्यवस्था र गलत नीति माओवादीको सशस्त्र आन्दोलन तथा १२/१४ घन्टाको लोडसेडिङ्गको कारण औद्योगिक उत्पादन निम्नतम् विन्दूमा पुगी ३ प्रतिशतमा पुगेको डिजीपीमा त्यसबखत पनि कृषि क्षेत्रको योगदान २ प्रतिशत भन्दा माथि नै थियो ।

पञ्चायतकालमा कृषि उत्पादनको मूल्य निर्धारणमा एकाधिकार जमाएको बिचौलिया केही वर्षदेखि तरकारी तथा फलफूल तरकारजिन्य उत्पादनमा समेत एकाधिकार जमाइसकेको छ । जसकारण किसानदेखि उपभोक्तसमेत पीडित भैहेको छ । उत्पादनकर्ता उचित मूल्य पाइराखेको छैन भन्ने उपभोक्त महँगो मूल्यमा खरिद गर्न बाध्य छन् ।

मधेशमा कृषि प्रसार कार्यालयहरू आँप कटहर लिचीको रूख लगाउन किसानलाई प्रोत्साहित गरेपनि किसानको उत्पादनको विभिन्न परिकार बनाउन लघु उद्योगह स्थापित गरी किसानलाई बिचौलियाको मारबाट राहत दिलाउन कुनै व्यवस्था गरेनन् । न त आँप लिचीको मर्जरमा लाग्ने सिजनल रोगबाट बचाउन प्रभावी व्यवस्था गरे । फलत: कुनै वर्ष सिजनल रोगको कारण फसल बरबाद हुने गरेको भन्ने फसल सप्रेको साल उचित मूल्य पाउँदैन । यस वर्ष फल सप्रेपछि सप्तरीको उत्पादकले मालदह जस्तो प्रप्रतिद्ध आँप ५ रूपैयाँदेखि २५ रूपैयाँ किलोमा बिक्री गर्न बाध्य भए । जिल्लामै मूल्यमा एकरूपता देखिएन जिल्लाको उत्तरी पश्चिमी क्षेत्रमा ५ रूपैयाँ किलो आँप बिक्री भयो भने केही किलोमिटर पूर्व राजमार्गकै कठौना बजारमा १०देखि १५ रूपैयाँमा बिक्री भयो । राजविराज नगरपालिका छेउकै गोरियामा १० रूपैयाँ किलोमा आँप बिक्री भयो भने ाजविराज नगर क्षेत्रमा २० देखि २५ रूपैयाँ किलो बिक्री भएको हो ।

चितवनको नारायणी नदीको पुलदेखि गण्डक योजनाको भैसालोटनसम्म नारायणी नदीमा र कोशीको हनुमाननगरसम्म पानी जहाज, केरूदेखि काठमाडौंसम्म चिनियाँ सहयोगमा रेल चलाएर दश वर्षभित्रै नेपाललाई स्वर्ग बनाउने ओली सरकार सपना बाँडिरहेको छ । तर मधेशमा ८० प्रतिशतभन्दा बढी यी किसानको उतपादनको उचित मूल्य दिलाउने कुनै ठोस योजना सामुने ल्याएको छैन । ८० प्रतिशत किसान आकाशेपानीको भरमा खेती गर्न बाध्य छन् । वर्तमान बजेटमा पनि सिचाइको प्रभावी व्यवस्था गर्ने बजेटमा कही उल्लेख छैन ।

राजा महेन्द्रले लागू गरेको अवैज्ञानिक भूमि नीतिको कारण तथा कम्युनिष्ट पार्टीहरूले सधैं उठाउँदै आएको भूमि सुधारको नाराको कारण मधेशको कृषि भूमि खण्डीकर भएपछि ठूल ाबचैंचा लगाउने इतिहासको विषय बनिसकेको छ । साना किसानहरू आफ्नो खेतबारी बगैंचा लगाएका छन् । फलमा लाग्ने रोगबाट बचाउनदेखि फलको हेरचाह आफै गर्दछ । फल पाक्नेबेलामा बाँसबाट बनेको टोकीमा राखी नजिकको हाट बजारमा बेचबिखन गर्दछ । उनीहरू धान खेतीको काम सुरू भएसम्म आफ्नो बगैंचाको फल बेचि सक्नुपर्ने अवस्था रहन्छ । ती किसानका उत्पादन बजारमा आपूर्ति रहेसम्म आँपको न्यून भाउ थियो । साना किसानको फल सिधिएसँगै एक्कासी आँपको भाउ ७५/८० रूपैयाँसम्म पुगिसकेको छ ।

यसै परिप्रेक्ष्यमा सोच्नुपर्ने अवस्था के हो भने नेपालको सीमादेखि ६/७ किमिको दूरीमा मुजफरपुरदेखि आसामसम्म गएको राष्ट्रिय राजमार्गमा कोशी नदी कंक्रिटको पुल निर्माण गरी सकेको छ । त्यसको बगल भएर रेलवे पुल बन्दैछ । मधेपुरा जिलाको नौगछियामा तेस्रो पुल कोशी नदीमा बन्दैछ मभेपुर्नियाको कुर्सेलघामा त्यस अघि नै पुल बनेको छ । गंगा नदीमा मागैरपुरदेखि फरकासम्म ठाउँठाउँमा पुलहरू बनेको छ । कोशी नदीको विनाश लिलाबाट बाल्यकालदेखि परिचित व्यक्तिले ठम्याउन सकेको छैन कि सो पुलहरूबाट पानी जहाज छिराउने सुरूङ्ग निर्माण हुने हो कि आकाशे प्रबन्ध । त्यस्तै अवस्था काठमाडौं केरूङ्ग रेल यातायातको छ । उक्त योजना चीन सरकारको बहुवार्षिक कर्जाबाट बन्ने हो वा अनुदानबाट प्रष्ट भएको छैन तर प्रस्तवित रेल लाइनलाई स्वर्गको सिढीको रूपमा प्रस्तुत गरिँदैछ । बंगलादेशमा खालिदा जीयाको सरकारको पालामाश्रीलंकामा राजापाक्षेको सरकारको पालामा बंदरगाह निर्माण गर्न चीनबाट लिएको ऋणबाट ती देशहरूले भोगिरहेको परिणाम बल्ल प्रकाशमा आउन लागेको छ । मधेशमा एउटा उखान छ, ऋण काढेर घ्यू पिउनु, नेपालको रेल पनि यो जस्तै हुने हो कि समयले निश्चित गर्नेछ ।

*(मण्डल वरिष्ठ राजनीतिज्ञ हुन् ।)*

## स्वतन्त्र मधेश गठबन्धनद्वारा वृक्षरोपण



नेपालगन्ज । स्वतन्त्र मधेश गठबन्धनको सहयोगमा नेपालगन्ज-२३ मा वृक्षरोपण सम्पन्न भएको छ । नेपालगंज उपमहानगरपालिकाको वडा नं. २३ को हजरत सामुदायिक वन उपभोक्ता समूहको छेउमा रहेको लगभग ५ हेक्टर प्रति वनबुटया नभएको जग्गामा हजरत सामुदायिक वन उपभोक्ता समूह, स्थानीय बासिन्दा र स्वतन्त्र मधेश गठबन्धनको युवा टोलीको सहयोगमा वृक्षरोण कार्य सम्पन्न गरिएको गठबन्धनका प्रवक्ता अब्दुल खानले जानकारी दिएका छन् । स्थानीय जनसमुदायको व्यापक दवाब र सक्रियताको कारण हजरत सामुदायिक वन उपभोक्ता समूहले उक्त वृक्षरोपण कार्य गरेको जानकारी समुदायिक वनका अध्यक्ष अब्दुल शेषले जानकारी दिए । उक्त प्रति वनबुटया नभएको जग्गामा उपमहानगरपालिकाले गौशाला, पिकनिक स्पोट बनाउने मनसाय राखेको थियो तर उक्त कार्यको स्थानीय जनसमुदायबाट व्यापक विरोध भई स्थानीयलाई वातावरण सुधार गरि, काठदाउराको सहजताका लागि वृक्षरोपण नै हुनुपर्छ भनी सम्पूर्ण स्थानीयको सहयोगमा वृक्षरोण गरिको जानकारी उक्त सामुदायिक वनका सचिव अर्जुन सिहं चौहानले जानकारी दिए । उक्त स्थानमा पिकनिक स्पोट र गौशाला भन्दा वृक्षरोपण नै किन हुनुपर्छ भनी सोध्दा एकजना नर्सरी नाईकेले फरक विचार दिएका छन् । मोलवी मोहम्मद ईशाको अनुसार यो वनको जग्गा मधेशी समुदायको बीचमा पर्ने भएेकोले यहाँ पिकनिक स्पोट बनाउँदा नेपाली पहाडी समुदायको युवा युवती अश्लिल तथा हाम्रो समुदायलाई अपच हुने क्रियाकलाप गर्न आउँछन् जसले गर्दा हाम्रो समाजका केटाकेटी बिग्री हाम्रो संस्कृतिमाथी धक्का पुग्छ ।

## मुक्त कमैयाका समस्या समाधान गर्न सरकार तयार : मुख्यमन्त्री भट्ट

कैलाली । प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले मुक्त कमैयाका समस्या समाधानका लागि प्रदेश सरकार तयार रहेको बताएका छन् । मुक्त कमैया मूल आयोजक समितिले धनगढीमा आयोजना गरेको १८ औं कमैया मुक्ति दिवस कार्यक्रममा उहाँले प्रदेश सरकारको नीति तथा कार्यक्रममा मुक्त कमैयाका समस्याहरू स्पष्ट रूपमा समेटिएको हुँदा यसको समाधान गर्ने कुरामा कुनै आशंका नगर्न आग्रह गरेका छन् ।
मुख्यमन्त्री भट्टले भने, “भूमि व्यवस्थापनको समस्या हुन, चाहे रोजगारीको समस्या हुन, चाहे शिक्षामा देखिएका समस्या हुन, यी सबै समस्यालाई कसरी समाधान गर्ने भन्ने कुरामा प्रदेश सरकारले एकीकृत योजना बनाएर अगाडि बढ्ने प्रक्रियामा रहेका छौं ।” भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बिनिता चौधरीले मुक्त कमैया घोषणा भएको धेरै लामो समय वितिसक्दा पनि यसको समस्या समाधान पूर्णरूपमा नभएको उल्लेख गर्दै यो समस्या समाधानका लागि प्रदेश सरकार लागि पर्ने बताए ।
कार्यक्रममा मुक्त कमैया मूल आयोजक समितिले मुक्त कमैया पुन:स्थापना समस्या समाधान आयोग गठन गरी तत्काल कार्यान्वयन गर्नुपर्ने, प्रत्येक मुक्त कमैयालाई प्रतिपरिवार पाँच कठ्ठाका दरले हाल बसिरहेकै स्थानमा जग्गाको नाप नक्सा गरी लालपूर्जा दिनुपर्ने, मुक्त कमैया परिवारलाई स्वास्थ्य, शिक्षा, सीप, दक्षताअनुसार रोजगार र सुरक्षित आवासको ग्यारेन्टी गर्नुपर्ने, मुक्त कमैयाहरूसँग भएको सम्पूर्ण सम्झौता र निर्णयहरू तक्काल कार्यान्वयन हुनुपर्ने लगायतका १५ बुँदे मागसहितको मुख्यमन्त्री भट्टलाई ज्ञापन पत्र बुझाएको थियो ।
वि.स २०५७ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारका पालामा मुक्त कमैया घोषणा गरेको थियो । हाल कैलाली जिल्लामा आठ हजार ९१० मुक्त कमैयाले मुक्त कमलरीको परिचय पत्र पाइसकेका छन् भने ४५१ जनाले अझै परिचय पाउन सकेको छैन ।

## मधेश अपडेट

### प्राकृतिक सम्पदाको दोहनबाट वातावरणीय समस्या

जनकपुरधाम । प्राकृतिक सम्पदाको अधिक दोहनका कारण प्रदेश नं २ मा वातावरणीय समस्या सघन हुँदै गएकोप्रति चिन्ता व्यक्त गरिएको छ । नेपाल वातावरण पत्रकार समूहद्वारा आज यहाँ आयोजित सञ्चार बहस : प्राथमिकतामा वातावरण विषयको कार्यक्रममा सहभागीहरूले चुरे विनाशले जल, वायु, कृषि र नदीमा नकारात्मक प्रभाव पारिहेकोतर्फ ध्यानाकर्षण गराएका थिए । सडक, विमानस्थल, रेल्वे विस्तार, बसोबासको नाममा वन फाड्ने र रूख काट्ने जस्ता क्रियाकलापले पर्यावरणीय संकट गहिरिँदै उनीहरूको भनाइ थियो ।

### तीन वटा विधेयक प्रमाणीकरण

जनकपुरधाम । प्रदेश नं. २ मा तीन वटा विधेयक प्रमाणीकरण गरिएको छ । प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले सोमबार ३ वटा विधेयक प्रमाणीकरण गरेका छन् । प्रमुख कायस्थले आर्थिक विधेयक २०७५, प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक २०७५ र प्रदेश नं. २ को स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रमाणीकरण गरेका छन् । अहिलेसम्म कुल ९ वटा विधेयकहरू प्रमाणीकरण भइसकेका छन् ।

### सीमावर्ती अधिकारीको बैठक

नेपालगन्ज । भारत नानपारामा बसेको नेपाल-भारत सीमावर्ती अधिकारीको संयुक्त बैठकमा परस्पर हितका विषयमा मिलेर जाने सहमति भएको छ । बैठकमा दुवै मुलुकको तर्फबाट साझा सवाल उठान भएको र त्यसका प्रभावकारी पहल गर्ने सहमति भएको बताइएको छ । बैठकमा सीमावर्ती क्षेत्रमा हुने लागुऔषधको प्रयोग, मानवबेचबिखन, अवैध हातहतियारको ओसारपसार, अपराधिक गतिविधि नियन्त्रण, सीमा स्तम्भ, मानसरोवर तीर्थ यात्रुलाई सहजता, वन्यजन्तु चोरी शिकारी नियन्त्रणलगायत सुरक्षा चासोका विषयमा छलफल भएको बाँकेका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसीले बताए । नेपालको तर्फबाट बाँकेका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी र भारतको तर्फबाट देवी पाटन मण्डलका कमिश्नर एस के ओझाले बैठकको नेतृत्व गर्नु गरेका थिए । बैठकमा नेपालको बाँके, बर्दिया, दाङ तथा भारतको बहराइच र श्रावस्ती जिल्लाका सीमावर्ती अधिकारीहरूको सहभागिता थियो ।

### पूर्वराज्यमन्त्री आलमको निधन

रौतहट । रौतहट निर्वाचन क्षेत्र नम्बर २ का पूर्वसभासद एवं पूर्वस्वास्थ्य राज्यमन्त्री महमद मुस्ताक आलम उर्फ राजाबाबूको हृदयघातको कारण शुक्रबार उपचारको क्रममा काठमाडौंमा निधन भएको छ । आफ्नो घरमा बस्दाको क्रममा अचानक स्वास्थ्य अवस्था खराव भएपछि उपचारको गराउन गौरस्थित डाक्टर सोहैल तैयव नजिक भर्ना भएको आलमको अवस्था गम्भीर देखेपछि काठमाडौंस्थित शहीद गंगालाल हृदयरोग अस्पतालमा लगिएको र त्यहाँ उपचारको क्रममा मृत्यु भएको पारिवारिक स्रोतले जानकारी गराएको छ । आलम नेपाली कांग्रेसका नेता महमद आफताव आलमको भान्जा थिए । निर्माण व्यवसायीको रूपमा परिचित रहेका पूर्वस्वास्थ्य राज्यमन्त्री आलम दोस्रो संविधान सभाको निर्वाचनमा विजय गच्छदार नेतृत्वको मधेशी जनाधिकार फोरम नेपाल लोगतान्त्रिक पार्टीबाट उम्मेदर बनेका थिए । वर्षो देखिको कांग्रेसको अपराजित यात्राको पहिलो पटक राजाबाबूले रोकेका थिए ।

### गुणस्तरहीन सडक भत्काईदिन आग्रह

वीरगन्ज । पोखरीया नगरपालिका मेयर दिपनारायण रौनियारले उपभोक्ता वा ठिकदारले बनाएको कुनैपनी सडक वा नाला गुणस्तरहिन भए स्थानीयवासिहरू आफैले भत्काईदिन आग्रह गरेका छन् । सहयोगी नेपाल पर्साको आयोजना तथा पोखरीया नगरपालिकाको सहयोगमा आयोजित सार्वजनिक सुनवाई कार्यक्रममा बोल्दै मेयर रौनियारले विकासको कुनैपनी काममा समझौता नगर्ने भन्दै जनताको शासनमा गुनस्तरहीन काम गर्ने कोहिपनी ठिकदार वा उपभोक्ता समिति नगरपालिकाको कार्वाहीबाट पन्छीन नसक्ने बताएका थिए । नगरपालिकाले ५ वर्षे योजनामा १० वटै वडालाई विकास निर्माणको पहुच पुर्याउने, स्तरीय सडक, नाला, धारो बनाउने आफुहरू योजना लिएर अगाडी बढिरहेकाले निर्माण भईरहेको कामहरूमा स्थानीयहरूले जवाफदेहिताको भुमिका निर्वाह गरिदिन स्थानीयहरू समक्ष उनले निवेदन गरेका थिए । पर्साको पोखरीया नगरपालिका वडा ८ स्थित नेरा प्रावि जगतपुर मननपुरमा आयोजित सार्वजनिक सुनवाई कार्यक्रममा स्थानीयहरूबाट उठेको प्रश्नको जवाफदिदैं मेयर रौनियारले नगरपालिकाबाट दिदैं आएको कुनैपनी सेवा सुविधाका लागी कोही कसैको सिफारिस वा अतिरिक्त शुल्क बुझाउनु नपर्ने बताएका थिए । यस्तै कार्यक्रममा उप मेयर सल्मा खातुनले जनताले चुनेका जनप्रतिनिधि गैरजिम्मेवार कहिल्य नहुने धारणा राखेकि थिईन् ।

### यशोधराको बजेट बजेट ३२ करोड ५९ लाख

कपिलवस्तु । यशोधरा गाउँपालिकाको आगामी आर्थिक वर्षका लागि ३२ करोड ५९ लाख २१ हजारको अनुमानित बजेट पारित गरिएको छ । गाउँपालिको तेस्रो गाउँसभामा गाउँपालिका प्रमुख गिरीजेश कुमार पाण्डेयले सो बजेट प्रस्तुतरेका थिए । बजेटमध्ये पुजीगत खर्चमा ५ करोड ८५ लाख १० हजार नेपाल सरकारबाट प्राप्त बिषयगत तर्फ सशर्तमा १० करोड १४ लाख पुजीगत खर्च तर्फे १ करोड ६ लाख रहेको छ । सो अवसरमा कार्यक्रका प्रमुख अतिथी सुधाकर पाण्डेयले बजेटको सही सदुपयोग हुनु पर्ने बताए । सो अवसरमा सांरकर्मी मनोज पौडल र शम्भु सैनीमाली सहीत २१ जनालाई नगर, दोसल्ला र प्रशंसा पत्रले सम्मानित गरिएको थियो ।

### नरैनापुरको बजेट ४० करोड ३१ लाख

नेपालगञ्ज । नरैनापुर गाउँपालिकाको गाउँसभाले आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यकम पारित गरेको छ । गाउँपालिकामा सोमबार सम्पन्न दोस्रो गाउँसभाले नीति तथा कार्यक्रमका आधारमा रू ४० करोड ३१ लाखको बजेट पारित गरेको हो । गाउँपालिकाका अध्यक्ष मोहम्मद इस्तियाक अहमद शाहका अनुसार बजेटले पूर्वाधार विकास, गरीबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य तथा सरसफाइ, कृषिको आधुनिकीकरण, वातावरण संरक्षण, मौलिक संस्कृतिको संरक्षण, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रम, सार्वजनिक प्रशासन र सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको छ । पूर्वाधार निर्माणका लागि रू ११ करोड, सौर्य ऊर्जाका लागि रू तीन करोड, स्वास्थ्यमा रू ८२ लाख, कृषि र पशुपालनका लागि रू ६२ लाख, विद्यालयको भौतिक सुधारका लागि रू एक करोड २० लाख र लैङ्गिक समानता तथा समावेशीकरणका लागि रू एक करोड विनियोजन गरिएको छ । वन क्षेत्र कम भएको गाउँपालिकामा जिल्ला वन कार्यालयले हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । वन कार्यालयको तथ्याङ्कअनुसार, बाँकेको नेपालगञ्ज उपमहानगरपालिका तथा खजुरा र राप्तीसोनारी गाउँपालिकामा वन क्षेत्र कम छ ।

### रोम विधान अनुमोदन गर्न ज्ञापनपत्र

विराटनगर । जिल्लास्थित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानव अधिकार सञ्जालले संयुक्त रूपमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान) अनुमोदन गरी अन्तर्राष्ट्रिय कानूनको सम्मान प्रकट गर्न सरकारको ध्यानाकर्षण गराएको छ । इन्सेकका पूर्वाञ्चल संयोजक सोमराज थापाले प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यमार्फत प्रधानमन्त्रीसमक्ष सो ध्यानाकर्षण गराएको हो । "पुन:स्थापित प्रतिनिधिसभाले २०६३ साल साउन ९ गते नेपाल सरकारलाई रोम विधान अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा संकल्प प्रस्ताव पारित गरेको तथ्य स्मरण गराउन चाहन्छौं" ज्ञापनपत्रमा भनिएको छ ।

### नमुना अटो भिलेज मदिरामुक्त क्षेत्र घोषणा

रूपन्देही । बुटवलको नुमूना अटो भिलेजलाई मदिरा मुक्त क्षेत्र घोषणा गरिएको छ । २३ औं वार्षिकोउत्सवको अबसरमा बुटवल अटो इन्जिनियरिङ एशोसियसनले अटो भिलेज क्षेत्रलाई मदिरा मुक्त घोषणा गरेको हो ।मदिराका कारण अटो क्षेत्रमा होहल्ला र लडाई झगडा बढ्न थालेको भन्दै मदिरा मुक्त क्षेत्र घोषणा गरिएको एशोसिएशनका अध्यक्ष सन्तोष पाण्डेले बताए । उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले सो अबसरमा मदिरामुक्त क्षेत्र भएको घोषणा गरे ।उनले अटो भिलेजको कार्य क्षेत्र बढाएर विकास गर्नुपर्ने बताए । उनले बुटवलको अटो भिलेजलाई सबै मिलेर उजीरसिंह अटो भिलेजको रूपमा विकास गर्नुपर्ने उनको भनाइ छ । अटो भिलेज क्षेत्रलाई मदिरा मुक्त र लोडसेडिङ मुक्त गराउनु पर्ने र त्यसका लागि उपमहानगरपालिकाले सहयोग गर्ने सुबेदीको भनाइ थियो ।अटो भिलेजको विकास गर्ने दायित्व सबैको भएको बताउँदै सुबेदीले भने ‘यो जग्गा सरकारको हो, व्यवसायीलाई जग्गाको स्वामित्व दिन सकिन्न, तपाईंहरू प्रष्ट भए हुन्छ । एशोसिएसनका निवर्तमान अध्यक्ष तथा मैनावगर अटो भिलेज संघर्ष समितिका अध्यक्ष विश्वराज गैरेले अटो भिलेजमा व्यवसायिको धेरै लगानी भएकाले लगानीको सुरक्षा हुनुपर्ने बताए ।

### विराटनगर भन्सारको राजस्व लक्ष्यभन्दा बढी

विराटनगर । विराटनगर भन्सार कार्यालयले गत आर्थिक वर्ष २०७४/७५ मा रू ३२ अर्ब ८१ करोड २६ लाख राजस्व संकलन गरेको छ । कार्यालयले गत आवमा रू ३१ अर्ब २४ करोड ४८ लाख राजस्व उठाउने लक्ष्य राखेकामा रू ३२ अर्ब ८१ करोड २६ लाख राजस्व संकलन गरी लक्ष्यभन्दा पाँच दशमलव ०२ प्रतिशत ज्यादा उठाएको छ । विराटनगर भन्सार कार्यालयको तथ्यांकअनुसार भन्सार महसुलतर्फ रू १३ अर्ब ४४ करोड ९२ लाखको लक्ष्यमा रू १३ अर्ब ८५ करोड २४ लाख राजस्व संकलन गरिएको छ । यसैगरी, मूल्यअभिवृद्धि करतर्फ रू १३ अर्ब २२ करोड ५७ लाख उठाउने लक्ष्य रहेकोमा रू १७ अर्ब ५३ करोड १३ लाख राजस्व संकलन गरिएको छ । यस्तै, अन्त:शुल्कको वार्षिक लक्ष्य रू चार अर्ब ५६ करोड ९९ रहेकोमा रू एक अर्ब ४२ करोड ८८ लाख राजश्व संकलन भएको छ ।

### २५ हजार घुससहित प्रमुख पक्राउ

धनगढी । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले कैलालीस्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत गहुँबाली सुपरजोनका प्रमुख रामानन्द यादवलाई रू २५ हजार रकम लिँदै गरेको अवस्थामा पक्राउ गरेको छ । कैलालीको साबिक उदासीपुर गाविस-८ स्थित सुपरजोन कार्यान्वयन इकाईको कार्यालयमा सेवाग्राहीबाट रू २५ हजार रकम लिँदै गर्दा यादवलाई पक्राउ गरिएको आयोगको कञ्चनपुरस्थित कार्यालयका प्रमुख ज्ञानेन्द्रप्रसाद ढकालले बताए ।

# मलेठ घटनासम्बन्धी मानवअधिकार आयोगको प्रतिवेदन

## दस्तावेज

१. प्रतिवेदनको सारांश नेपालको संविधान, २०७२ ले तराई मधेशका जनताहरूको मानव अधिकारका विभिन्न विषयवस्तुहरूलाई संबोधन नगरेकोले संशोधन गर्नुपर्छ भन्ने माग राख्दै तराई मधेश केन्द्रित केही दलहरूले संविधानको मस्यौदा जारी भएदेखि नै आन्दोलन गर्दै आइरहेका छन्। नेपाली कांग्रेस र ने.क.पा. (माओवादी केन्द्र) समेतको समर्थनमा गठित तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारले २०७४।१।३१ र २०७४।२।३१ मा गरी २ चरणमा स्थानीय तहको निर्वाचन गर्ने घोषणा गर्‍यो। तराई मधेश केन्द्रित आन्दोलनकारी दलहरूले संविधानमा भाषा र सिमांकन लगायतका विषयहरू संशोधन नभई निर्वाचनमा भाग नलिने अडान लिँदै आएका छन्। यसै समयमा ने.क.पा. (एमाले) ले निर्वाचन लक्षित मेची महाकाली चुनावी अभियानको थालनी गर्‍यो।

१.१. मलेठ घटना

मलेठ घटना भन्नाले २०७३।११।२३ गते सप्तरी जिल्लाको मलेठ गाउँ नजिकै रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र भएको ने.क.पा. (एमाले) को सभाको विरोधमा भएको लोकतान्त्रीक मधेशी मोर्चाका प्रदर्शनकारीहरू माथि त्यहाँ तैनाथ सुरक्षा प्रहरीले चलाएको गोलीबाट केही प्रदर्शनकारीको मृत्यु र अनेक प्रदर्शनकारी एवम् प्रहरी घाइते भएको घटनालाई सम्झनु पर्दछ।

ने.क.पा. एमालेको मेची महाकाली अभियान अन्तर्गत २०७३।११।२३ मा सप्तरी जिल्लामा आमसभाको आयोजना गरेको थियो। शुरूमा सदरमुकाम राजविराजमा आयोजना गर्ने भनिएको कार्यक्रम मधेश केन्द्रित दलहरूले तिब्र विरोध गरेका कारण राजबिराजबाट ३ कि.मी. उत्तरतर्फ मलेठ गाउँ नजिकै गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र आयोजना गरियो। उच्च सुरक्षा शतर्कताका बिच चुनौतीपूर्ण अवस्थामा गरिएको उक्त कार्यक्रम करिव २ घण्टा सञ्चालन भयो। स्थानीय सुरक्षा निकायले ने.क.पा. (एमाले) का नेताहरूलाई त्यहाँपनि कार्यक्रम नगर्न र राजमार्ग केन्द्रित कार्यक्रम गर्न सुझाव दिँदै सम्भावित जोखिम व्यवस्थापन गर्न उच्चतम प्रयास गरेको थियो। एमालेले शान्तिपूर्वक सभा सम्मेलन गर्न पाउने संवैधानिक हक अधिकार भएको भनी औद्योगिक क्षेत्रमा कार्यक्रम गरेरै छाड्ने अडान लिएपछी कार्यक्रमको विरोध गर्दै आएका मधेश केन्द्रित दलका संयोजक र नेताहरूलाई कार्यक्रम नबिथोल्न र विरोधका कार्यक्रमलाई शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले आग्रह गरेको जनाइयो। दुबैतर्फका कार्यक्रमहरू शान्तिपूर्ण रूपमा सञ्चालन गर्ने मौखिक प्रतिवद्धता जाहेर भएपनि २३ गते विहानैदेखि सप्तरी सदरमुकाम राजविराज लगायतका स्थानहरूमा तनाव सृजना भएको थियो। एमालेका कार्यकर्ताहरूलाई मोर्चाका कार्यकर्ताहरूले कार्यक्रमस्थलसम्म आउन गौंडा गौंडामा बसी रोक लगाएका थिए। सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजरगरी उल्लेख्य संख्यामा सुरक्षाकर्मीहरू परिचालन गरिएको थियो। एमालेको सभास्थल वरिपरी मोर्चाका कार्यकर्ता र प्रहरी बिच लगभग दिनभरी नै पटक पटक झडपहरू भए।

एमालेका कार्यकर्ताहरू दिनको करिव ४ बजेतिर गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र प्रवेश गर्न लाग्दासम्म मोर्चाका कार्यकर्ताहरूको भीड बढ्दै गएको थियो। यस अघि सप्तरीको भारदह, रूपनी लगायतका स्थानहरूमा मोर्चाका कार्यकर्ताहरूले एमालेका नेता कार्यकर्ताहरूलाई कार्यक्रम स्थलसम्म आउन नदिन प्रयाश गरेका थिए। यसै बिचमा उच्च सुरक्षा घेरामा एमालेका अध्यक्ष केपी ओली समेतका नेता कार्यकर्ताहरू गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र आइपुगे। कार्यक्रम स्थलभन्दा करिव ४।५ किलोमिटर पर नै मोर्चाका कार्यकर्ताहरूलाई रोक्ने प्रहरीको प्रयाश असफल भयो। तसर्थ कार्यक्रमस्थल भन्दा करिव ५०० मिटर दूरीमा प्रहरीले मोर्चाका कार्यकर्ताहरूलाई कार्यक्रम स्थलतर्फ प्रवेश गर्न रोक लगाएको थियो।

आमसभा शुरू भएपछी बढ्दै गएको मोर्चाका कार्यकर्ताहरूले हातमा लाठी, भाला लिएर कार्यक्रम स्थलभित्र प्रवेश गर्न प्रयास गर्‍यो। प्रहरीले धैरै राउण्ड अश्रुग्याँस प्रहार गर्‍यो। भीड नियन्त्रणका लागि झिकाइएको पानीको फोहोरा गाडीमा मोर्चाका कार्यकर्ताहरूले केही तोडफोड गरेका कारण र गाडीमा प्राविधिक गडबडी भएका कारण फोहोरा प्रयोग भएन। अश्रु ग्याँसले मोर्चातर्फका प्रदर्शनकारी नहटेपछि करिव १० राउण्ड हवाई फायर भयो। के.पी. शर्मा ओलीले बोल्दै गर्दा मोर्चाका कार्यकर्ताहरू अत्यधिक आक्रोसित भई पर्खाल नाघी कार्यक्रम स्थलमै प्रवेश गर्न खोज्दा त्यहाँ तैनाथ सशस्त्र प्रहरीले गोली चलायो। प्रहरीले चलाएको गोली लागि ३ जनाको घटनास्थलमै र २ जनाको उपचारको क्रममा मृत्यु भयो। कयौं व्यक्तिहरू घाइते भए।

उक्त घटनामा प्रहरीले अनावश्यक बल प्रयोग गरेको र घुँडाभन्दा माथि गोली चलाएकोले मानव अधिकारको उल्लंघन भएको भन्ने आरोपको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले समेत २ पटक उक्त घटनाको अनुगमन गर्‍यो। अनुगमन प्रतिवेदनले घटनाको सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने भन्ने सुझाव दिए अनुरूप आयोगले २०७३।१२।३१ मा एक उच्च स्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो। यसै अनुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री ताहिर अली अन्सारीको संयोजकत्वमा डा. श्री हरीहर वस्ती, मानव अधिकार अधिकृतद्वय मन्जु खतिवडा र जीवन न्यौपाने सम्मिलित समिति गठन गरिएको थियो। सो समितिले २०७४।२।८ देखि २०७४।२।१३ सम्म स्थलगत छानविन गरी प्रस्तुत प्रतिवेदन तयार गरेको छ।

छानविनका क्रममा प्राप्त भएका तथ्यहरूको आधारमा कार्यक्रम नगरी नछोड्ने ने.क.पा.( एमाले) को अडान, कार्यक्रम हुनै नदिने मधेशी मोर्चाको हठका कारण ५ जना निर्दोष व्यक्तिहरूको ज्यान गयो। उनीहरूको बाँच्न पाउने अधिकारलाई संरक्षित गरेको विभिन्न अन्तर्राष्ट्रिय कानून र नेपालको संबिधानले प्रत्याभूत गरेकोमा ति हकहरूको सुरक्षा हुन सकेन। कयौं सर्वसाधारण, प्रदर्शनकारीहरू, प्रहरीहरू लगायतका व्यक्तिहरू घाइते भए। केही घाइतेहरूको शरीरमा यद्यपी गोली रहेकै छ।

घटनामा प्रहरीले लामो समयसम्म संयमता अपनाएकै देखियो। अन्तिम अवस्थामा गोली चलाउनुपर्ने परिस्थिती सृजना भएकै अवस्थामा गोली चलाउँदा मानवीय क्षति भएको पाइएको छ। प्रहरीले केही व्यक्तिहरूलाई नियन्त्रणमा लिएपछि पनि निर्घात कुटपीट गरेको देखिएको छ। तर उक्त घटनामा प्रहरीले गोली नचलाएको भए थप धनजनको क्षतिहुने प्रवल सम्भावनालाई नकार्न नसकिने आधारहरू देखिएका छन्।

५ जना व्यक्तिहरूको ज्यान जानेगरी भएको उक्त दुःखद घटनामा ने.क.पा. (एमाले) र संयुक्त मधेशी मोर्चा नै जिम्मेवार रहेको प्रस्तुत छानविन प्रतिवेदनको निष्कर्ष रहेको छ। त्यसपछि कानूनी प्रावधानको उल्लघंन हुनेगरी गोली प्रहारगर्ने प्रहरी पनि आंशिक रूपमा दोषी देखिएको छ। मृतक परिवारलाई राहतको व्यवस्था गरिएको भएपनि घाइतेहरूको वर्गीकरणगरी लामो समयसम्म उपचार गर्नुपर्ने घाइतेहरूलाई निःशुल्क उपचार एवम् राहतको व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिनुपर्ने, शान्ति सुरक्षा, मानिसहरूको जीवन नै जोखिम हुने, सामाजिक सद्भाव र साम्प्रदायिकतामा उच्च चुनौती देखिएमा स्थानीय सुरक्षा निकायले कुनै हालतमा पनि कोही कसैलाई कुनै सभा सम्मेलन गर्न नदिनको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा आवश्यक संशोधन गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई लेखी पठाउने समेतका सुझाव र सिफारिसहरू प्रतिवेदनमा उल्लेख भएका छन्।

२. उच्चस्तरीय छानविन समितिको गठन तथा कार्यादेश

२.१. गठन

राष्ट्रिय मानव अधिकार आयोगले २०७३।१२।३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न एक उच्च स्तरीय समिति गठन गरी छानविन गर्ने निर्णय गरेको थियो। समितिको गठन देहाय अनुसार छः

१. सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री ताहिर अली अन्सारी – संयोजक

२. फरेन्सीक विशेषज्ञ डा. श्री हरीहर वस्ती – सदस्य

३. राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत श्री मन्जु खतिवडा – सदस्य

४. राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत श्री जीवन न्यौपाने – सदस्य

२.२. कार्यादेश

घटनाको सत्य तथ्य पत्ता लगाई सुझाव एवमसिफारिस सहितको प्रतिवेदन पेश गर्ने मुख्य कार्यादेश भएको उक्त समितिले २०७४।२।८ देखि २०७४।२।१३ सम्म स्थलगत छानविन र २०७४।२।२९ गते सम्म काठमाण्डौ मा नै बसी छानविन सम्बन्धी अन्य कार्य एवम् यो प्रतिवेदन लेखनको कार्य सम्पन्न गरेको हो।

३. घटनाको पृष्ठभूमी र अवस्था

सप्तरी जिल्लाको साविक मलेठ गा.वि.स. वडा नं. ५ स्थित गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रभित्र ने.क.पा. (एमाले) ले २०७३।११।२३ मा आयोजना गरेको आमसभालाई विथोल्न खोज्ने संयुक्त मधेशी मोर्चाका कार्यकर्ताहरू र एमालेद्वारा आयोजित शीर्ष नेतृत्व सहभागी आमसभाका सहभागीहरू बिचको प्रत्यक्ष भिडन्त रोक्ने उद्देश्यका साथ व्यापक मात्रामा सुरक्षाकर्मीहरूको परिचालन गरिएको थियो। किनभने उक्त दिन पूर्व निर्धारित सभाको कार्यक्रम गरीछाड्ने र कुनै हालतमा पनि सो गर्ननदिने भनी दुवै पक्षले पहिला देखि नै तयारी गरिराखेको थियो। सभा हुने दिन भन्दा अघिल्लो साँझ मधेशी मोर्चाका तर्फबाट मशाल जुलुश निस्केको थियो भने सो अगावै एमाले कार्यकर्ता र मोर्चा कार्यकर्ता बिच स- साना झडपहरू हुँदै गरेका थिए।

मलेठ घटना पश्चात जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला स्थित सशस्त्र प्रहरी बलका प्रमुखहरूको घटना भएको भोलिपल्टै काठमाडौ झिकाईएको थियो। तत्पश्चात् जिल्लाका तत् तत् निकायमा जिम्मेवारी सम्हाल्न अन्य अधिकारीहरू खटाइएको छ।

केही घाइतेहरूको शरीरमा हालसम्म पनि गोली रहेको छ। उनीहरूलाई गोलीकै कारण भविष्यमा के हुने हो भन्ने चिन्ता लागिरहेको पाइएको छ। मृतकका परिवारले रू. १० लाख राहत प्राप्त गरेका छन् भने घाइतेहरूले तत्काल निःशुल्क उपचार प्राप्त गरेको भएपनि दीर्घकालीन रूपमा निजहरूलाई लाभ हुनेगरी कुनै क्षतिपूर्ति दिइएको छैन र त्यस्तो कार्यक्रम तय भएको छैन। हाल जिल्लाको अवस्था शान्तिपुर्ण नै देखिएपनि सुरक्षा चुनौतीहरू कायमै छन्।

४. छानविनको पद्धती

प्रस्तुत घटनाको छानविनकालागि यस समितिले छानविनका निम्न बमोजिमका पद्धती अवलम्वन गरेको छः

- यो समिति गठन हुनु भन्दा अगाडीका मानव अधिकार अनुगमन सम्बन्धि प्रतिवेदन एवम् सो घटना सम्बन्धमा प्रकाशित पत्र पत्रिकाहरूको सामाग्रीहरू लगायतका अभिलेखहरूको अध्ययन गरिएको, घटनास्थलको अवलोकन र स्केचीङ गरिएको,
- घाइते व्यक्तिहरूसँग भेटघाट, घाउखतको अवलोकन, नापजाँच र बयान लिइएको,
- मृतक परिवारका सदस्यसँग भेटघाट र भनाई संकलन गरिएको,
- जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल कार्यालयमा
- भेटघाट, विवरण संकलन गरिएको, घाइते भएका प्रहरीहरूको घाउ खतको अवलोकन, नापजाँच र बयान लिइएको,
- घटनाका प्रत्यक्षदर्शीहरूसँग बयान लिइएको,
- विभिन्न माध्यमहरूबाट प्राप्त भएका श्रव्य दृष्यलाई अवलोकन गरिएको, घटनास्थल प्रकृती मुचुल्का, घाउजाँच फारम, प्रहरी प्रतिवेदन, शव परिक्षण प्रतिवेदनको अध्ययन गरिएको,
- तत्कालीन प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरी प्रमुखहरूसँग सोधपुछ गरिएको,
- नेपालको संविधान, २०७२, को मौलीक हक खण्ड, घटनासँग सरोकार राख्ने प्रचलित नेपाल कानूनहरू र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सिद्धान्तका प्रावधानहरूको अध्ययनगरी तथ्यहरूको विवेचना गरिएको।

२. तथ्यहरू

२.१. सञ्चार माध्यममा प्रकाशन भएका समाचारहरू

१. घटना पछि सप्तरी जिल्लामा मोर्चाद्वारा अनिश्चितकालीन बन्दको आह्वान गरेको जसले लामो तथा छोटो दुरीमा चल्ने सवारी साधन नचल्नुका साथै जनजीवन प्रभावीत भएको।

२. एमालेको मेची महाकाली अभियान बिरूद्ध मधेशी मोर्चा सप्तरीले १८ फागुनमै आन्दोलन घोषणा गर्‍यो। मोर्चाले लाठी जुलुश र जिल्ला बन्द आव्हान गर्दा सप्तरी प्रमुख जिल्ला अधिकारी विहिन थियो। सहायक प्र.जि.अ. पनि थिएनन्। १८ फागुनमा आएका प्र.जि.अ.सप्तरी ४ ले दुवै पक्षले हठ नछाडेको र झडप भए बल प्रयोग हुन सक्ने २२ फागुन साँझ बताएका थिए। एमालेको अभियानका सहभागी र नेताहरू भारदह र हनुमान नगरहुँदै राजबिराज पस्ने कार्यक्रम थियो। तर मोर्चाले अवरोध गर्ने कार्यक्रम ल्याएपछि एमालेले त्यो रूट र कार्यक्रमस्थल पनि परिवर्तन गर्‍यो। एमालेले राजबिराजको राज रंगशालामा तय भएको सभा तीन किलोमिटर उत्तर मलेठ स्थित औद्योगिक क्षेत्रमा सार्ने निर्णय २२ फागुन बिहान गर्‍यो। शुरूमा सभास्थल भन्दा पनि सप्तरी प्रवेश गर्ने भारदहमा घटना हुने आशंका थियो। त्यही कारण प्रहरी नायव उपरिक्षक प्रहरी १० को कमाण्डमा पाँचसय भन्दा बढी प्रहरी भारदहमै परिचालित थिए। तर एमालेको कार्यक्रम शान्तिपुर्ण भारदह क्रस भयो। मोर्चा कार्यकर्ताले कालोझण्डा देखाउनु बाहेक केही गरेनन्। अभियानको कञ्चनपुर रूपनी रूटमा पनि केही भएन। एमाले अभियान मलेठको औद्योगिक क्षेत्र भित्र बिना रोकटोक प्रवेश गरेको थियो। सभास्थल सुरक्षाको कमाण्ड नेपाल प्रहरीका प्रहरी उपरिक्षक र शसस्त्र प्रहरी उपरिक्षकले गरेका थिए। सुरक्षाकर्मीको संख्या बढी भएकाले पनि प्रदर्शनकारीहरू कार्यक्रमस्थल छिर्न सक्ने अवस्था थिएन।केहि दिन अगाडी आएका सगरमाथा अञ्चल प्रहरी प्रमुख एसएसपी शर्मा भन्छन् परे हातखुट्टा भाँचिने गरी लाठी हान्नु तर गोली नचलाउनु भनिएको थियो। (श्रोतः साप्ताहिक खबर पत्रिका, प्रकाशन मितिः २९ फागुन - ५ चैत्र,२०७३)

३. "हिंसामा मोर्चा नै दोषी" शिर्षकमा एमालेले सप्तरी घटनामा सुरक्षाकर्मी तथा जिल्ला प्रशासनले अधिकतम संयम अपनाएकै कारण सप्तरीमा एमालेका पार्टी अध्यक्ष लगायत वरिष्ठ नेता जोगिएको कुटनितिज्ञहरूलाई अवगत् गराएको छ। ब्रिफिङ्को सुरूमा एमालेउपाध्यक्ष भीम रावलले सप्तरी घटनापछि उत्पन्न परिस्थितीबारे पार्टीको लिखित मन्तव्य सुनाएका थिए। जिल्लाका सुरक्षाकर्मी र जिल्ला प्रशासनले अधिकतम संयम अपनाएर ठूलो दुर्घटना हुनबाट बचाएका हुन्। अन्यथा सभामा सहभागी एमाले शिर्ष नेतामाथि आक्रमण हुन सक्थ्यो। एमाले बिदेश बिभाग प्रमुख माधव कुमार नेपालले भने सुरक्षाकर्मीको प्रशंसा गरिनुपर्थ्यो तर गृह मन्त्रालयले फिर्ता बोलाएर हतोत्साही बनाउने काम गरेको छ। गृहमन्त्री बिमलेन्द्र निधिले सुरक्षानिकाय र प्रमुख जिल्ला अधिकारीलाई फिर्ता गर्नुबाट उक्त घटना उच्च सरकारी तहबाट नियतवश नै गराउन खोजिएको थियो की भन्ने आशंका देखिएको उनले बताए भनी प्रकाशन भएको पाईयो। (श्रोत अन्नपुर्ण पोष्ट, प्रकाशन मितिः २०७३।११।२७)

४. प्रहरीको गोली लागि मलेठमा मृत्यु भएका चारैजनाको शव धरानस्थित बिपी स्वास्थ्य बिज्ञान प्रतिष्ठानबाट शुक्रबार सप्तरी ल्याईने भएको छ। एमालेको मेची महाकाली अभियान अवरोध गर्ने क्रममा चार दिन अघि सप्तरीको मलेठमा उनीहरूको मृत्यु भएको थियो। राजबिराजमा विहीबार भएको सर्वपक्षीय सर्वदलीय बैठकले मधेशी मोर्चाको माग पुरा गर्न गृह मन्त्रालयमा सिफारिश गरी पठाईएको भन्दै शव ल्याउने निर्णय गरेको हो। र मोर्चा आवद्ध समाजबादी फोरमका केन्द्रिय सदस्य शैलेन्द्र प्रसाद साहका अनुसार शव शुक्रबार सप्तरी ल्याइ जनकपुर सम्म शवयात्रा गरिने तय भएको छ र शनिबार सामुहिक अन्त्येष्टी गरिने भएको छ भनी समाचार प्रकाशित भएको पाईयो। (श्रोतः नयाँ पत्रिका, प्रकाशित मितिः शुक्रबार २७ फागुन २०७३)

५. अहिले नेपालमा राष्ट्रिय र क्षेत्रिय दलबिच निषेधको राजनीति चलेको छ एउटा ७० वर्ष अघि जन्मेको पार्टी एमाले र अर्को ५ देखि १० वर्षको ईतिहास बनाएका पार्टीहरू। एउटा जेठो दाई र अर्को कान्छो भाई। वास्तवमा कान्छो छोरो उद्दण्ड भयो भने जेठो सुझबुझ सहित संयमित हुनुपर्छ। तर उ बाठो हुँ भन्छ। वास्तवमा निषेधको राजनीतिको शुरूवात्कर्ता नै उही हो। बि.सं. २०७२ मंसीर ११ गते संयुक्त लोकतान्त्रीक मधेशी मोर्चाले सुनसरीको ईटहरीमा आयोजना गरेको सभा स्थानीय बासिन्दाको भेषमा युवासंघ मार्फत् बिथोल्न लगाउने उही जेठो हो। फेरी अहिले त्यसैको बदला स्वरूप जेठोको सभा कान्छाहरूद्वारा बिथोलिएको छ। फेरी यी दुई दाजुभाईहरू बिच अहंकार र घमण्ड सृजना भएको देखिन्छ। सप्तरीको हिंसा र मानवीय क्षति कुनै पनि हालतमा आकस्मिक होईन र मान्नु पनि हुदैन। पूर्वानुमान थियो नै, जेठोको मेची महाकाली अभियानले मधेशमा तनाव बढाउँछ र तनावले हिंसाको रूप लिन्छ। यति जान्दा जान्दै पनि न जेठो, न कान्छो नै गंभीर देखिए। एउटाले कार्यक्रम कुनै पनि हालतमा जसरी पनि गर्न लागि प्रतिष्ठा बिषय ठान्छ, अर्को अवरोध गर्न प्रतिष्ठाको बिषय ठान्छ। वास्तवमा यी दुई बालहठले सप्तरीमा हिंसाको रूप लिएको छ र अनाहकमा ४ जना नेपाली नागरिकले ज्यान गुमाउनु पर्‍यो। आज जुन अराजक अवस्था पैदा भएको छ। त्यसको मुख्य असली ठेकेदार जेठो नै हो। कान्छो पनि यसमा अछुत चाहिं छैन। द्वन्द्वको सृजना हुने कुरा थाहा हुँदा हुँदै कुनै पनि हालतमा आफ्नो शक्ति प्रदर्शन नरोक्दा उसको कमजोरी देखिएको छ। (श्रोतः अनलाईन खबर, प्रकाशित मितिः २०७३ फागुन २७)

६. सुरक्षाकर्मीको बचाउगर्दै गृह मन्त्री बिमलेन्द्र निधिले २७ फागुनमा संसदलाई सप्तरी घटनाबारेजानकारी दिँदै "सुरक्षाकर्मीले ठूलो क्षति रोक्न वाध्यात्मक परिस्थितीमा गोली चलाएको" बताएका थिए। गृहमन्त्री निधिले, "एमालेको कार्यक्रम भइरहेका बेला अनियन्त्रित भीड घरेलु हतियार र पेट्रोल बम सहित कार्यक्रम स्थलतर्फ बढ्दा रोक्न खोज्दा स्थिती नियन्त्रण बाहिर गई ठूलो क्षति हुने अवस्था आएपछी स्थानीय सुरक्षा अधिकारीको आदेशमा गोली चलेको" बताएका थिए भन्ने समेत एक अनलाईन खबरमा समाचार प्रकाशित भएको पाइयो। (श्रोतः center for investigative journalism (cijnepal.org.np) 3/21/2017)

२.२. छानविन टोलीको स्थलगत अवलोकन तथा छानविनबाट प्राप्त तथ्यहरू

७. ने.क.पा. (एमाले) ले २०७३।११।२३ मा सप्तरीको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र भित्र आयोजना गरेको आमसभालाई बिरोध गर्दै विहानै देखि लामा लामा बाँसका भाटा, लाठी बोकी उत्तेजक नाराहरू लगाउँदै बाटो, चोकहरूमा आगोबाल्दै प्रदर्शनकारीहरू हिँडेको। जिल्लाको बिभिन्न स्थानमा समूह समूहमा बसेका मोर्चाका कार्यकर्ताहरूले एमालेका कार्यकर्तालाई कार्यक्रम स्थल प्रवेशमा रोक लगाईरहेका थिए भन्ने सूचना तथा विवरणहरू टोलीलाई प्राप्त भएको।

८. उल्लेखित भीडहरूलाई नियन्त्रण गर्न तथा शान्ति सुरक्षा कायम गर्न खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखहरूकै उपस्थितीमा विरोधकर्ताहरूलाई मुख्य कार्यक्रम स्थलमा प्रवेश गर्ने ढोकाभन्दा करिव ३०० मिटर टाढा नै रोकिएको थियो। रोक्ने क्रममा प्रदर्शनकारीहरूबाट प्रसस्त ढुंगा, ईंटाहरू प्रहरी माथि प्रहार गरेको देखिन्छ। यस्तै प्रहरीले पनि प्रदर्शनकारीहरूतर्फ ढुंगा ईंटा हानेको देखिन्छ। यसैक्रममा प्रहरीले भीड हटाउन पटक पटक अश्रुग्यास हानेको देखिन्छ। प्रहरीले प्रहार गरेको अश्रु ग्याँस फुट्न नपाउँदै प्रदर्शनकारीहरूले प्रहरीहरू तर्फ नै प्रहार गरेको समेत स्पष्ट देखिन्छ।

९. साँझ करिव ५ बजेको समयमा प्रदर्शनकारीहरूको भीड केही बढी नै उत्तेजीत भै औद्योगिक क्षेत्रका दक्षिण पूर्वतर्फको पर्खाल नाघ्न खोजेको अवस्थामा सुरक्षाकर्मीबाट गोली चलाएको पाइयो। प्रहरीले चलाएको गोली लागी करिव आधा दर्जन भन्दा बढी व्यक्तिहरू जमिनमा ढल्न पुगेपछि प्रदर्शनकारीहरू तितरवितर भएर स्थिती नियन्त्रणमा आएको र सबै गम्भीर घाइतेहरूलाई अस्पताल तर्फ लगेको देखिन्छ। यस क्रममा बर्ष २६ का सन्जन कुमार मेहताको टाउकोमा गोली लागी तत्काल मृत्यु भएको घटना स्थलमा आधारित तथ्य र अस्पतालको कागजात (Post mortum report) द्वारा पुष्टि भएको। प्रहरीले चलाएको गोली लागी बर्ष ५० का पिताम्बर मण्डल र बर्ष ३८ का आनन्द कुमार साहको मृत्यु कतिखेर भएको भन्ने स्पष्ट खुल्दैन। शव परिक्षण प्रतिवेदनमा देखिएका चोटका लक्षणहरू हेर्दा चोटपछि तुरून्तै मृत्यु हुन सक्ने देखिन्छ।

१०. प्रहरीको गोली लागी बर्ष ३७ का वीरेन्द्र कुमार मेहतालाई उपचारार्थ वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (धरान अस्पताल) मा लगिएकोमा तत्काल शल्यक्रिया भएपनि उपचारका क्रममा निजको मृत्यु भएको पाइयो। यस्तै, गोली लागी घाइते भएका बर्ष ५७ का इनर यादवको २०७३।११।२७ मा उपचारका क्रममा मृत्यु भएको पाइयो।

११. शव परिक्षण प्रतिवेदन अनुसार सञ्जनकुमार मेहताको टाउकोमा गोली लागी गिदी समेत बाहिर निस्केको, पिताम्बर मण्डलको दाहीनेतर्फ अगाडी छातीमा गोली लागी दाहीने पटी छातीबाटै पछाडी गोली निस्केको र उक्त गोलीले दाहीने पटीको फोक्सो र कलोजोमा चोट परेको देखिन्छ। आनन्द कुमार साहको दाहीने पटी छातीको पछाडी गोली लागि, छातीको दाहीने पटी अगाडीबाट निस्केको देखिन्छ र सो क्रममा दाहीने फोक्सोमा चोट परेको देखिन्छ। त्यसैगरी वीरेन्द्रकुमार मेहताको दाहीने पटी छातीमा गोली लागी देब्रेपटी पेटबाट निस्केको देखिन्छ। उक्त गोलीबाट पेटमा रहेका अंगहरूमा चोट परी उपचारको क्रममा सोही दिन मृत्यु भएको देखिन्छ।

१२. उक्त घटनाबाट घाइते भई तत्काल अस्पताल लगी उपचार पश्चात निको हुने क्रममा रहेका केही घाइतेहरूको समेत भनाई सुनियो। निजहरूको शरिरमा भएका खतहरूको अवलोकन पनि गरियो। यस क्रममा बर्ष ४२ पेशा गर्ने अधिवक्ता दिगम्बर यादवको घाउखत जाँच गर्दा निजले घटना घट्दाको समयमा लगाएको कालो कोटको पछाडी बिच भागमा ३.५ से.मि. ८ १.५ से.मि. को प्वाल र सोही आकारको निको भएको खत छालामा देखिन्छ। धरान अस्पताल, सर्जरी विभागमा २०७३।११।२४ मा भर्ना भई २०७३।१२।१ मा कलेजो र दाहीने मृगौलामा परेको चोटको उपचार गरी हाल निको भएको अवस्था देखियो। चिकित्सकको भनाई अनुसार निजको शरीरमा गोली यद्यपी बाँकी रहेको, तर त्यसले हाललाई भने कुनै पीडा दिएको देखिएन। गोली शरीर भित्रै रहेको कारण भविष्यमा कुनै असर पर्ने होकी भन्ने मानसिक त्रास निजमा रहेको देखियो।

१३. अर्का घाइते बर्ष २२ का दिलीप यादव पनि २०७३।११।२४ मा धरान अस्पतालमा भर्ना भई उपचार पश्चात २०७३।११।२९ मा उपचार पश्चात घर फर्केको। निजको छातीमा देब्रे पटी तल्लो भागमा गोली लागी फियोमा चोट परेको र शल्यक्रयाद्वारा सफल उपचार भएको पाइयो। अवलोकन गर्दा देब्रेपटी छातीको तल्लो भागमा ४ से.मि. * १.५ से.मि. को खत देखिन्छ। उपचारको क्रममा पेटमा शल्यकृया गर्दा भएका घाउका खतहरू समेत देखिए। निजको छातीको पछाडी पटी गोलीको टुक्रा भएको र तत्काल निकाल्न नसकिएको चिकित्सकले बताएको निजको बयानमा उल्लेख भएको पाइयो।

१४. गोली लागी घाइते भएका बर्ष ३५ का जितेन्द्र प्रसाद साह घर फर्कने क्रममा अचानक पाखुरामा गोली लाग्ने बित्तिकै घाइते भई भूईंमा लडेको, अस्पतालमा केही दिन उपचार पश्चात घर फर्केको। हाल निजलाई चिकित्सकले Arm support लगाउन दिएको सुझाव बमोजिम Arm support लगाइ रहेको पाइयो। हातले सामान्य काम गर्न सक्ने भएपनि पूर्ण रूपमा काम गर्न नसक्ने अवस्था देखियो। गोली लागी उपचार गरिएको हात पूर्ण रूपमा चल्न नसक्ने पाइयो। निजको शरीररको जाँच गरी हेर्दा दायाँ हातको माथिल्लो पाखुराको पाता पट्टीको भागमा टाँका लगाई निको भएको घाउको खत, सोही पाखुराको भित्र पट्टी बाहिरी भन्दा ठूलो घाउको निको भएको खत र दाहीने कोखामा लम्बाकार आकारको खत देखियो।

१५. प्रहरीको लाठी चार्जबाट घाइते भएका पेशाले डकर्मीको काम गर्ने निरज यादवलाई छानविन टोलीले भेटी आवश्यक जानकारी लिएको थियो। कार्यक्रम हेर्न जाँदा प्रहरीको कुटाईबाट टाउकोमा चोट लागेको र निजको ५ से.मी. को घाउको दाग हाल पनि देखिएको थियो। निजलाई सगरमाथा अन्चल अस्पतालमा उपचार गर्दा घाउमा टाँका लगाउनु परेको थियो। निजको शरीरमा हाल कुनै समस्या रहेको पाइएन।

१६. प्रहरीको प्रतिवेदन अनुसार घटनामा परी १९ जना प्रदर्शनकारीहरू, ३१ जना नेपाल प्रहरी र १७ जना सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरू घाइते भएको पाइयो।

१७. झडपका क्रममा घाइते भएका तत्काल उपलब्ध भएका केही प्रहरी कर्मचारीहरूसँग छानविन टोलीले भेटी निजहरूको घाउखतको जाँच र परिक्षण गरेको थियो। घाइते भएका प्रहरीहरूका अनुसार प्रदर्शनकारीहरूले ढुंगा, ईंटा, बोतल तथा आगो लगाएका प्लाष्टिकका बोतलबाट प्रहार गरेका थिए। घाइते भएका मध्ये २० जना प्रहरीहरूले सगरमाथा अन्चल अस्पतालमा चेकजाँच गराएको पाइयो। हाल निजहरूलाई लागेको घाउखत देखिएपनि निको भईसकेको अवस्थामा पाइयो। केही घाइतेहरूका शरीरका विभिन्न भागका X-Ray समेत गराएको पाइयो। तर कुनै पनि सुरक्षाकर्मी अंगभंग भएको वा चोटको कारणले असक्त भएको भने पाइएन।

१८. प्रहरीको गोली लागि मृत्यु भएका तीनजना व्यक्तिहरूको लाश स्थानीयबासीले औद्योगिक क्षेत्रकै पर्खालको छेउमा गाडेको देखिएको।

१९. मृतकका परिवारले रू. १० लाख राहत / क्षतिपूर्ति पाएको तथा घाइतेहरूको निःशुल्क उपचार गराईएको भएता पनि टोलीले भेटेका केही घाइतेहरूको हालसम्म पनि शरीरमा नै गोली रहिरहेको पाईयो। गोली लागी घाइते भएकाहरू मध्ये केहिले आफ्नो दैनिक व्यबसायमा फर्किन नसकेको भन्ने बुझिएका घाइते व्यक्तिहरूको भनाई रहेको।

२०. घटना पश्चात् २४ गते नै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरीका प्रहरी उपरिक्षक, सशस्त्र प्रहरी बलका प्रहरी उपरिक्षकको काठमाण्डौ झिकाईको भन्ने जानकारी प्राप्त भएको।

२१. एमालेका केहि जिल्ला स्तरका कार्यकर्ताहरू घटनापछि राजबिराजमा बस्न नसकी अन्यत्र बस्नु परेको र केहि दिन पछि मात्र सदरमुकाम आउन सकेको भन्ने जानकारी प्राप्त भएको।

२२. जिल्ला स्तरका एमालेका कार्यकर्ताहरू र मधेशी मोर्चाका कार्यकर्ताहरूबिच व्यापक रूपमा मनमुटाव बढेकोले गर्दा सर्वदलिय तथा सुरक्षा समितिको बैठकमा बिवाद तथा निर्णय पुस्तिका (माईन्युट) च्याताचात समेत भएको भन्ने जानकारी समितिले पाएको।

२३. तत्कालीन प्रमुख जिल्ला अधिकारी र नेपाल प्रहरीका प्रहरी उपरिक्षकको प्रयासले राजबिराज रङ्गशालाबाट गजेन्द्र नारायण औद्योगिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने सहमती गराउन सफल भएको भन्ने रहेको र उक्त कार्यक्रममा प्रजातान्त्रिक तथा शान्तिपुर्ण ढङ्गले बिरोध गर्ने भनी सहमती गराईएको भएता पनि उक्त निर्णय कार्यान्वयन नभएको।

२४. प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयबाट मिति २०७४।२।२६, च.नं. १०६८ मार्फत प्राप्त भएको पत्रमा मलेठ घटनामा परिचालित प्रहरीको संख्या, प्रयोग भएको गोली समेतको कूल विवरण उल्लेख भएको पाइयो। यस अनुसार उक्त घटनामा सुरक्षार्थ परिचालित भएको नेपाल प्रहरीको संख्या १०८७ जना, प्रयोग भएको अश्रु ग्याँस १२७, रबर बुलेट ९ राउण्ड र डमी बुलेट २ राउण्ड रहेको पाइयो।

२५. यस्तै, सशस्त्र प्रहरीबल सप्तरीले दिएको विवरण अनुसार उक्त मितिमा विहान ९ बजेको समयमा सद्भावना पार्टीका सप्तरी १ को नेतृत्वमा करिव ७० जनाको संख्यामा विरोध र्‍याली निकाली करिव १०:२० बजे औद्योगिक चोकमा टायर बालेको , राजविराज रूपनी भित्री सडक खण्डमा रातो कपडाले बरिएको शंकास्पद बस्तु फेला परेकोमा नेपाली सेना कृष्णदल गणको टोलीले डिष्पोज गरेको। यस्तै प्रिप्रहरी मा.वि. अगाडी फेला परेको शंकास्पद प्रेषर कुकर बम डिष्पोज गरेको। सशस्त्र प्रहरी बलको दैनिक चेकपोष्ट मोर्चाका कार्यकर्ताहरूले भत्काई आगो लगाई जलाएको, सडकमा टायर बाली पूर्व पश्चिम लोकमार्ग बन्द गरेको, पातो बजारमा पसल बन्द गर्दै हिँडेको भन्ने समेतको सूचना समितिलाई प्राप्त भएको।

२६. घटना भएको भोलीपल्ट अर्थात् २४ गते पनि मोर्चाका कार्यकर्ताहरूले राष्ट्रिय मानव अधिकार आयोगको बा. ७ च ७४७३ नम्बरको गाडीको अगाडीको सिसा फुटाएको, नेपाल टलिकमको कार्यालयको झ्यालको सिसा फुटाएको, शान्ति समितिको कार्यालयमा आगजनी गरेको, जिल्ला बन कार्यालयमा पेट्रोल बम समेत प्रहार गरी आगजनी गरेको भन्ने समेत सशस्त्र प्रहरीबल जिल्ला स्थित कार्यालयबाट प्राप्त भएको विवरणमा उल्लेख भएको पाइयो।

२७. घटना भएको भोलीपल्ट मलेठमा आयोगका मा. सदस्य श्री मोहना अन्सारी सहित्को उच्चस्तरिय अनुगमन टोली पुग्दा आयोगको गाडी तोडफोड भएकोमा सुरक्षा निकायसँग समन्वय नगरी घटनास्थलमा गएको, उक्त स्थानमा सुरक्षा स्थितीको संवेदनशीलतालाई पूर्वानुमान नगरी जाँदा आयोगको सवारी साधन र स्वयम्अनुगमन सदस्यहरूले सुरक्षा चुनौतीको सामना गर्नुपरेको भन्ने समेत सुरक्षा र प्रशासनले समितिलाई जानकारी दिएको।

२८. घटना पश्चात २६ गते जिल्ला प्रशासन कार्यालय सप्तरीका निमित्त प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटवालको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा मृतकहरूलाई शहीद घोषणा र यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराउने प्रकृया अघि बढाउन, घाइते व्यक्तिहरूको उपचार खर्च, मृतक परिवारका १ जना व्यक्तिलाई रोजगारीको आवश्यक व्यवस्था गर्नको लागि गृह मन्त्रालयमा लेखी पठाउने र घाइतेहरूको विवरण संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट लिई गृह मन्त्रालयमा पठाउने निर्णय गरेको पाइयो।

२.३. विभिन्न व्यक्तिहरूको भनाइ तथा बयान

२९. २०७३।११।२३ गते विहानैदेखि मोर्चाका कार्यकर्ताहरूले औद्योगिक क्षेत्रलाई घेरेको , प्रदर्शनकारीहरूले प्रहरीलाई ढुंगा मुढा गर्दै केही स्थानमा आगजनी गरी रहेको। केही स्थानहरूमा बम फेला परेको, स्थितीलाई नियन्त्रणमा लिन कयौं राउन्ड अश्रुग्यास प्रहार गरेकोमा कार्यक्रम सकिन लाग्दा स्थितीलाई नियन्त्रणमा लिन गोली चलाउनु परेको भन्ने समेत घाइते समेत रहेका प्रहरी जवान प्रहरी १ को बयानमा उल्लेख भएको पाइयो।

३०. घाइते सुरक्षाकर्मीहरूको घा.जाँच गराईएको, कोही कसैबाट घटनाको किटानी जाहेरी दर्ता नभएको, तत्कालीन गृहमन्त्री जिल्लामा गई मृतकका परिवारलाई शहीद घोषणा र रू १० लाख प्रदान गरिसकिएको साथै घटना भएको दिन फिल्डमा जिल्ला प्रहरी कार्यालयका एस.पी. आफैं खटी सुरक्षाकर्मीलाई संयमीत हुन र धैर्यतापुर्वक सुरक्षाका कार्य गर्न निर्देशन दिईरहेको भन्ने जिल्ला प्रहरी कार्यालयका हालका प्रमुख प्रहरी २ को बयानमा उल्लेख भएको पाईयो।

३१. नेपाल प्रहरीले प्रदर्शनकारीहरूलाई रोक्न कयौं सेल अश्रुग्याँस प्रहार गरेकोमा हावाको बहाव र प्रदर्शनकारीहरूले अश्रुग्याँस प्रहरीतर्फ नै हानेकोले अश्रुग्याँसबाट प्रहरीलाई असर पुगेको। तत्पश्चात नेपाल प्रहरी पछी हटेकोमा प्रदर्शनकारीहरू निषेधित क्षेत्रभित्र प्रवेश गर्नलाग्दा सशस्त्र प्रहरी अगाडी बढेको। आन्दोलनकारीहरूले प्रहरीको सञ्चार सेट समेत खोसेर अवस्था नियन्त्रण बाहिर जानलाग्दा हवाई फायर गरेको। रक्षात्मक अवस्थामा रहेको प्रहरीको अश्रुग्याँस र हवाई फायरबाट भीड नियन्त्रण हुन नसकेकोले ठूलो क्षति हुने सम्भावनाबाट रोक्नको लागि गोली चलाउनु पर्ने परिस्थिती आएको। पानीको फोहोराको गाडी समेत प्रदर्शनकारीहरूले केही तोडफोड गरेकोले र केही प्राविधिक कठिनाईले फोहोरा चलाउन नसकिएको भन्ने समेत बर्तमान प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालको भनाइ रहेको पाइयो।

३२. एमालेको मेची महाकाली अभियानमा सुरक्षा चुनौतीको विश्लेषण र पूर्वानुमान गरी सशस्त्र प्रहरीको झापा देखि धनकुटा सम्मका प्रहरी कर्मचारी परिचालित भएको। प्रदर्शनकारीहरूले भाला, भाटा, पेट्रोल बम बोकेका थिए। दिनभर प्रहरी र प्रदर्शनकारी बिच धकेलाधकेल भईरहेको थियो। प्रदर्शनकारीहरूले प्रहरीहरूलाई लखेटी रहेका थिए। प्रहरीले हानेको अश्रुग्याँस प्रदर्शनकारीहरूले प्रहरी तर्फ नै फालेकोले त्यसबाट प्रहरीहरू उल्टै प्रभावित बनेको। तत्पश्चात प्रदर्शनकारीहरू निषेधित स्थानतर्फ अगाडी बढ्दा नेपाल प्रहरी पछाडी हटेको। जिल्लाका सशस्त्र प्रहरीहरू सवारी साधन सुरक्षाको लागि खटेको। कार्यक्रम सकिने समयमा गोलीको आवाज सुनिएको तर कहाँ र कस्ले चलाएको भन्ने जानकारी नभएको। जिल्ला स्थित शसस्त्र प्रहरी बलको कार्यालयका प्रहरी कर्मचारीहरू बजार एरियामा परिचालन गरिएको र कार्यक्रमस्थलमा अन्यत्रबाट आएका सशस्त्र प्रहरी कर्मचारीहरू खटिएको। गोली चलाउनुपर्ने परिस्थिती सृजना भएमा प्रमुख जिल्ला अधिकारीको आदेश प्राप्त गर्नुपर्दछ। आत्मरक्षा गर्नुपर्ने भएमा गोली चलाउन सकिने र प्रहरीको हतियार तथा सञ्चार सेट खोस्न खोजेमा पनि गोली हान्न सकिने। सुन्सरीबाट खटिएको एक सशस्त्र प्रहरी कर्मचारीको सेट खोसिएकोमा हालसम्म फेला पर्न नसकेको भन्ने समेत सप्तरी जिल्लाका वर्तमान सशस्त्र प्रहरीबलका प्रमुख एस.पी. प्रहरी ३ लगायत प्रहरी अधिकारीहरूको भनाई रहेको पाईयो।

*एमाले मेची महाकाली अभियानमा सशस्त्र प्रहरीको झापा देखि धनकुटा सम्मका प्रहरी कर्मचारी परिचालित थिए। प्रदर्शनकारीहरूले भाला,भाटा, पेट्रोल बम बोकेका थिए। सुरक्षाकर्मीहरू घाइतेभएका थिए। प्रदर्शनकारीहरूले हामीलाई लखेटी रहेका थिए। नेपाल प्रहरी पछाडी हट्यो। हामी सवारी साधन सुरक्षाको लागि खटेका थियौं। त्यही समयमा गोलीको आवाज सुनिएको थियो तर काहाँ र को बाट गोली चलेको थियो भन्न सकिएन। जिल्ला स्थित शसस्त्र प्रहरी वलको कार्यालयका प्रहरी कर्मचारीहरू बजार एरियामा परिचालन गरिएको र कार्यक्रमस्थलमा अन्यत्रबाट आएका प्रहरी कर्मचारीहरू खटिएका थिए। गोली चलाउनु परिस्थिती सृजना भएमा प्रमुख जिल्ला अधिकारीको आदेश प्राप्त गर्नुपर्दछ। आत्मरक्षा गर्नुपर्ने भएमा गोली चलाउन सकिने र प्रहरीको हतियार तथा सञ्चार सेट खोस्न खोजेमा पनि गोली हान्न सकिन्छ। सुन्सरीबाट खटिएको प्रहरीको सेट खोसिएकोमा हाल सम्म फेला पर्न नसकेको। दिनभर प्रहरी र प्रदर्शनकारी बिच धकेलाधकेल भईरहेको थियो। करीब ४,००० को संख्यामा मोटरसाईकल हरू थिए। एमालेका ३ वटा बाईक प्रदर्शनकारीले जलाईदिएका थिए। तोकिएको निषेधित क्षेत्र पनि प्रदर्शनकारीले नाघीसकेका थिए। प्रहरी कर्मचारीबाट माईकिङ्ग तथा चेतावनी दिने कार्य भएको थियो। ३,४ हजार जतिको संख्यमा भीड रहेको थियो। कार्यक्रमको अन्त्य तिर झन भीड बढेको थियो। अन्त्य तिर एमालेका नेताहरू मथि नै आक्रमण गर्ने संभावना देखेर सुरक्षार्थ गोली चलाउनु पर्‍यो। दोहोरो झडपको क्रममा भुईमा ढलेको अवस्थामा छाती र टाउकोमा गोली लागेको हुनसक्छ।*

*हरेक १३ जनाको प्रहरी बटालियनमा दुई जना संग हतियार रहन्छ भने अन्यसंग लाठी मात्र रहेको हुन्छ। त्यो बेलाको समय र परिस्थितीमा गोली नचलेको भए बिगतका गौर र टीकापुर घटना दोहोरिन सक्ने संभावना थियो। प्रहरीले उक्त दिन ठुलो क्षति हुनबाट जोगाएको हो। सशस्त्र प्रहरी उपरिक्षक प्रहरी ३ तथा प्र.ना.उ.प्रहरी ४, प्रहरी हवल्दार प्रहरी ५, प्रहरी ६ लगायतको भनाई।*

३३. घटनामा नेपाल प्रहरीका जिल्ला प्रमुखले खटिएका प्रहरीहरूलाई संयमित हुने र बल प्रयोग नगर्ने भनी निर्देशन भएको। विहानैदेखि झडप भइरहेको। प्रदर्शनकारीले लाठी, गुलेली, भाटा, ढुङ्गा मुढाले प्रहरीतर्फ प्रहार गरिरहेका। प्रहरीले चेतावनी दिनुका साथै माईकिङ्ग पनि गरिराखेको थियो भन्ने समेत प्रहरी सहायक निरिक्षक प्रहरी ७ कोभनाई रहेको पाइयो।

३४. कार्यक्रम सकिने समयमा गाडीहरू गेटबाट बाहिर निस्कन थालेपछि गोली चलेको। मलाई कोखामा गोली लागेको। उपचारको लागि राजविराज स्थित अन्चल अस्पतालमा लगिएकोमा उपचार सम्भव नभएकोले धरान स्थित वि.पी. मेमोरियल स्वास्थ्य प्रतिष्ठानमा लगिएको। चिकित्सकले गोली हाललाई (तत्काल) निकाल्न नपर्ने सुझाव दिएको। मेरो शरीरमा लागेको गोली हालसम्म पनि शरीर भित्रै रहेको भन्ने दिलिप कुमार यादवको बयानमा उल्लेख भएको पाइयो।

३५. म अदालतबाट कामसकी फर्कदै थिएँ। के.पि. शर्मा वली समेतका नेताहरूको उपस्थितीमा करिव ३ बजे देखि औद्योगिक क्षेत्रभित्र कार्यक्रम शुरू भएको थियो। बिहान अदालत जाँदा बाटो, चोकमा मोर्चाका कार्यकर्तालाई देखेको थिएँ। उनीहरूले "हामीले एमालेलाई कार्यक्रम गर्न नदिने भनेका थियौं, जाऔं" भन्दै संगठित हुँदै थिए। म औद्योगिक क्षेत्रमा आइपुग्दा करिव १०,००० (दशहजार) को संख्यामा जनता, कार्यकर्ता थिए। प्रहरीहरू करिब २।३ हजार थिए। म त्यहाँ पुग्दा दुबैतर्फबाट ढुङ्गामुढा भइरहेको थियो। एमालेको कार्यक्रम सकिएर नेताहरू बाहिर निस्कन लागेको अवस्थामा अश्रुग्याँस चल्यो। करिव यसको ५ मिनेट पछि गोली चल्यो। गोली चलेपछि मेरो नजिकै मानिस ढल्यो। मानिस ढलेको देखे पछि म "गोली चल्यो " भनी केहि साथी सहित राजबिराज तिरै फर्कन लागेका थियौं। उल्लेखित मानिस ढलेको करिव २ मिनेट पछि मलाई ढाडबाट गोली लाग्यो। म घटनास्थल मै ढलें। तत्कालै मोटरसाइकलबाट सगरमाथा अञ्चल अस्पताल लगी प्राथमिक उपचार गरेपश्चात करिव ५ बजेतिर धरान बि.पि. मेमोरियल अस्पतालमा रिफर गर्‍यो। त्यस अस्पतालमा १३ दिन उपचार गरी घर फर्कें। हालसम्म ५ पटक अस्पताल गएँ। मेरो ढाडमा गोली लागेकोमा त्यो गोली किड्नीको छेउमा अड्किएको छ र गोली निकाल्न मिल्दैन भनी चिकित्सकले भनेका छन्। मैले उक्त दिन वकीलले लगाउने पोशाक लगाएको थिएँ। हाल आएर पछि मरिने होकि भन्ने मनोबैज्ञानिक डर छ। ३ महिना सम्म आर्थिक आय आर्जनमा भएको क्षतिपूर्ति र निःशुल्क (भविश्यमा ) उपचारको व्यवस्था सरकारले गर्नु पर्छ भन्ने समेत घाइते दिगम्बर यादवको बयानमा उल्लेख भएको पाइयो।

३६. तराई मधेश केन्द्रित दलहरूले बिगत २ वर्षदेखि बिभिन्न माग राखी आन्दोलनरत रहेको। बेलाबखत्आन्दोलनका स्वरूपहरूमा परिवर्तन गरिएको। त्यही बिचमा एमालेको मेची महाकाली अभियान अन्तर्गत राजबिराजमा कार्यक्रम तय भएको। सप्तरी जिल्लाका जनताहरू के.पी. ओलीको नामै सुन्न नचाहने। २०७३ फाल्गुन २३ गते राजविराजमा आयोजना गरेको एमालेको कार्यक्रम कुनै पनि हालतमा बिथोल्ने भन्ने मोर्चाको रणनीति रहेको। तथापी यसको कुनै लिखित निर्णय नभएको। उक्त दिन मोर्चाले चक्का जामको कार्यक्रम पहिले देखि नै घोषित गरेको थियो। यस्तो परिस्थितीमा जिल्लामा कार्यक्रम नगर्नको लागि एमालेका जिल्लास्तरका नेताहरूलाई अनुरोध गरिएकोमा जवरजस्ती कार्यक्रम गर्‍यो। ठुलो संख्यामा प्रहरी परिचालन गरिएकोमा अनाहकमा गोली चलाईएको भन्ने समेत संयुक्त लोकतान्त्रीक मधेशी मोर्चा सप्तरीको सप्तरी १ को बयानमा उल्लेख भएको पाईयो।

*हाम्रो २९ दलको गठबन्धले बिगत २ वर्ष देखि बिभिन्न माग राखी आन्दोलनरत थियौं। बेलाबखत्आन्दोलनका स्वरूपहरू परिवर्तन हुँदै गर्थे। त्यही बिचमा एमालेको मेची महाकाली अभियान अन्तर्गत राजबिराजमा कार्यक्रम तय भयो। सप्तरीका जनताहरू के.पी. ओलीको नाम सुन्न चाहदैनथे। कुनै पनि हालतमा के.पी. ओलीको कार्यक्रम बिथोल्ने भन्ने थियो। तर यसको कुनै लिखित निर्णय थिएन। हाम्रो चक्का जामको कार्यक्रम पहिले देखि नै घोषित थियो। यस्तो परिस्थितीमा जिल्लामा कार्यक्रम नगर्नको लागि एमालेका जिल्लास्तरका नेताहरूलाई अनुरोध गरिएको हो। हामी आन्दोलनमा छौं स्थिती सहज नभएकाले कार्यक्रम नगर्नका लागि सप्तरी ६ र प्रशासन समक्षमा भनेका थियौं। जिल्लामा १५०० प्रहरी रहेका थिए। २–३ हजार जना बाहिरबाट ल्याइयो। २०–२५ हजार जनता विरोधमा आएका थिए। के.पी. ओलीको भाषण शुरू हुनासाथ तनाव बढ्दै गयो। एक्कासी गोली चल्यो। सञ्जन मेहतालाई पक्राउ गरेर गोली हानेको हो। ईनर यादवलाई गोली लागेर उठाउन खोज्दा आनन्द साहलाई पनि गोली लागेको हो। म प्रदर्शनकारी तर्फको नेतृत्वकर्ता थिएँ। एमालेको यस कार्यक्रममा यदि के.पी. ओली नआएको भए यस्तो घटना घट्ने थिएन। संयुक्त लोकतान्त्रीक मधेशी मोर्चाका सप्तरी १ का बजायन।*

३७. प्रेस विज्ञप्ति जारी गरेर मोर्चाले एमालेको कार्यक्रम गर्न नदिने भनेको। एमालेकी नेतृ रञ्जु ठाकुरले पनि राजनितिक कार्यक्रम भएकाले कार्यक्रम नबिथोल्न प्रेस मार्फत अपिल गर्नुभएको। मोर्चाले लाठी, भाटा तयार गरेका। गाँउ गाँउबाट मोर्चाका कार्यकर्ताले एमालेका कार्यकर्तालाई राजविराज ( कार्यक्रम स्थल) मा आउन रोक लगाएका। कार्यक्रम स्थलको करिव एक कि.मी. आसपासमा प्रदर्शनकारीलाई प्रवेश नदिने भनेर सुरक्षाकर्मीले घेराउ गरेका। मोर्चाका कार्यकर्ताहरूलाई पक्राउ गर्दा भीड नियन्त्रण हुन्छ भन्ने ठानेर प्रहरी उपरिक्षक दिवेश लोहनीले पक्राउ गर्न आदेश दिईरहेका। प्रहरी उपरिक्षकले सम्झाई बुझाई गरिरहेका थिए भन्ने समेत प्रत्यक्षदर्शी तथा पत्रकार सप्तरी २ को बयानमा उल्लेख भएको पाइयो।

३८. के.पि. शर्मा ओली मधेश बिद्रोही नेता भएकाले उनको यहाँ विरोध थियो। एमालेले गर्ने भनेको आमसभा नगर्न मोर्चाले भनेकै थियो। फत्तेपुरमा सार्ने पनि कुरा थियो। तर औद्योगिक विकास क्षेत्र भित्र गर्‍यो। सभाको मञ्च रातभर प्रहरीले बनाइदियो। प्रमूख जिल्ला अधिकारी पनि एमाले कै थिए।कार्यक्रमको विरोध गर्न हामीले रातारात गाउँबाट केटाहरू झिकायौं। हामी करिव ३/४ हजार जना भयौं। हामीले आवत जावत गर्न दिएनौं। भारदहमा लाठी चार्ज भयो। औद्योगिक क्षेत्रमा ८/१० हजार प्रहरीहरू तैनाथ थिए। हामी जुलुस लिएर जान थाल्यौं। हामीले "मधेशी मोर्चा - जिन्दावाद !" "के.पी. ओली - मुर्दावाद !" भन्ने नारा लगायौं। हामीसंग ढुङ्गा मुडा मात्र थियो। कालो झण्डा थियो। प्रहरीलाई छिचोल्दै नाघेर अघि बढ्यौं। पूर्वबाट भित्र जान थाल्यौं। एस.पी. लाई एमालेका कार्यकर्ताले "यसलाई पक्राउ गर्नु" भन्यो। अनि मलाई एस.पि. ले लखेटे, बुटले हाने। म बेहोश भएँ। रेडक्रसले उद्दार गर्‍यो। अनि अस्पताल लगेपछि होस आयो। भीडन्त भयो। चारैतिर बाट घेराहाले त्यहाँ अश्रु ग्याँस धेरै चल्यो। ओलीको भाषण उत्तेजित थिएन। छोटो समयमा भाषण सकाएका थिए भन्ने समेत मोर्चाका नेता सप्तरी ३ कोबयानमा उल्लेख भएको पाइयो।

क्रमशः...

**स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको वेबसाइट**

# मधेश आन्दोलनकै रापबाट मधेशी निजामति कर्मचारी मञ्च स्थापना भएको हो



भुवनेश्वर चौधरी

**सामान्य** प्रशासन मन्त्रालयबाट अगाडि बढाइएको संघीय निजामति सेवा ऐन विधेयक मस्यौदाको विरोधमा अहिले चारवटा कर्मचारी संगठनहरू आन्दोलनमा छन् । असार २८ गते चारवटै राष्ट्रिय स्तरको ट्रेड युनियनले संयुक्त विज्ञप्ति मार्फत आफ्नो धारणा राखिसकेका छन् । संघीय निजामति सेवाको गठन सञ्चालनका सर्तहरूको व्यवस्था गर्न बनेको विधेयकको ड्राफ्ट अर्थमन्त्रालय र कानुनमन्त्रालयमा सहमतिको लागि पढाइएको थियो, त्यसमा राष्ट्रियस्तरको ट्रेड युनियनसँग छलफल गरिएन । नेपाल सरकारले चुनाव गराएर आधिकारिक ट्रेड युनियन स्थापित गराइसकेको छ । हामीसँग कुनै छलफल नै नगरी यो प्रक्रिया अगाडि बढाएकोमा हाम्रो आपत्ति छ । त्यो विधेयकमा पहिले राष्ट्रियस्तरको ट्रेड युनियन र आधिकारिक ट्रेड युनियन, जुन ऐनले व्यवस्था गरेको थियो, अहिलेको प्रस्तावित संघीय ऐनमा राष्ट्रियस्तरको ट्रेड युनियनको व्यवस्था गरेको छैन र त्यसप्रति हामीले विरोध जनाएका छौं । राष्ट्रियस्तरको ट्रेड युनियन सहितको आधिकारिक ट्रेड युनियन स्थापना गर्नुपर्छ भन्ने हाम्रो माग हो ।

वर्तमान निजामति सेवा ऐन ११७ (क) अनुसार पहिले भएको व्यवस्था नै हुबहु जस्ताको त्यस्तै आउनुपर्छ भन्ने हामी चारैवटा ट्रेड युनियनको धारणा रहेको छ । नेपाल मधेशी निजामति मञ्चको समावेशी समानुपातिक सिद्वान्त हुनुपर्छ भन्ने मूल मन्त्र नै रहेको छ । सरकारले ल्याउन लागेको विधेयक मस्यौदामा यो विधेयकमा समावेशी आरक्षणको कुरामा दफा ९ को १३ र १४ मा कसैले एकपटक आरक्षण लिइसकेपछि अर्को पटक लिन नपाउने र उसको छोराछोरीले पनि आरक्षण लिन नपाउने भन्ने व्यवस्था गरिएको छ । यो देशमा मानवअधिकारको रक्षा गर्नुपर्छ भनेर नेपाल सरकारले जनाइसकेको अवस्थामा हरेक व्यक्तिले हरेक कानुनको उपयोग गर्नुपर्छ र यसमा बुबाआमाले आरक्षणको माध्यमबाट कुनै पद पाइसकेको रहेछ भने उसका छोराछोरीले आरक्षण कोटा नपाउने भन्ने व्यवस्था ठिक छैन र यो सच्चाउनुपर्छ । हामीसँग छलफल नै नगरी जुन विधेयक अगाडि बढाइएको छ त्यसलाई सच्चाउनुपर्छ । यसका लागि हामीले दबाबमूलक कार्यक्रमहरू सञ्चालन गरिराखेका छौं र कर्मचारीलाई पन्छाएर राज्य अगाडि बढ्छ भन्ने मलाई लाग्दैन ।

अहिले जुन विधेयक अगाडि आएको छ त्यो नै लागू भयो भने निजामति प्रशासन सरकारले कर्मचारीमाथि एकल शासन सञ्चालन गर्न सक्छ ।

नेपालका ट्रेड युनियनले राजनीतिक दलको भातृ संगठनको रूपमा काम गरेको देखिन्छ भनेर आरोप लाग्ने गरेको छ तर हामी कुनै दलको भातृ संगठन होइनौं । हामीले कुनै दलको सदस्यता लिएका छैनौं । हामी बौद्धिक र शिक्षित जनता पनि हौं । देश र जनताको लागि हामीले पनि केही सोच्नुपर्छ भनेर कुनै दलप्रति आस्था राखिएला तर बाहिरी जनताको बीचमा देखाउँदैनौं । कुनै राजनीतिक दलको भातृ संगठनको रूपमा नेपाल मधेशी निजामति कर्मचारी मञ्च छैन । तर हाम्रो नाम नै नेपाल मधेशी निजामति कर्मचारी मञ्च रहेको छ यो मधेशवादी ट्रेड युनियन हो । मधेशको हक अधिकारको लागि मधेशी निजामति कर्मचारी मञ्च सधैं अगाडि

**मधेशी कर्मचारीहरू संगठित भएर अगाडि बढ्ने र मधेशवाट निजामति क्षेत्रमा कसरी बढीभन्दा बढी सहभागी हुने भन्ने हाम्रो प्रमुख प्राथमिकता रहेको छ । मधेशी महिलाहरूलाई निजामति सेवाप्रति आकर्षित गराउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, विभिन्न ठाउमा लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने कुरा भइरहेको छ ।**

असन्तुष्ट हुन्छ । हामी आन्दोलित हुन्छौं र चारवटै ट्रेड युनियन मिलेर अन्य आन्दोलनको कार्यक्रम बाध्य भएर सार्वजनिक गर्नुपर्ने हुन्छ । विद्यमान निजामति ऐन अन्तर्गत ट्रेड युनियनले बहस, पैरवी र आन्दोलन गर्न सक्ने जुन कानुन छ त्यही अनुरूपको कार्यक्रम अगाडि बढाउँछौं ।

नेपालमा रहेका ट्रेड युनियनले कर्मचारीहरूलाई अनुशासित र कामप्रति उत्तरदायी बोध गराउने गरेको छ । हामी ट्रेड युनियनहरूले आफ्नो सेवागत हकहितको लागि एक ठाउँमा एकबद्ध भएका छौं । यो संगठनले कर्मचारीलाई जनताप्रतिको थप जिम्मेवारीलाई बोध गराएको छ । ट्रेड युनियन भएन भने रहन्छ । निजामति प्रशासनमा मधेशीको हक हितको लागि हामी पहल गर्छौं, सचेत गराउँछौं तर राजनीतिक हिसाबले कुनै पार्टीको झण्डा बोकेर हामी अगाडि बढ्दैनौं ।

राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपाल दुईवटा मधेशवादी दल हुन् । यी पार्टीहरूसँग हामी नजिक छौं शुभेच्छुक हौं । तर हामी राजपा र फोरमको भातृ संस्थाको रूपमा रहेका छैनौं । नेपाल सरकारले नेपाल मधेशी निजामति कर्मचारी मञ्चलाई उपलब्ध गराएको भवनमा राजपा नेपालको कार्यालय स्थापना भएको छ । तत्कालीन अवस्थामा ६ वटा पार्टी मिलेर बनेको राजपा नेपाल स्थानीय निर्वाचनको संघारमा रहेको अवस्थामा केही समयको लागि हाम्रो भवनमा बसौं भनेर आग्रह गरिएको र यो सम्बन्धमा हाम्रो कार्य समितिको बैठकले केही समयको लागि बस्न दिएको हो । राजपाले केही समयको लागि बस्ने भनेकाले हामीले बस्न दिएका हौं । अब केही समयपछि महाधिवेशन होला अनि पार्टीले आफ्नो व्यवस्था गर्नुपर्छ ।

पहिलो मधेश आन्दोलनको समयमा हामी पनि सहभागी भएका हौं । मधेश आन्दोलनको क्रममा मधेशप्रति भएको विभेद र मधेश आन्दोलनलाई दबाउने जुन प्रयास भयो, त्यो समयमा हामी पनि संगठित भयौं र मधेश आन्दोलनकै राप र तापबाट यो नेपाल मधेशी निजामति कर्मचारी मञ्चको स्थापना भयो । मधेशी कर्मचारीहरू संगठित भएर अगाडि बढ्ने र मधेशवाट निजामति क्षेत्रमा कसरी बढीभन्दा बढी सहभागी हुने भन्ने हाम्रो प्रमुख प्राथमिकता रहेको छ । मधेशी महिलाहरूलाई निजामति सेवाप्रति आकर्षित गराउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, विभिन्न ठाउँमा लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने कुरा भइरहेको छ । अहिले निजामती क्षेत्रमा मधेशीको सहभागिता बढिरहेको छ यो सकारात्मक पाटो हो ।

मधेशमा विकासको कार्यक्रमहरू सञ्चालन गर्दा अनियमितता भएको देखिन्छ । प्रभावकारी विकास हुन नसक्नुको कारण त्यहाँका जनतालाई चेतनाको कमी हुनु हो । विकासको काम जहाँ हुँदै छ त्यस ठाउँको जनताले पहिले नै जानकारी गराउे गर्नुपर्छ, समूह गठन गर्नुपर्छ । यदि त्यहाँका जनतालाई आफ्नो ठाउँमा हुने विकासको कार्यक्रमको बारेमा जानकारी भयो भने भ्रष्टाचार हुँदैन । त्यो राज्यले गरेको देखिन्छ । मधेशका जिल्लाहरूमा कार्यालय प्रमुख मधेशी हुनुपर्छ । त्यसो भएमा विकासका कार्यक्रममा पनि अपनत्व महसुश हुन्छ । पहिलेभन्दा विकासका कार्यक्रमहरू धेरै भइरहेको छ मधेशका जिल्लामा । सवल र सक्षम मधेश अबको दिनमा निर्माण हुन्छ भन्ने आशा गर्न सकिन्छ ।

*(नेपाल मधेशी निजामती कर्मचारी मञ्चका अध्यक्ष चौधरीसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)*

## स्थानीय सम्वाद

# नेपालगञ्जलाई नमूना शहर बनाउँछौं



डा. धवलशम्शेर राणा
मेयर, नेपालगन्ज उपमहानगरपालिका

**○ नेपालगन्ज उपमहानगरपालिकाभित्र अहिले कस्ता कामहरु भइरहेको छ ?**

– यो पहिलो वर्षमा हामी पूर्वाधार विकासमै बितायौं । बाटोघाटो र नालालाई धेरै प्राथमिकता दियौं । जनताको माग पनि त्यही थियो । वार्डहरूमा काम पनि धेरै भएका छन् । विस्तारै हामी अब चौतर्फी विकासतर्फ लम्केका छौं ।

**○ नेपालगन्ज उपमहानगरका चुनौतीहरु के-के छन् ?**

–म मेयर भएको यो दोस्रो पटक हो । द्वन्द्वकालको क्रममा धेरै पूर्वाधारहरू भत्कियो, यी सबैलाई सुधार गर्दै जाँदा एक वर्ष समय लाग्यो । धेरै बाटोघाटो अहिले बन्दैछ । अझ एक वर्षपछि हामी यो नगरलाई सौन्दर्यीकरण गर्छौं ।

**○ तपाईं यसअघि पनि नेपालगन्जको मेयर भइसक्नुभएको छ, त्यो बेला र अहिले केकस्ता परिवर्तनहरु भएका छन् ?**

– हुन त खासै केही फरक भएको छैन । नगरपालिका त्यही हो, कर्मचारी त्यही हुन् र जनता पनि त्यही हुन् । तर, यसपाली जिम्मेवारी बढी छ । यसपटक अलि भ्याइनभ्याई हुन्छ । शिक्षा, स्वास्थ्यलगायत धेरै कुरा थपिएको छ । यस्ता जिम्मेवारीहरू थप भएपछि हामीलाई भ्याइनभई भएको छ अहिले ।

**○ अहिले प्राथमिकतामा के-के छन् ?**

– खासगरी शिक्षामा क्याम्पसहरू मर्मत गर्नुपर्ने, बाटोघाटो निर्माण, नेपालगन्ज उपमहानगरलाई सौन्दर्यीकरण गर्नुपर्ने, वातावरण स्वच्छ र सफा बनाउनु, वृक्षरोपण गर्नुपर्ने, सुशासन कायम गर्नुपर्ने, पार्कहरू निर्माण गर्ने लगायत यस्ता धेरै कुराहरू हाम्रो प्राथमिकतामा छन् । हामीले नेपालगन्ज उपमहानगरपालिकालाई एक वर्षभित्र नै सौन्दर्यीकरण गरी नमुना नगरको रूपमा विकास गर्ने लक्ष्य लिएका छौं ।

**○ 'सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा व्यवहारिकतामा लागू भएको छ ?**

– स्थानीय विकास मन्त्रालयले निर्देशिकामार्फत् धेरै अधिकारहरू कटौती गर्दै आएको छ । यो नारा अलिकति उपयुक्त भएजस्तो हामीलाई लागेको छैन । तर, विस्तारै संघीयताले जडो गाड्दै गर्ने क्रममा स्थानीय सरकारहरू मजबुत हुँदै आउँछ भन्ने हामीलाई विश्वास छ ।

**○ भनेपछि 'सिंहदरबार गाउँ-गाउँमा' नारामै सीमित छ, जनताले अनुभूति गर्न पाएका छैनन् ?**

– वास्तवमा भन्ने हो भने नारामै सीमित छन् । जुन किसिमले जनताबीचमा प्रचार भएको थियो त्यस्तो छैन । भन्ने र गर्नेमा फरक छ । संविधानले दिएको अधिकार पनि मन्त्रालयले निर्देशिकाअनुसार कटौती गर्ने क्रम बढ्दैछ । जबसम्म भित्री मनले हामी विकेन्द्रीकरणको सिद्धान्त स्वीकार गर्दैनौं तबसम्म यो राष्ट्रमा सिंहदरबार गाउँ-गाउँमा जाने जस्ता कुरा नाराकै रूपमा सीमित रहन्छ ।

**○ 'सिंहदरबार गाउँ-गाउँमा' पुर्‍याउन तपाईंहरुको प्रयास के छ त ?**

– नगरपालिका संघ छ, त्यो संघमार्फत् हामीले पहल गरिरहेका छौं । हामीले अरू के गर्न सक्छौं त ।

**○ नेपालगन्जलाई लामखुट्टेको शहर भनेर पनि चिनिने गरेको पाइन्छ, लामखुट्टे नियन्त्रणका लागि के पहल भएको छ ?**

– यसपाली कस्तो छ भने पहिलेको कार्यकालमा औषधि छर्कन्थ्यौं । तर अहिले कानून के बनेको छ भने महामारी फैलिन सक्छ भनेर औषधि छर्कन पाइँदैन । यसकारणले लामखुट्टे नियन्त्रणमा हामीलाई अलि अवरोध भइरहेको छ । तर, नेपालगन्जमा त्यत्रो लामखुट्टेको प्रकोप छैन ।

**○ त्यसो भए लामखुट्टे कमी भएको छ ?**

– अहिले त्यस्तो अप्ठ्यारो परिस्थिति छैन ।

**○ विकास निर्माणका कार्यहरुको प्रगति कस्तो छ ?**

– एक वर्षभित्र नेपालगन्ज उपमहानगरपालिका भित्रका सबै बाटो पिच हुँदैछन् । तीव्र गतिले काम अगाडि बढिरहेको छ । हामीले बाटोघाटो निर्माणका कार्यलाई तीव्रता दिएका छौं । पानीको निकासका लागि नालाहरू व्यवस्थित गर्दैछौं, पार्क बनाउने र त्यसलाई आकर्षक बनाउन बत्ती लगाउने कार्यहरू गर्दैछौं । यस्तै, नेपालगन्जलाई सुन्दर र स्वच्छ बनाउन अन्य धेरै योजनाहरू हामीसँग छ ।

**○ वर्षात्को मौसम सुरु हुने बित्तिकै नेपालगन्ज जलमग्न हुने गरेको छ, पानीको निकासका लागि के हुँदैछ ?**

– पानी पर्दाखेरि अलि-अलि सडकमा पानी जम्ने कुरा स्वाभाविकै हो । तर, पानी रोकिएको दुई/तीन घन्टाभित्र निकासका बाटो हामीले खोलिसकेका छौं । पानी परेपछि डुबान भएर डुंगा नै चलाउनुपर्ने स्थिति छैन ।

**○ स्थानीय तह प्रदेश सरकारभन्दा बलियो छ भन्ने भनिन्छ, वास्तवमा त्यस्तो छ ?**

– प्रदेश सरकार अहिले अलमलमै छ । तर, स्थानीय सरकार त पुरानै सरकार हो । यसको पुरानै संरचना छ । स्थानीय सरकारसँग पहिलादेखि सबै कुराहरू छन् । तर प्रदेश सरकार अहिले नयाँ भएकाले विस्तारै सुध्रिन्छ ।

**○ प्रदेश सरकारसँग तपाईंहरुको कति सहकार्य भइरहेको छ ?**

– अहिले कुनै किसिमको सहकार्य देखिएको छैन । उताबाट पनि सहकार्य हुने स्थिति आएको छैन । तर विस्तारै होला भन्ने हामी आशावादी छौं ।

## नेपाल प्रहरीको तालिम केन्द्र बनाउन भारतको चासो

काठमाडौं । गृहमन्त्री रामबहादुर थापा 'बादल'सँग नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले शिष्टाचार भेटवार्ता गरेका छन् । गृहमन्त्रालयमा भएको भेटवार्तामा दुई देशबीचको सम्बन्ध, आपसी सहकार्य र सहयोगको विषयमा केन्द्रीत रहेको थियो । भेटका अवसरमा गृहमन्त्री थापाले नेपालको विविध क्षेत्रका साथै सुरक्षा निकायको तालिम र भौतिक सामाग्रीमा भारतले गर्दै आएको सहयोगप्रति राजदुत पुरीमार्फत भारत सरकारलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि त्यसले निरन्तरा पाउने विश्वास व्यक्त गरे । उनले भारत सरकारको सहयोगमा काभ्रेमा बन्न लागेको नेपाल प्रहरीको तालिम केन्द्र छिटो निर्माण हुने वातावरण बनाउन भारतीय राजदुतलाई आग्रह पनि गरे । यस्तै खुला सीमाको फाईदा उठाउँदै हुने मानवतस्करी, सुन तस्करी, लागुपदार्थको ओसार पसार लगायतका अपराध विरूद्ध भारत सरकारको सहयोगका लागि आग्रह गर्दै गृहमन्त्री थापाले यस्ता अपराध विरूद्ध दुई देशको संयुक्त सहकार्य आवश्यक रहेकोमा जोड दिए ।

## अपाङ्गहरूलाई सामग्री वितरण

रौतहट । रौतहट जिल्लाको माधव नारायण नगरपालिकामा अपांगहरूको लागि झूल, कम्बल, जाजिम छाता वितरण कार्यक्रम सम्पन्न भएको छ । आर्थिक वर्ष २०७४/२०७५ को लक्षित वर्गको कार्यक्रम अंतर्गत जनचेतना नेपाल माधोपुरले उक्त समानहरू वितरण गरेका हुन् । माधवनरायण नगरपालिकको आर्थिक सहयोगमा आयोजित कार्यक्रमको प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजाल रहेका थिए । प्रजिअ रिजालले कार्यक्रममा सम्वोधन गर्दै अपांगलाइ सहयोग गर्नु पर्ने धारणा राखे । मेयर वीरेन्द्र प्रसाद यादवको अध्यक्षतामा संपन्न भएको सो कार्यक्रममा नगरपालिका भरिको विभिन्न किसिमका अपांगहरूलाई सामग्री वितरण गरिएको थियो ।



'आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण : ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रूपान्तरण'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# पाकिस्तानमा नजिकिँदो आम निर्वाचन र बढ्दो आतंक



आगामी जुलाई २५ अर्थात साउन नौं गते हुन लागेको आमनिर्वाचनको लागि पाकिस्तानमा प्रचार प्रसार अभियान सुरू भएको छ। यस अभियानसँगै देशमा हिंसा भड्किने त्रासबीच गतसाता बुधबार त्यस्तै हिंसात्मक आक्रमण भएको र त्यसमा परी कैयौं नागरिकको ज्यान गएको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीका समाचार विवरणहरूका अनुसार पाकिस्तानको निर्वाचन आयोगले प्रचार प्रसार शुरू भएको जनाएको छ र सेनालाई स्वच्छ तथा निष्पक्ष निर्वाचन गराउने काममा सहयोगीका रूपमा विश्वास गरेको छ। उक्त आक्रमणमा आवामी नेशनल पार्टीका एकजना स्थानीय नेता अवामी हरूर पनि मारिएका छन्। उनी पनि सो निर्वाचन ¥यालीमा सहभागी भएका थिए। उक्त राजनीतिक दल पनि निर्वाचनमा सहभागी भएको छ। यस दललाई विगत लामो समयदेखि पास्किताका स्थानीय तालिबानले विरोधको तारो बनाएको छ। गतसाता मंगलबार भएको उक्त हमलाको पनि तालिबानले नै जिम्मेवारी लिएको छ। हमलामा ६३ जना घाईते भएका छन्। आक्रमणमा घाइते ३५ जनाको अवस्था गम्भीर रहेको बताइएको छ। आगामी निर्वाचनका लागि सुरक्षा खतरा रहेको चर्चा पाकिस्तानमा सुरू भएको छ। अर्कातर्फ पाकिस्तानी सेनाका प्रवक्ताले अगामी निर्वाचनमा खतरा रहेको भनी प्रतिक्रिया दिएको केही घन्टापछि यता यो हमला भएको छ। निर्वाचनको अभियानको पहिलो दिननै शक्तिशाली हमला भएको अधिकारीले बताएका छन्। उनीहरूले निार्वाचन अभियानलाई सुरक्षित बनाउने उपाय बारेमा सरकारसँग आग्रह गरिरहेका छन्। पास्कितानको निर्वाचन आयोगले २० हजारभन्दा बढी मतदान केन्द्रहरूलाई संवेदनशील मतदान केन्द्रका रूपमा घोषणा गरेको छ। आसन्न आम निर्वाचनका लागि तोकिएका मतदान केन्द्रहरू मध्ये २०७८९ मतदान केन्द्रलाई संवेदनशील मतदान केन्द्र घोषणा गरिएको हो। आयोगका अधिकारीहरूले देशभरीमा ८५३०७ ओटा मतदान केन्द्रहरू तोकिएको जानकारी दिएका छन्। पाकिस्तानमा निर्वाचनमार्फत् देशका सबै चार प्रदेश र संघीय राजधानी इस्लामावादबाट जनप्रतिनिधिहरू चयन हुनेछन्। संवेदनशील मतदान केन्द्रहरू देशको उत्तरपश्चिमी खैबर पाख्तुङख्वा प्रदेशमा सबैभन्दा धेरै रहेका छन्। सो प्रदेशमा ७३८६ वटा संवेदनशील मतदान केन्द्रहरू रहेको अधिकारीहरूले बताएका छन्। त्यसैगरी दक्षिणी सिन्ध प्रान्तमा ५७७६ ओटा संवेदनशील मतदान केन्द्रहरू रहेको घोषणा गरिएको छ। विद्रोही समूहहरू, राष्ट्रवादी र लडाकू समूहहरूबाट विभिन्न प्रकारका आक्रमणहरू हुनसक्ने खतरा आँकलन गरेर संवेदनशील मतदान केन्द्रहरू तोकिएको आयोगले जनाएको छ। देशको पञ्जाब प्रदेशमा संवेदनशील मतदान केन्द्रहरूको संख्या ५६८६ रहेको छ भने दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा १७६८ ओटा संवेदनशील मतदान केन्द्रहरू रहेका छन्। देशको राजधानी इस्लामावादका ३६० मतदान केन्द्रमध्ये १७३ मतदान केन्द्रलाई संवेदनशील घोषणा गरिएको छ। संवेदनशील घोषणा गरिएका मतदान केन्द्रहरूमा सुरक्षा सतर्कता बढाईने र क्यामेराहरू पनि जडान गरिने आयोगका अधिकारीहरूले जनाएका छन्। सेनाले राष्ट्रव्यापीरूपमा निर्वाचनमा प्रत्यक्ष भूमिका नरहने पाकिस्तानी सेनाका प्रवक्ताले बताएका छन्। सेनाको यो भनाई निर्वाचनको परिणामलाई प्रभाव पार्न व्यापक रूपमा सेनाले संचारमाध्यम र सत्ताधारी दलमाथि दबाब सिर्जना गरेको भनी आएका आरोपप्रति लक्षित गरी आएको हो। राज्यको शक्तिशाली संस्था सेनाको आरोपको खण्डन गर्दै आफ्नो झण्डै ७० वर्षको इतिहासमा तीन लाख ७० हजार सेना निर्वाचनका दिन मतदान प्रक्रियालाई निर्विघ्न तरिकाले संचालन गर्नका लागि तैनाथ हुने भएपनि यसमा आफ्नो कुनै स्वार्थ नरहने पाकिस्तानी सेनाका मेजर जनरल असिफ घाफुरले बताउनुभएको छ।

उहाँले पाकिस्तानी सैनिक सुरक्षा बलको प्रत्यक्ष भूमिका रहने छैन भन्नुभयो। उहाँले म यो प्रष्ट पार्न चाहन्छु कि सेनाको निर्वाचनमा प्रत्यक्ष भूमिका रहने छैन भन्नुभयो। उहाँले राजनीतिक प्रक्रियामा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै न त सेना न यसको गुप्तचर निकाय राजनीतिक उद्देश्यका लागि काम गर्दैन भन्नुभयो। पाकिस्तानको निर्वाचन आयोगले सेनालाई स्वच्छ तथा निष्पक्ष निर्वाचन गरानउने काममा सहयोगीको रूपमा विश्वास छ। निर्वाचनलाई सफल बनाउन सबै तीन लाख ७१ हजार ३८८ सैन्य अधिकारीले निर्वाचन आयोगद्वारा तोकिएको जिम्मेवारी निर्वाह गर्नेछन्। निर्वाचनमा पाकिस्तानको राष्ट्रिय सेनाले सरकारले दिएको आदेश बमोजिम काम गर्ने तर आफ्नो कुनै स्वार्थ र 'प्रत्यक्ष भूमिका नरहने' बताएको छ। पाकिस्तानी सेनाका प्रवक्ताले बताएअनुसार सेनाले सुरक्षा र निर्वाचन सम्पन्न गर्न मात्र आफूहरू खट्ने जानकारी दिनुभएको हो। पाकिस्तानको सेनाले आगामी निर्वाचनको विषयलाई लिएर त्यहाँका संचारमाध्यम र सत्ताधारी दलमाथि दवाव सिर्जना गर्न खोजेको आरोप लागेकोमा त्यसप्रति लक्षित गरी सेनाका प्रवक्ताको यो भनाई आएको हो।

त्यसैबीच निर्वाचन प्रचार प्रसारका क्रममा भएको आत्मघाती हमलामा परी मृत्यु भएकाको अत्येष्टिमा हजारौं सहभागी भएका छन्। तालिबान लडाकूहरूले गराएको भनिएको बिष्फोटनमा परी मृत्युभएका २० जनाको अन्त्योष्टिका लागि हजारौं सहभागी भएको अधिकारीहरूले बताएका छन्। निर्वाचनको पूर्वसन्ध्यामा निर्वाचनलाई प्रभावित पार्ने गरी हिंसात्मक गतिविधिहरू भएको पाइएको छ। पाकिस्तानको उत्तरपश्चिम शहर पेशावरमा पछिल्लो ठूलो आत्मघाती बिष्फोटन भएको छ। निर्वाचनको प्रचार प्रसारका लागि भएको ¥यालीमा सहभागी भएका माथि आत्मघाती आक्रमण हुँदा केही नेता पनि मारिएका जनाइएको छ। पाकिस्तानमा चुनावी प्रचार प्रसार अभियान सुरू भएसँगै देशमा हिंसा भड्किने त्रासबीच दुखद् घटना भएको हो। हालै भएको हमलाको तालिबान लडाकुहरूले नै जिम्मेवारी लिएको अन्तराष्ट्रिय समाचार माध्यमहरूले जनाएका छन्। ह्विंसात्मक घटना हुन थालेसँगै आगामी निर्वाचनका लागि सुरक्षा खतरा रहेको चर्चा पाकिस्तानमा सुरू भएको छ। पाकिस्तानी सेनाले भने सुरक्षा र निर्वाचन सम्पन्न गर्न मात्र आफूहरू खट्ने स्पष्ट पारेको छ। निर्वाचनका लागि करिब ७० हजार सेना खट्ने र आफ्नो कुनै स्वार्थ नरहेको पाकिस्तानी सेनाका उच्चअधिकारीहरूले जानकारी दिएका छन्। अर्कातिर पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज शरिफले आफू जेल सजायँ भोग्न तयार रहेको बताउनुभएको छ। पाकिस्तानी अदालतले अघिल्लो साता उहाँलाई दशवर्षको जेल सजायँको फैसला गरेकाले त्यो सबै सामना गर्न आफू तयार रहेको उहाँले बताउनुभएको हो। आफ्नी श्रीमतीको उपचारका लागि लण्डनमा रहनुभएका शरिफ जेल सजायँ भोग्न स्वदेश फर्किसक्नुभएको छ। इस्लामावादको अदालतले शरिफलाई भ्रष्टाचार गरेको अभियोगमा दशवर्ष जेल सजाँय तोकेको हो उहाँलाई दशवर्षे जेल सजायँसँगै एक करोड अमेरिकी डलर जरिवाना पनि तोकिएको अदालतले जनाएको छ। जूलाई २५ मा हुन लागेको निर्वाचनको पूर्वसन्ध्यामा भएको यो फैसला अर्थपूर्ण भएको वकिलहरूले बताएका छन्। नेत शरिफ गतवर्ष सर्वोच्च अदालतको आदेशपछि प्रधानमन्त्री पदबाट अपदस्त हुनुभएको थियो। भ्रष्टाचारको अभियोग लागेपछि अनुसन्धान गर्नुपर्ने भएकाले उहाँ प्रधानमन्त्री पदमा बसिरहन नमिल्ने आदेश अदालतले दिएपछि उहाँको बर्हिगमन भएको थियो। उहाँलाई आगामी दिनमा राजनीतिक गतिविधि गर्न पनि प्रतिबन्ध लगाइको छ। उहाँमाथि लागेको आरोपको शरिफ र उहाँका समर्थकहरूले अस्वीकार गर्दै आइरहेका छन्। उनीहरूले राजनीतिक प्रतिशोधका आधारमा शरिफमाथि गलत अभियोग लगाइएको दाबी गर्दै आएका छन्। अदालतले शरीफसँगै उहाँकी छोरी मार्याम नवाजलाई पनि भ्रष्टाचार गरेकै अभियोगमा सात वर्षको जेल सजायँ तोकेको छ। पाकिस्तानमा घड्किएको आतंकले छिमेकी देशहरूलाई समेत चिन्तित बनाएको छ। (देशप्रेम साप्ताहिक, २०७५ साल असार ३१ गते आइतबार)

# 'बेटी पढाऔं बेटी बचाऔं' योजना लोकप्रिय हुँदै

**वीरेन्द्र कर्ण**

वीरगञ्ज। प्रदेश नं २ को सरकारले बालिका तथा किशोरीलाई शिक्षामा पहुँच बढाउन ल्याएको बेटी पढाऔं, बेटी बचाऔं योजना पर्सा तथा बारा जिल्लामा लोकप्रिय हुँदै गएको छ। 'बेटी पढाऔं बेटी बचाऔं' कार्यक्रमअन्तर्गत पर्सा जिल्लाको पोखरीया नगरपालिकाले ल्याएको 'बालिका स्वर्णिम योजना' प्रभावकारीरूपमा अगाडि बढ्दै लोकप्रिय हुन थालेको जनप्रतिनिधिको भनाइ छ।

पर्साले जिल्लामा विभिन्न स्थानीय तहमा यो योजना लागू भएपछि बालिका तथा किशोरीका अभिभावकले उत्साहपूर्वक सो योजनाअन्तर्गत छोरी जन्मिएपछि जन्म दर्ता गर्ने, विद्यालय पठाउनुको साथै दाइजो प्रथाजस्ता विकृति अन्त्य हुनमा बल पुग्ने र सो कार्यक्रम कोशेढुंगा सावित हुने जनप्रतिनिधिको भनाइ रहेको छ। गर्भमै छोरीलाई मार्ने सामाजिक विकृति अन्त्य हुने, सानैमा विवाह हुने, दाइजो प्रथाजस्ता कुरीतिलाई अन्त्य गर्नमा यो कार्यक्रमले सहयोग गर्ने भएकाले अन्य स्थानीय निकायले पनि यो कार्यक्रम लागू गर्दै गइरहेका छन्।

पोखरीया नगरपालिकाले ल्याएको 'बालिका स्वर्णिम योजना'अन्तर्गत नगरपालिका क्षेत्रभित्र छोरी जन्मिएमा ३५ दिनभित्र जन्मदर्ता गराएमा बालिकाका लागि २० वर्ष उमेरसम्ममा रू १० हजारको एकमुष्ठ बीमाको व्यवस्था गरेको छ भने २० वर्षपछि मात्र छोरीको विवाह गरेमात्र सो जम्मा भएको बीमा रकम दिने बाध्यात्मक व्यवस्था गरेपछि जन्मदर्ता गराउनेको संख्या बढ्दै गएको छ।

हामीले यो योजना लागू गरेपछि जन्मदर्ता गराउनेको संख्या बढ्नुको साथै छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने चेतनाको विकास हुनुको साथै दाइजो प्रथा उन्मूलन हुने विश्वास पोखरीया नगरपालिकाका उपप्रमुख सलमा खातुनले लिएकी छन्। उनले यो योजना जिल्लाका अन्य स्थानीय निकायले पनि लागू गर्नुपर्नेमा जोड दिँदै राससलाई भनिन्- यो योजनाका कारण बालिका, किशोरी र महिलामाथि हुने सबै खाले हिंसाको अन्त्य हुने विश्वास छ।

यसैगरी, 'बेटी पढाऔं बेटी बचाऔं' योजनाअन्तर्गत बारा जिल्लाको प्रसौनी गाँउपालिकाले पनि छोरी जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरी प्रमाणपत्र लिने अभिभावकलाई रू १० हजारको दरले २० वर्षसम्म जन्मेको छोरीको नाममा बैंकमा रकम जम्मा गर्ने निर्णय गरेको अधिकारकर्मी श्यामबाबु यादवले बताए।

बालविकासको न्यूनीकरण, छोरीलाई उचित शिक्षा दिनमा यो कार्यक्रम प्रभावकारी हुने विश्वास जनप्रतिनिधिले लिएका छन्। नेपाल अधिराज्यको सविधानले पनि बालिका, किशोरी तथा महिला माथि हुने सबै थाले विभेदको अन्त्य गरी उनले पढ्न र बाँच्न पाउने अधिकारलाई सुरक्षित गरेकाले यो योजनाप्रति आकर्षण बढ्दै गएको छ।

'बेटी पढाऔं बेटी बचाऔं' भन्ने योजना व्यवहारमा नदेखिने र बजेट सिध्याउने प्रदेश सरकारको योजना हो भन्ने टिप्पणी गर्दै नेपाल पत्रकार महासंघ, प्रदेश नं २ का सभापति दीपेन्द्र चौहानले भने यो नाराले तराईमा छोरीप्रति देखिने दृष्टिकोणमा भने परिवर्तन हुन नसक्ने देखिन्छ भने। प्रदेश नं २ मा जरा गाडेर बसेको दाइजो प्रथा, बालविवाह तथा छोरीप्रतिको हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनेमा विश्वस्त भएपछि पर्सा र बाराका अन्य स्थानीय निकायले पनि आउँदा दिनमा यस्ता कार्यक्रम लागू गर्दै जाने बताइएको छ। रासस

## 'पोखराको अगाडि सिंगापुर, थाइल्याण्ड खल्लो'

काठमाडौं। भारतीयहरूले सिंगापुर, थाइल्याण्ड भन्दा नेपाल आउने बाचा गरेका छन्। नेपाल पर्यटन बोर्डको सहयोगमा बनारस पुगेका पोखरेली पर्यटन व्यवसायीहरूसँग उनीहरूले सिंगापुर, थाइल्याण्डभन्दा नेपाल कयौं गुणा राम्रो भएको बताउँदै पर्यटक बनेर नेपाल आउने बाचा गरेका हुन्। पश्चिमाञ्चल होटल संघको 'चलिए पोखरा' अभियान लिएर बनारस पुगेका पर्यटन व्यवसायीहरूले गरेको भारतीय पत्रकार तथा पर्यटन व्यवसायीहरूसँग गरेको भेटघाटमा उनीहरूले प्राकृतिक सुन्दरता, सांस्कृतिक र एडभेञ्चर स्पोर्टस्को लागि पोखरा साँच्चिकै स्वर्ग रहेको बताए। कार्यक्रममा बोल्दै भारतीय विधायन सभाका सांसद रविन्द्र जैसवालले भारतीयको सबैभन्दा मन पर्ने ठाउँ पोखरा भएको बताए। नेपालका पोखरासहित विभिन्न ठाउँ घुमेर सिंगापुर, थाइल्याण्ड जाँदा त्यहाँ खल्लो हुने बताउँदै उनले भने, 'सिंगापुर, थाइल्याण्ड जानु पहिले एकपटक नेपालको काठमाडौं, पोखरा पुग्नैपर्छ, नेपाल हाम्रोलागि स्वर्ग भूमि हो।' उनले बाटोको सहजता र हवाई यात्राको थालनीका लागि भने नेपाल सरकारको ध्यानाकर्षण गराए। बनारस होटल एशोसियसनका अध्यक्ष देवेन्द्रनारायण सिंहले नेपाल भारतको ससुराली देश भएको बताउँदै त्यहाँ नगई मन नमान्ने बताए। ऐतिहासिक सम्बन्ध, प्राकृतिक सुन्दरता र धार्मिक आस्थाका कारण भारत नगई सुख नपाइने उनको भनाइ छ। कार्यक्रममा पोखरेली पर्यटन व्यवसायीले भारतीय पर्यटकलाई पोखरा आउन निम्ता दिएका छन्। भारत र नेपालको बीचमा भाषा, संस्कृति र रहनसहन मिल्ने भन्दै उनीहरूले नेपालका धार्मिक पर्यटक बनारस र बनारसका धार्मिक पर्यटक नेपाल जाने प्रचलन पुरानै रहेको बताउँदै अब यसलाई बढाउनुपर्नेमा जोड दिए।

## भारतीय राज्यसभामा नेपाली पनि बोलिने

काठमाडौं। भारतीय राज्यसभामा सदस्यहरूले नेपाली र मैथलीमा पनि बोल्न पाउने भएका छन्। राज्यसभाका सभापति एम वेंकैया नायडुले उक्त जानकारी दिएका हुन्। संसद्को आगामी मनसुन सत्रमा राज्यसभामा सांसदले भारतीय संविधानको आठौं सूचीमा समावेश सबै भाषामा बोल्न पाइने नायडुले जानकारी दिएका छन्। आठौं सूचीमा समावेश २२ भाषामध्ये कुनै पनि भाषामा बोल्न पाइने उनले स्पष्ट पारेका छन्। राज्यसभा सचिवालयले डोगरी, कश्मीरी, कोङ्कणी, सन्थाली र सिन्धीका लागि पनि अनुवादको व्यवस्था गरिएको जानकारी दिए। नायुडुले मंगलवार औपचारिक रूपमा यी भाषाका अनुवादकलाई राज्यसभाको अनुवादक टोलीमा सामेल पनि गरे। २२ भाषामध्ये राज्यसभामा असम, बंगाली, गुजराती, हिन्दी, कन्नड, मलयालम, मराठी, उडिया, पञ्जाबी, तमिल, तेलगु र उर्दू ११ भाषामा यसअघि नै यो व्यवस्था मिलाइएको थियो। बोडो, मैथली, मणीपुरी, मराठी र नेपाली भाषाको निम्ति अनुवादकको व्यवस्था भइरहेको उनले जानकारी दिए। नायडूले भने, 'कुनै अवरोधविना आफ्ना अनुभव र विचार व्यक्त गर्न स्वभाविक रूपमा मातृभाषामा उत्तम हुन्छ। मातृभाषामा आफ्ना विचार व्यक्त गर्न निकै सहज हुने भएकाले यसमा जोड दिइएको उनले स्पष्ट पारे। उनले भने, 'उसैले मैले २२ वटै भाषामा अनुवादको सुविधा उपलब्ध गराउन चाहेको थिएँ। आगामी मनसुन अधिवेशनदेखि यो सम्भव भएको छ। म यसमा खुशी छु।' भारतको पूर्वोत्तर राज्यमा नेपाली भाषी लाखौं संख्यामा बसोवास गर्दै आएका छन्। नेपाली भाषी डा. चिन्तामणि शर्माले यो निकै खुशीको विषय भएको बताए। शर्मा आसाम नेपाली साहित्य सभाका उपप्रमुख हुन्। सिलिगुडीस्थित नेपाली कल्याण उच्च माविका नेपाली भाषाका अध्यापक शुकराज दियालीले भने, 'यो निकै खुशीको कुरा हो। हाम्रा प्रतिनिधिले नेपाली भाषामा विचार व्यक्त गर्न पाउँदा खुशी लागेको छ।

## जिल्ला समाचार

### जनकपुर-जयनगर रेल कात्तिकमा सञ्चालन हुने

जनकपुर। भारत सरकारको सहयोगमा निर्माण थालिएको जनकपुर रेल्वे विस्तार तथा स्तरोन्नति परियोजनाको काम अक्टुवर (कात्तिक) सम्म पूरा हुने दुवै देशका प्राविधिकले जनाएका छन्। दुई वर्ष ढिला भए पनि यस वर्ष (सन् २०१८) भित्र जनकपुरमा ब्रोडगेज रेल सञ्चालनमा आउने उनीहरूको भनाइ छ। भारतीय निर्माण कम्पनी इरकोन इन्टरनेसनलका सिभिल अतिरिक्त मैनेजर दीपक कुमारले रेल्वे परियोजनाअन्तर्गत निर्माण हुने ब्रोडगेजमाथि सय किलोमिटर प्रतिघण्टाको रफ्तारले रेल कुदाउने तयारी भइरहेको जानकारी दिए। रेलको गति तीव्र हुने भएकाले यात्रुको सुरक्षामा विशेष ध्यान दिइएको उनले बताए। यसअघि जयनगर-जनकपुर-बिजुलपुरा (५२ किलोमिटर) मा सञ्चालित न्यारोगेज रेलमा २० देखि २५ किलोमिटर प्रतिघण्टाको गति थियो। ब्रोडगेज रेल सञ्चालनमा आएपछि जयनगरदेखि कुर्थासम्मको ३५ किलोमिटरको दूरी आधा घण्टामा पूरा हुनेछ। बर्दिवाससम्मको ६९ किलोमिटरको दूरी करिब एक घण्टामा पूरा हुने छ। जयनगर-कुर्थासम्मको ३५ किलोमिटरको निर्माण ९० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको दुवै देशका प्राविधिकले जनाएका छन्। नेपाल रेल्वेका इन्जिनियर विनोद ओझाका अनुसार ३५ किलोमिटरमध्ये ३२ किलोमिटरमा रेल ट्र्याक ओछ्याउने काम पूरा भइसकेको छ। स्टेशन भवन, आवास, पुलको निर्माण पनि अन्तिम चरणमा छ। भारतबाट ल्याइएको विशेष मेसिनबाट रेल्वे ट्र्याकलाई स्लिपरसँग जोड्ने, बोल्डर सम्याउने लगायतका काम भइरहेको छ।

### नेपालगञ्ज-दिल्ली उडानका लागि आग्रह

नेपालगञ्ज। बाँके र बर्दियाका व्यवसायी अगुवाहरूले भारतीय राजदूत मन्जीवसिंह पुरीसँग विभिन्न माग राखेका छन्। नेपालगञ्ज उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उद्योगी व्यापारीले नेपालगञ्ज-दिल्ली उडानका लागि छिटो व्यवस्था गरिदिन, नेपाली गाडीलाई भारतमा सहज जाने व्यवस्था मिलाइदिन, जडीबुटीको सहज निकास दिन, सिटी हल निर्माणमा सहयोग, सुख्खा बन्दरगाह निर्माणको काम छिटो गर्न माग राखे। राजदुतसमक्ष कानूनका विद्यार्थीलाई छात्रावृत्ति दिन, नाका खोल्ने र बन्द गर्ने समयमा बढाइ दिनमात्रै होइन, निकुञ्जमा जनावरले दु:ख दिएकोसम्म पीडा उनीहरूले व्यक्त गरे। पुरी राजदुत भएपछि दोस्रो पटक नेपालगञ्ज आएका हुन। माग सुनेपछि भारतीय राजदुत पुरीले वर्षेनी ठूलो मात्रामा मानसरोवर जाने भारतीयको जाने बाटो नेपालगञ्ज बनाउन सकेमा यहाँको विकासमा ठूलो टेवा पुग्ने बताए। नेपालगञ्ज-दिल्ली उडान भएपछि मानसरोबर जाने भारतीयको प्रवेशद्वार नेपालगञ्ज नै हुने पुरीले बताए। उनले ठूलो मात्रामा होटलमा सञ्चालन हुनुपर्ने र त्यस अनुसारका सेवा सुविधाहरू बढाउदै जानु पर्नेमा उद्योगी व्यवसायीलाई सुझाव दिए। राजदुत पुरीले त्यसअघि बाँकेमा रहेका तीन वटा गुरूद्वाराको अवलोकन गरेका थिए।

### पर्सागढीमा पहिलो सार्वजनिक सुनुवाई

वीरगन्ज। पर्सा जिल्लाको पर्सागढी नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम समपन्न भएको छ। सहयोगी नेपाल पर्साको आयोजना तथा पर्सागढी नगरपालिकाको सहयोगमा भएको कार्यक्रममा स्थानीयहरूले बाढी पहिरोको विषयलाई प्राथमिकताका साथ उठाएका थिए। वर्षात्को समयमा डुबान भएका क्षेत्रहरूमा नगरपालिकाले बाध बनाउनुपर्ने र भत्केका सडक, पुल, सार्वजनिक संरचनाहरूमा मर्मत सम्भारका कामहरू गनुपर्ने नगरपालिका समक्ष स्थानीयहरूले माग राखेका थिए। वडा नम्बर ८ का वडा अध्यक्ष किसुनदेव प्रसाद यादवको अध्यक्षतामा विहिबार भएको कार्यक्रममा पर्सागढीको पर्यटकीय क्षेत्र जिल्लाकै लागी गर्वगर्न सक्ने खालका भएकाले यहाँको मठ, मन्दिरको सहि व्यवस्थापन गर्नुपर्ने र भौतिक पुर्वाधारको विकास गरी आन्तरीक तथा बाहय पर्यटक भित्रायाउनुपर्नेमा स्थानीय देवप्रसाद निरौलाले जोड दिएका थिए। खासगरी कृषि कर्ममा अधारीत रहेको यस नगरपालिकामा कृष्कका लागी दिर्घकालिन योजनाहरू कार्यन्यवन गराउन सबै एकजुट हुनुपर्नेमा अर्का स्थानीय कृष्क योगेन्द्र साहले जोड दिएका थिए।

### सहयोग गर्ने नगर प्रमुखहरूको प्रतिवद्धता

राकेश यादव, रौतहट। रौतहट जिल्लाको १८ स्थानीय तहका प्रमुखले जिल्लाको शानको रूपमा रहेको गौर राइस मिलको जग्गा अधिग्रहणको कार्यमा आर्थिक सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। मेयर क्लब रौतहटले गौर नगरपालिका कार्यालयको सभाहलमा बिहीबार आयोजना गरेको बैठकमा उपस्थित भएका १६ स्थानीय तहका प्रमुखहरूले मिलको जग्गा अधिग्रहण गर्न लाग्ने रकममा सहयोग गर्ने निर्णय गरेको हो। मेयर क्लबका अध्यक्ष अजय कुमार गुप्ताको सभापतित्वमा सम्पन्न बैठकले असार २६ गते विना वारेण्ट गढीमाई नगरपालिकाका प्रमुख श्याम यादवलाई प्रहरीले पक्राउ गरेको कार्य प्रति घोर आपति जनाउँदै अबको दिनमा स्थानीय प्रशासनले यस्तो गरेमा कडा रूपमा प्रस्तुत हुने निर्णय गरेको छ। छानविन गर्ने अधिकार भएता पनि स्थानिय सरकार प्रमुखलाई विना पक्राउ पुर्जि हिरासतमा लिने प्रहरीको कार्य अवैधानिक रहेको वैठकले ठहर गरेको छ। सथानिय सरकारको हैसियतले नगर प्रमुख जुन सुकै वेला जहा पनि वस्न सकिने र जनताको कार्य गर्न सकिने संविधानले प्रदान गरेको अधिकारलाई गलत सुचनाको अधारमा नगर प्रमुखलाई पक्राउ गर्नु संवैधानिक अधिकारको उपहास गर्नु रहेको कल्वका अध्यक्ष गुप्ताले बताएका छन्। गौरको विच भागमा रहेको उक्त मिलको जग्गा वचाउनलाई मेयर गुप्ताले तनमन धनले लागेका छन् भने अन्य निर्वाचित पदाधिकारीहरू पनि यस कार्यमा सक्दो सहयोग गरिरहेका छन्।

### संघसंस्थाद्वारा समवेदना प्रकट

रौतहट। प्रदेश २ का मुख्यमन्त्री मोहमद लालबाबू राउत गद्दीको आमाको भएको निधनप्रति संघीय प्रेस फोरम जिल्ला कार्य समिति रौतहटले दु:ख व्यक्त गरेको छ। जिल्ला अध्यक्ष किशोरी राय यादवले विज्ञप्ति जारी गर्दै शोक संवेदना प्रकट गरेका हुन्। मुख्य मन्त्री गद्दीको मातृ शोक परेकोले संवेदना प्रकट गर्दै मृत आत्माको चिरशांतिको साथै दुखद घडीमा शोकाकुल परिवारको धैर्य धारण गर्ने क्षमता भगवानले प्रदान गरून भनी कामना गरिएको छ। यस्तै समाजवादी विधार्थी फोरम नेपाल प्रदेश २ का मुख्य सचिव प्रकाश भाई मधेशियाले प्रदेश २ का मुख्य मन्त्री मोहमद लालबाबू राउत गद्दीको मातृ शोक प्रति संवेदना प्रकट गरेका छन्। मुख्यमंत्री राउतको आमाको निधनले मर्माहित भएको मुख्य सचिव मधेशियाद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा लेखिएको छ। मृत आत्माको चिरशांन्तिको कामना समेत गरिएको छ।

### प्रतिबन्ध फुकुवा गरिने : मन्त्री खनाल

चन्दकान्त खनाल, रूपन्देही। कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री खनालले जग्गाको कित्ताकाटमा लगाइएको प्रतिबन्ध फुकुवा गर्ने तयारीमा सरकार रहेको वताएका छन्। प्रतिबन्धका कारण धेरै समस्या र विकृति बढेको बताउँदै उनले आवश्यक नीति निर्माण गरेर कित्ताकाटमा लगाइएको प्रतिबन्ध फुकुवा गर्ने तयारीमा मन्त्रालय रहेको बताए। रूपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १५ र १७ का एक सय १२ जनाले गाउँब्लक कृषकहरूलाई जग्गाको जग्गाधनी प्रमाण पूर्जा कार्यक्रममा बोल्दै मन्त्री खनालले जग्गा व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाएर कित्ताकाटमा देखिएको गाँठो फुकाउँछौं उनले भने 'यस सम्बन्धमा मैले प्रधानमन्त्रीज्यूसँग पनि छलफल गरेको छु। एक महिनाभित्र यो विषयलाई हामीले टुंग्याउने छौं।' कृषि भूमिको संरक्षण हुनेगरी कित्ताकाटमा लगाइएको प्रतिबन्ध फुकुवा गर्ने तयारीमा सरकार रहेको जानकारी दिदै मन्त्री खनालले नीतिमा कित्ताकाट रोकिए पनि व्यवहारमा नरोकिएको बरू त्यसले अनेक विकृति बढाएकाले सरकारले नयाँ व्यवस्था गर्न थालेको बताए।

### २ लाख ८० हजारसहित पराजुली पक्राउ

कपिलवस्तु। जिल्ला प्रशासन कार्यालय कपिलवस्तु शिक्षा समन्वय ईकाइ प्रमुख उपसचिव सुरेन्द्रराज पराजुली २ लाख ८० हजार रकमसहित प्रकाउ परेका छन्। तौलिहवामा रहेको कार्यालयमा दिउँसो कार्यालयमा सेवाग्राहीसँग लिएको रकमसहित पराजुलीलाई अख्तियार दुरूपयोग अनुसन्धान कार्यालय बुटवलको टोलीले प्रकाउ गरेको छ। पराजुलीले लिएको रकमबारे मुचुल्का तथा अनुसन्धान जारी गरेको अख्तीयारले जनाएको छ।

### रेष्टुराँ आगलागीमा रू ६० लाखको क्षति

विराटनगर। विराटनगर महानगरपालिका-१२, पञ्चालीमा सञ्चालित गीतगजल रेष्टुराँमा बिहीबार आगलागी हुँदा करीब रू ६० लाख बराबरको सम्पत्ति जलेर खरानी भएको छ। विराटनगर वडा प्रहरी कार्यालयका अनुसार आज बिहान करीब ४:१५ बजे भएको आगलागी विद्युत् सर्ट भएर भएको र सो क्षतिको प्रारम्भिक अनुमान प्रहरीले गरेको छ। स्थानीय नवीन घिमिरेको घर बहालमा लिई योग्य श्रेष्ठद्वारा सञ्चालित पञ्चाली गीतगजल रेष्टुराँमा लागेको आगोलाई दमकल, स्थानीय प्रहरी र सर्वसाधारण जनताको सहयोगमा नियन्त्रणमा लिइएको थियो।

### डुबेर दुई बालिकाको मृत्यु

धनगढी। कैलाली पूर्वी क्षेत्रस्थित रोरा नदीमा नुहाउने क्रममा डुबेर दुई बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा लम्कीचुहा नगरपालिका-२ का संगीता ढकाल र पुष्पा धमाल रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। बाख्रा चराउन जंगल गएका बेला गर्मी बढेपछि नदीमा नुहाउन गएका वेला बालिकाको डुबेर मृत्यु भएको हो। बालिका डुबेको खबर पाउनासाथ घटनास्थलमा पुगेका प्रहरी टोलीले उद्धार गरेर लम्कीस्थित अस्पतालमा पुऱ्याएकोमा चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेको थियो।

### भारतीय रूपैयाँसहित चार जना पक्राउ

रूपन्देही। भारतीय नोटको अवैध कारोवार हुँदैछ भन्ने विशेष सूचनाको आधारमा भैरहवाको होटल वाइट लोटसबाट प्रहरीले ४ जनालाई पक्राउ गरेको छ। होटलको कोठा नं. १०७ मा गइ खानतलासी गर्दा उक्त कोठामा रहेको झोलामा पुरानो भारू १ हजार दरको नोटहरू २ हजार ६ सय ५० थान र ५ सय दरको नोटहरू ५ हजार ३ थान सय थान गरी ५३ लाख रूपैंया सहित ४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ। पक्राउ पर्नेहरूमा रूपन्देहीको रोहिणी गाउँपालिका-५ का ५४ वर्षिय दुधनाथ योगी, सिद्धार्थनगर नगरपालिका-२ का ३७ वर्षिय गणेश थापा, बुटवल उपमहानगरपालिका-१६ का ४२ वर्षिय हेमराज कठरिया र सिद्धार्थनगर नगरपालिका-८ का ३८ वर्षिय राजु बुढाथोकी रहेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायब उपरीक्षक कुमोध ढुङ्गेलले बताए।


भनिन्छ, भारत 'कोशी उच्च बाँध'को लागि कम्मर कसेको छ । हो भने, यो संसार भरका प्राविधिक निष्कर्षहरूको आधारमा यहाँ व्यापक छलफलको बिषय हो । यस सवालमा के मधेशी दलहरूको मौनता वा निरपेक्षता जायज छ ? फोरम, राजपाहरूले बोल्नु पर्यो । **जेपी गुप्ता**


डा. केसीबारे ओली अडानको बचाउ गर्नेहरूले भोली परिवारमा विमारी हुँदा ऋण लिनुपर्ने, घरखेत बेच्नुपर्ने, भरपर्दो उपचार नपाउने आफैंले हो, नेताले होइन, भन्ने बुझ्न नितान्त जरूरी छ । शीर्ष र अन्य कयौं नेता त उपचारका लागि विदेश गैहाल्छन् । त्यसैले यो पार्टीको होइन, परिवारको हितको विषय हो । **रविन्द्र मिश्र**


भ्रष्टाचार र शोषण गरी सञ्चित धनको मनपरी लगानीका लागि कसैको ज्यान लिने अधिकार राज्यलाई छ ? समाजवाद उन्मुख राज्यले सबभन्दा पहिला काला धनको राष्ट्रियकरण गरेको उपयुक्त हुन्थ्यो । समस्याको जड नै त्यही हो । **सरिता गिरी**


निजामती सेवामा अहिले रहेको सेवा, समुह, उपसमूहको संक्रमणकालिन व्यवस्थापन गरेर आगामी भर्ना, सरूवा, बढुवा, वृद्धिविकाश के-के हो अब सव मिनिसटेरियरल डिपार्टमेन्टलाई जेसन प्रणालीमा आबद्ध गरेर अगाडी बढ्नु पर्छ ! ३० बर्षको जागिर ३० वटा भन्दा बढी निकायमा काम, अनि विज्ञता, दक्षता र गुणस्तर ? **कृष्णहरि पुस्कर**


जनजाति महासंघलगायतका जातीय संस्थाहरूको अधिवेशनमा कम्युनिष्ट र कांग्रेसको अघोषित कित्ताकाट गरेर पदाधिकारी चुन्छन् । भोट कम्युनिष्ट र कांग्रेसलाई हाल्ने, प्रदेशको नामचाँही पहिचानसहितको चाहिने । पोखरामा गएर 'राराताल खोई ? तू देखा' भनेर झगडा गरेजस्तै भो हाम्रो जनजाति आन्दोलन । **रन्जित तामाङ**


ज्यानमारा र वनमाराको सरकारले सुन तस्कर, यातायातको सिन्डिकेट संचालक, भ्रष्ट निर्माण व्यवसायीसँग हात र बात मिलाउने तथा सँगै भात खाने अनि उपकुलपति र डा. लाई थुन्ने । जग्गा दलाललाई मालामाल पार्ने बर्खामा विपद् व्यवस्थापनको नाममा राष्ट्रको ढुकुटी लुट्नेले नेपाललाई लोकतन्त्र र समृद्धिको पठमा डोऱ्याउन सक्दैनन् । **डा. सुरेन्द्रकुमार झा**


सबैले काम मात्र खोज्छन तर आजसम्म राजेन्द्र मिति एक्लै छौं, मैले केहि सहयोग गर्न सक्छु ? भन्न आएन । परेको बेलामा सहयोग गर्न म पनि चाहन्छु तर म हनुमान हैन । दिन र रात गरेर पनि साध्य छैन, जस त परै जाओस, बलेको आगो ताप्ने हाम्रो समाज । **राजेन्द्र सिंह राजपुत**


महिला सशक्तिकरण महिलालाई अगाडि बसाएर मात्र हुँदैन । महिला नेतृत्वमा आउन सक्नुपर्छ । आफ्नो अधिकारका लागि महिलाहरू आफै अगाडि उभिनुपर्छ । सबभन्दा ठुलो दोष भनेको आफ्नो घरको महिलालाई अगाडि आउन नदिने तर अरूको घरको महिला आओस भन्ने अपेक्षा राख्नु नै हो । **संजय यादव**

## गुञ्जन बहुभाषिक स्रष्टा पुरस्कार सिन्हालाई



काठमाडौं । वि.सं २०७४ को गुञ्जन प्रतिभा पुरस्कार र गुञ्जन बहुभाषी पुरस्कार वितरण तथा गुञ्जनको २१औं वार्षिकोत्सव तथा साधारणसभालाई सम्बोधन गर्दै कुलपति गंगा प्रसाद उप्रेतीले कृति प्रकाशन, रचना वाचनलगायत नियमित साहित्यिक गतिविधि गरेर गुञ्जनले नेपाली साहित्यको विकासमा विशेष योगदान दिएको विचार व्यक्त गरे । दुवै सम्मानित व्यक्तित्वको बारेमा डॉ.उप्रेतीले भने, 'कि गुञ्जनले महिला स्रष्टाहरूको सम्मान गरेर राम्रो काम गरेको छ । बहुभाषिक स्रष्टा वीणा सिन्हाको सम्बन्धमा भन्नुभयो उहाँले अन्तरराष्ट्रिय भाषा हिन्दीमा उत्कृष्ट पत्रिका निकाल्नुहुन्छ । यो एकदमै सराहनीय कार्य हो उनको यो कार्यको नेपाली समाजले स्वीकार गरेर मान्यता दिएको छ । यसैका कारण वीणा सिन्हाले यो सम्मान पाउनु भयो ।'

कार्यक्रममा नई प्रकानशनका अध्यक्ष इन्दिरा प्रसाईंले नेपाली नारी लेखनको इतिहास र वर्तमान अवस्था गौरवपूर्ण रहेको भन्दै गुञ्जनजस्ता संस्थाले संस्थागत प्रयासमा नेपाली महिला लेखकलाई थप प्रोत्साहन दिनुपर्ने बताइन् । इन्दिरा प्रसाईले सम्मानित रिता ताम्रकारलाई बधाई दिइन् र वीणाको सम्बन्धमा भनिन्- "उसको निरन्तर क्रियाशीलताका कारण हिन्दी पत्रिका 'द पब्लिक' ले निरन्तरता पाएको छ । वीणा एउटा संघर्षशील स्रष्टा हुन आफ्नो सँगसँगै अरूको अधिकार दिलाउनका लागि पनि संघर्ष गर्छिन् । उनलाई नेपालको झासीको रानी भन्न मिल्छ ।' यस्तो जुझारू र सक्रिय महिलाको साहित्यिक जगतमा आवश्यकता छ ।वरिष्ठ कथाकार माया ठकुरीले गुञ्जनले स्थापनाकाल देखि नेपाली साहित्यको विकासका लागि गर्दै आएका कामलाई थप प्रभावकारी बनाइने बताइन् । उनले सम्मानित स्रष्टाहरूको सम्बन्धमा आफ्नो मन्तव्य राखिन् । कार्यक्रममा यस वर्षको गुञ्जन प्रतिभा पुरस्कार २०७४ इटलीमा रहेर नेपाली साहित्य लेखनमा सक्रिय रिता ताम्राकार र गुञ्जन बहुभाषी स्रष्टा सम्मान पत्रकार वीणा सिन्हालाई प्रदान गरिएको थियो । यस अवसरमा गुञ्जनको अध्यक्ष र कार्यक्रमका सभापति हिरण्यकुमारी पाठक तथा उपाध्यक्ष भगीरथी श्रेष्ठले पनि सम्बोधन गरेका थिए ।

# नेपाल र भारतका अधिकारीहरूबाट परियोजना कार्यान्वयनको प्रतिबद्धता




काठमाडौं । नेपालको सामाजिक-आर्थिक विकासमा प्रत्यक्ष सरोकार राख्ने भारत सरकारको सहयोगमा सञ्चालित आयोजना निर्धारित समयमा पूरा गर्ने प्रतिबद्धता नेपाल र भारतका उच्च अधिकारीले गरेका छन् । बुधबार राजधानीमा सम्पन्न नेपाल-भारत अनुगमन संयन्त्रको छैटौं बैठकमा उनीहरूले विकासका परियोजना कार्यान्वयनमा आइपर्ने सबै समस्या शीघ्रातिशीघ्र समाधान गरी निर्धारित समयमा नै तिनलाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । परराष्ट्र सचिव शंकरदास बैरागी र नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीले सहअध्यक्षता गरेको उक्त बैठकमा द्विपक्षीय आर्थिक तथा विकास परियोजना कार्यान्वयन प्रगतिको समीक्षा भएको थियो ।

बैठकमा नेपालमा जारी नेपाल-भारत द्विपक्षीय परियोजनाको वर्तमान अवस्थाबारे छलफल हुनाका साथै सबै परियोजनालाई निर्धारित समयमै पूरा गर्न दुवै देशका सम्बन्धित निकायले आवश्यक सहयोग गर्दै सहजकर्ताको भूमिका निर्वाह गर्ने दृढता व्यक्त गरेका परराष्ट्र मन्त्रालयले जनाएको छ । उक्त मन्त्रालयका अनुसार परियोजना कार्यान्वयन गर्ने निकायले झेल्नुपरेका समस्या तत्काल सम्बन्धित निकायबाट सम्बोधन गर्न दुवै देश सहमत भएका छन् । नेपाल-भारत सहयोगका परियोजनामा अन्तरदेशीय रेल, एकीकृत जाँच चौकी, तराई सडक, अन्तरदेशीय प्रशारण लाइन, अरूण तेस्रोलगायत छन् ।

नेपाल र भारतबीच पारस्परिक सहयोगका सयौं परियोजनामा हस्ताक्षर हुने तर कार्यान्वयनमा भने सधैं सुस्तता आएपछि त्यसो हुन नदिन तथा जारी परियोजना निर्धारित समयमा पूरा गर्नेगरी सहजकर्ताको भूमिका निर्वाह गर्न दुई वर्षअघि नेपालका प्रधानमन्त्रीबाट भएको राजकीय भ्रमणका बेला अनुमगन संयन्त्र गठन भएको थियो । संयन्त्रको सातौं बैठक दुवै मुलुकका अधिकारीहरूको अनुकूलतामा हुनेछ ।

## भारतीय पर्यटकलाई नेपाल घुम्न भारतीय मन्त्रीको आग्रह

काठमाडौं । भारत उत्तर प्रदेशका मन्त्री र पूर्वमन्त्रीहरूले भारत र नेपाल दुई अलग देश भएपनि दुबै देशको भाषा, संस्कृति र मन एउटै भएको बताएका छन् । उनीहरू दुबै देशको विकास पनि मिलेर गर्नुपर्ने सुझाव दिएका छन् । नेपाल पर्यटन वोर्डको सहयोगमा पश्चिमाञ्चल होटल संघको आयोजनामा 'चलिए पोखरा' अभियान लिएर लखनउ पुगेका नेपालका पर्यटन व्यवसायीले गरेको कार्यक्रममा बोल्दै उनीहरूले कृषि र पर्यटनको माध्यमबाट समृद्धि हासिल गर्न सकिने भन्दै त्यसका लागि दुवै देशका जनता मिलेर अघि बढ्नुपर्नेमा जोड दिए ।

उनीहरूले नेपालका पोखरा, जनकपुर, लुम्विनी, काठमाडौंलगायतका स्थानहरू अत्यन्त रमणीय र सुन्दर रहेको बताउँदै त्यस्ता स्थानहरूमा भारतीय पर्यटक जानुपर्ने र नेपालीहरू पनि भारतका शहरमा आउनुपर्ने बताए । भारत उत्तर प्रदेश सरकारका पर्यटनमन्त्री बहुगुणा जोशीले नेपाल र भारत मिलेर दुवै देशको पर्यटन क्षेत्रको विकास गर्नुपर्नेमा जोड दिइन् । 'नेपाल र भारत भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सबै दृष्टिले एकै हो, भलै देश फरक छ,'उनले भनिन् । नेपाल र भारतको भाषा, संस्कृति, खानपान एउटै रहेको भन्दै उनले त्यसैले पनि मन एक रहेको बताइन ।

नेपाल र भारतमा रहेका पर्यटकीय स्थल अन्य देशमा नरहेको बताउँदै उनले भनिन्, 'थाइल्याण्ड, सिंगापुर, स्विजरल्याण्डलगायतका देशमा पर्यटनबाट समृद्धि सम्भव भएको छ । नेपाल र भारतमा पनि पर्यटनबाट समृद्धि सम्भव छ '।

## सीमामा परिचयपत्रको व्यवस्था गर्न ईपीजीको प्रस्ताव

काठमाडौं । प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले नेपाल-भारत खुला सीमा व्यवस्थित गर्न नागरिक परिचयपत्र जारी गर्नुपर्ने प्रस्ताव दुवै देशका सरकारलाई गरेको छ/ । ईपीजी बैठकमा भारतीय पक्षले सीमा क्षेत्रमा हुने आतंककारी गतिविधि, असुरक्षा, उग्रवाद, अवैध व्यापार र आउजाउ नियन्त्रण गर्न परिचयपत्र लागू गर्नुपर्ने प्रस्ताव राखेको थियो/ । सीमाका ७० भन्दा बढी चेक प्वाइन्टबाट आवतजावत गर्दा फोटोसहितको परिचयपत्र बोक्ने प्रणाली विकास गर्नुपर्नेमा भारतको जोड छ/ ।

ईपीजीका नेपालतर्फका संयोजक डा. भेखबहादुर थापा भने खुला सीमा व्यवस्थित गर्नकै लागि उक्त सुझाव दिइएको बताउँछन्/ । 'सामाजिक सद्भाव नबिग्रने गरी सुझाव दिइएको छ,' उनले भने/ । प्रतिवेदन सार्वजनिक भएपछि यो सुझाववबाट सबै सन्तुष्ट हुने उनको दाबी छ/ ।

## सहमति कार्यान्वयनलाई सरकारले अनुगमन गर्दै

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले प्रधानमन्त्री केपी ओलीको भारत र चीन भ्रमणका बेला भएका सहमति एवं सम्झौताको कार्यान्वयनलाई सरकारले निरन्तर अनुगमन गरिरहेको बताएका छन् ।

काठमाडौंमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आगामी सेप्टेम्बरभित्र भारतसँग भएका विकास निर्माण परियोजनाको प्रगति, समस्याको निकास तथा समझदारी कार्यान्वयनको अनुगमन सम्पन्न गर्न नेपाल र भारतका प्रधानमन्त्रीबीच सहमति भएअनुरूप परराष्ट्रमन्त्री तथा सचिवस्तरका बैठक शीघ्र हुने, बाढी नियन्त्रण, डुबान समस्या समाधान, रेल तथा जलयातायात सञ्चालनलगायत नेपाल र भारतका प्रधानमन्त्रीबाट एकअर्काका देशमा भएका भ्रमणका सबै समझदारीको कार्यान्वयनमा सरकार केन्द्रित रहेको बताए । त्यसैगरी चीन र नेपालबीच यातायात पारवहन सम्झौताको प्रोटोकललाई अन्तिमरूप दिन आगामी १५ दिनभित्र काठमाडौंमा चिनियाँ पक्षसँग वार्ता हुने जानकारी दिँदै मन्त्री ज्ञवालीले चीनसँगको छलफल सकारात्मक रहेको उल्लेख गरे ।

## जुटमिल पुन:सञ्चालन हुने

विराटनगर । विगत लामो समयदेखि बन्द विराटनगर जुटमिल पुन:आजदेखि सञ्चालनमा आउने भएको छ । मिल सञ्चालक समितिका अध्यक्ष वसन्त वनले सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । मिलको मर्मत र विद्युत् जडानसम्बन्धी कार्य सम्पन्न गरिएकाले मिल सञ्चालन गर्न लागिएको उनले बताए । मिल सञ्चालनका लागि ११ केभिए विद्युत् लाइन जडान सम्पन्न भएको र परीक्षणस्वरूप दैनिक छ टन जुटको सामग्री मिलबाट उत्पादन गर्ने लक्ष्य राखिएको अध्यक्ष वन बताउँछन् ।

मिल पूर्ण सञ्चालनमा आए दैनिक २० टन जुटको सामग्री उत्पादन हुनेछ । विसं १९९३ मा स्थापित सो मिल मुलुकको सबैभन्दा जेठो उद्योग हो ।

# आर्थिक समाचार

## एनसेलले गऱ्यो शुल्क समायोजन

काठमाडौं । एनसेल प्राईभेट लिमिटेडले आफ्ना सम्पूर्ण मूल्यमा नेपाल सरकारले दूरसञ्चार सेवा शुल्कमा हालै गरेको परिमार्जन अनुरूप नयाँ दूरसञ्चार सेवा शुल्क दर लागु हुने घोषणा गरेको छ । नयाँ करको दर कार्यान्वयन गर्ने क्रममा एनसेलले विभिन्न सेवाहरूमा लाग्दै आएको कर अघिको मूल्यमा कुनै परिवर्तन गरेको छैन । साथै डेटा तथा भ्वाइस सेवामा आफ्ना ग्राहकलाई सुलभ रूपमा थप मूल्य प्रदान गर्न कम्पनीले नयाँ योजना पनि सार्वजनिक गरेको छ । दूरसञ्चार सेवा शुल्कमा भएको परिमार्जन लागु गर्ने क्रममा कम्पनीले आफ्ना सम्पूर्ण सेवाको मूल्य कर बाहेकको दरमा ग्राहकलाई सुसूचित गर्ने र उक्त मुल्यमा श्रावण १ गते मंगलबारदेखि नयाँ सेवा शुल्क लागु हुने जनाएको छ । नेपाल सरकारले समसामयिक कर असुली ऐन अन्तर्गत गरेको आदेश तथा आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमा गरेको घोषणामा भ्वाइस तथा अन्य दुरसञ्चार सेवामा लाग्दै आएको ११ प्रतिशत दुरसञ्चार सेवा शुल्कलाई १३ प्रतिशत कायम गरिएको र इन्टरनेट सेवामा पनि १३ प्रतिशत सेवा शुल्क लगाइएको छ ।

साथै आफ्ना ग्राहकको सुविधाको लागि कम्पनीले यहि श्रावण १ देखि ९० दिनको लागि लागु हुने गरी ल्याएको नयाँ योजनामा एनसेलले आफ्ना ग्राहकलाई थप डेटा भल्युम सहितको विभिन्न नयाँ दैनिक, ३ दिने, साप्ताहिक र मासिक डेटा प्याकहरू ल्याएको छ । त्यस्तै भ्वाइस सेवामा थप टक टाईम प्रदान गर्दै कम्पनीले नयाँ दैनिक, ३ दिने, साप्ताहिक, मासिक, डे तथा डे अनलिमिटेड भ्वाईस प्याकहरू ल्याएको छ । ग्राहकले आफ्नो आवश्यकता अनुसार कुनै पनि प्याक सुचारू गरी थप लाभ लिन सक्नेछन् ।

## आइएमई जनरल इन्स्योरेन्स प्रिमियम संकलन गर्न सक्षम

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले आर्थिक वर्ष २०७४।०७५ मा कूल बीमा शुल्क रू.१ अरब ९२ लाख आर्जन गर्न सफल भएको छ । उच्च व्यवस्थापन तथा कर्मचारीहरूसँग शुभकामना आदान प्रदान गर्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले कम्पनीले आर्थिक वर्ष २०७४।०७५ मा एक अर्ब ९२ लाख बीमा शुल्क आर्जन गर्न सफल भएकोमा खुशी व्यक्त गरेका छन् । २०७५ आषाढ मसान्तसम्ममा कम्पनीको शाखा सञ्जाल ४२, कर्मचारी संख्या २३५ रहेको जानकारी दिँदै आगामी वर्षहरूमा नेपालको एक उत्कृष्ट निर्जीवन बीमा कम्पनीको रूपमा इन्स्योरेन्सलाई स्थापित गर्ने उद्देश्यका साथ कार्य गर्ने जानकारी दिए ।

**यस शुखद घडी कम्पनीको संचालक समिति, शेयरधनीहरू सहित कम्पनीमा अहोरात्र खटिएर कार्य गर्ने उच्च व्यवस्थापन, विभागीय प्रमुखहरू, शाखा प्रमुखहरू लगायत सम्पूर्ण कर्मचारीहरको मेहनतको साझा परिणाम हो भन्दै खुशीको यस अवसरमा सबैलाई धन्यवाद दिए । साथै सोही अवसरमा कम्पनीलाई माया गरी कम्पनीसंग व्यावसायिक सम्बन्ध राख्ने सम्पूर्ण ग्राहकहरूप्रति हृदयदेखि कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दै श्रेष्ठले आउने दिनहरूमा सबै ग्राहकहरूसँग अझै गहिरो व्यावसायिक सम्बन्ध स्थापना गर्दै गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।**

## नेपाल र भारतका स्रष्टा एकैठाउँ

काठमाडौं । २०५औं भानुजयन्तीको अवसर पारेर भारतका सिक्किम, दार्जिलिङ, सिलगुडी, मिरकलगायतका कविहरूबीच नेपाली वाङ्मय परिषद्ले राजधानीमा काव्यगोष्ठी गरेको छ । कार्यक्रममा सिक्किमका कवि विरू बङदेल, दार्जिलिङ, मिरिक तथा सिलगुडीबाट आएका कविहरू रञ्जित गुरूङ, महेन्द्र स्याङ्बो, मनोहर शर्मा, सुरज रोसरी र शरदकुमार क्षत्रीले कविता सुनाएका थिए भने सिलगुढीका कवि तथा समीक्षक सुकराज दियालीले 'पूर्वोत्तर भारतमा नेपाली कविताको स्थितिबारे' कार्यपत्र प्रस्तुत गरेका थिए । उनले पछिल्लो समय भारतीय नेपाली कवितामा नयाँ प्रयोग र प्रतिभाहरू भित्रिएको बताए । परिषदका अध्यक्ष शशी लुमुम्बूले परिषदले भारतका विभिन्न प्रान्तका नेपालीभाषी तथा गैरनेपाली भाषी स्रष्टाहरूलाई नेपाल आमन्त्रण गरी साहित्यिक आदानप्रदान कार्य गर्दै आइरहेको बताए ।

## वडाध्यक्षले रिले अनशन तोडे

महोत्तरी । जलेश्वर नगरपालिकाका पाँच जना वडाध्यक्षले विगत १९ दिनदेखिको रिले अनशन तोडेका छन् । विभिन्न ११ बुँदे माग राख्दै असार १७ गतेदेखि नगरपालिकाविरूद्ध रिले अनशन बसेका वडाध्यक्षहरूलाई प्रमुख जिल्ला अधिकारी उमेश ढकालसहित नेकपाका नेताहरू रामआधार कापर, रामदयाल मण्डल लगायतले बुधबार साँझ जुस खुवाएर अनशन तोडाएका हुन ।

जलेश्वर नगरपालिकामा भइरहेको अनियमितता, गैरकानूनी कार्य र भ्रष्टाचारमा नगरप्रमुख रामशंकर मिश्र, इन्जिनियर माधवेन्द्र चौधरीप्रति लक्षित हुँदै जलेश्वर नगरपालिका-२ का वडाध्यक्ष बरूण दाहाल, ६ का रवीन्द्र साह, ७ का रामछविला यादव, ८ का विजय सिंह र १० का वडाध्यक्ष विकाउ दासले नगरपालिका कार्यालय परिसरमै अनशन बस्दै आएकामा दुवै पक्षबीच सहमति भएपछि अनशन तोडिएको हो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जलेश्वर नगरपालिकामा सरूवा भएर पनि कार्यरत रहेका इन्जिनियर माधवेन्द्र चौधरीलाई तुरून्त सरूवा गरिएको ठाउँमा पठाउने, सब ओभरसियर मनोज साहलाई नगरपालिकामा हाजिर गराउने र बाँकी रहेका मागहरूको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले गम्भीरतापूर्वक सम्बन्धित निकायबाट सम्बोधन गर्न गराउन पहल गर्ने सहमति भएपछि वडाध्यक्षहरूले अनशन तोडेका छन् ।



## पोखरा-पटना सीधा हवाई यात्रा सञ्चालन गर्न सुझाव

काठमाडौं । पोखरेली पर्यटन व्यवसायीले भारतको बिहार तथा आसपासका पर्यटकलाई गर्मी छल्न पोखरा आउन निम्तो दिएका छन् । पश्चिमाञ्चल होटेल संघको आयोजना एवं नेपाल पर्यटन बोर्ड पोखराको प्रवर्द्धनमा शुरू 'चलिए पोखरा' अभियानसहित भारतको पटना पुगेको टोलीले पत्रकार भेटघाटमा गर्मी छल्नका लागि भारतीयको उपयुक्त गन्तव्य पोखरा हुने बताएको हो । नेपाल पर्यटन बोर्ड प्रदेश कार्यालय पोखराका प्रमुख सूर्य थपलियाले पोखरा सेप्टेम्बरदेखि फेब्रुअरीसम्म उपयुक्त समय भए पनि भारतीय पर्यटकका लागि वर्षात् पनि उपयुक्त हने धारणा राखे । टुरिज्म एशोशियशन बिहारका अध्यक्ष सञ्जय शर्माले पटनादेखि पोखरा सीधा हवाई यात्रा सञ्चालन गर्न सुझाव दिए ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं